# विश्वामित्र

(उपन्यास)

# विश्वामित्र

इन्दिरा प्रसाई

प्रकाशक : पिलग्रिम्स बुक हाउस
पोस्टबक्स नं. ३८७२, काठमाडौं (नेपाल)
टेलिफोन : ४२४९४३

विशेष धन्यवाद : 'कान्तिपुर' दैनिक

संस्करण : प्रथम, २०५५
प्रति : १,०००
मोल : रु. १००।–
कम्प्युटर : नइ प्रकाशन
मुद्रक : सूर्या प्रिन्ट प्रोसेस, नयाँ दिल्ली (भारत)

मेरी पूज्य आमा
दुर्गादेवी नेपालमा
समर्पित !

# प्रारम्भअघि

यो एउटा सामान्य घटनावर्णन हो; अर्थात् घटनाप्रधान कथा । वास्तवमा फेरि मेनकाको कथा दोहोरिँदै छ । मेनकाको कथा लेख्दैछु त्यसैले । अझ प्रस्टसँग भनूँ भने मेनकाको आत्महत्याको कथा हो यो । कथाक्रम असाध्य छोटो छ ।

मेनकाले आफूभन्दा झन्डै आधा उमेर बढी भएको अधबैंसे पुरुषसँग प्रेमविवाह गरेकी थिई– विश्वामित्रसित । विश्वामित्र कुमार थिएन । पहिले नै विश्वामित्रकी पत्नीका रूपमा सुमित्रा थिई र लगभग मेनकाकै उमेरकी छोरी ओजस्वी पनि । अझ ओजस्वीमुन्तिर दुई छोराहरू थिए । कुल योग मिलेर विश्वामित्रको पूर्ण परिवार निर्माण भएको थियो । कुनै संयोग थियो त्यो अथवा नियति, विश्वामित्र र मेनकाको भेट भयो कहीं । प्रेमको अरण्य निद्रामा डुबे दुवै । अन्तमा एक क्रमिक बन्धनमा समाहित भए यी दुवै प्रेमी ।

विश्वामित्रले केही ढाँटेको थिएन, परिचयका दिनहरूमै उसले आफ्नी पत्नी र सन्तानका बारेमा सबै कुरा मेनकालाई जाहेर गरिसकेको थियो । उसले त्यस बेला अरू यस्तै केही भनेको थियो, “स्वास्नीसँग प्रेम छैन, जीवन भारजस्तो लाग्छ, म एउटा निस्तो जीवन बाँचिरहेछु, उसले मलाई कहिल्यै बुझ्ने प्रयत्नसमेत गरिन” आदि इत्यादि । त्यसपछि मेनकाका मनमा आफ्नो वैवाहिक स्थितिप्रति पनि भावविव्हल प्रेम जगाउन सफल भएको थियो ऊ । जब प्रेम झाँगिँदै जान थालेको थियो, ती क्षणहरूमा विश्वामित्रले भनेको सम्झना छ मेनकालाई, “म

तिमीसँग विवाह गर्न पाइनँ भने मर्छु जस्तो लाग्छ मेनका !" विश्वामित्रका यस्ता कुरा सुनेर मेनका पनि डाँको छोडेर रोएकी थिई, कतिपटक ।

अब मेनका पनि विश्वामित्रको खप्पिस प्रेमका नौकामा चढेर समुद्र मन्थन गर्ने अभ्यास बनिसकेकी थिई । हुन पनि आर्थिक रूपले सम्पन्न विश्वामित्रका ती दिनहरूमा मेनकासँग प्रेमलीला रच्नबाहेक अर्थोक कुनै काम थिएन । विश्वामित्र बिहान सबेरैदेखि मेनकाका अर्चनामा हाजिर हुने गर्दथ्यो र राति अबेरसम्म उसको आराधनाका लागि तम्तयार रहन्थ्यो । रात निकै छिप्पिएपछि मात्र दुवै छुट्टिन्थे । बिहान उज्यालो हुने बेलासम्म विश्वामित्र र मेनकाले एउटै कोठामा सुत्न हुन्नथ्यो । यो कथित सामाजिक मर्यादा जोगाएर राख्ने क्रममा विश्वामित्र आफ्नो घर जाने गर्दथ्यो । मेनका पनि आफ्ना मातापिताकै घर जाने गर्दथी । कैयन्पटकका चुम्बनले पनि त्यस बिछोडका घडीलाई रमाइलो बनाउन सक्तैनथ्यो । यस्ता क्षणहरूमा कतिपटक मेनका र विश्वामित्र दुवै रोएका छन् ।

यस बिछोडको पीडा निवारण गर्ने उपाय एउटै थियो— विवाह-बन्धन । विवाहित विश्वामित्रलाई पुनर्विवाह गर्न पनि मुलुकी ऐनको अवरोध अगाडि थियो । उसलाई मेनकाले जेठी स्वास्नीसँग पारपाचुके गर्ने सल्लाह दिएकी भए पनि विश्वामित्रले प्रत्युत्तरमा भन्ने गर्थ्यो, "यसबाट केही फाइदा छैन, आखिर मेरो उससँग कुनै सम्बन्ध हुने छैन । अदालतका चक्करमा लाग्यौं भने एक-दुई वर्ष त्यसै बित्नेछ । नेपालका कानूनमा लोग्नेले स्वास्नीलाई सजिलै पारपाचुके दिन सक्ने व्यवस्था पनि छैन । त्यसैले मेनु ! हामी यस झैझन्झटमा नलागौं । सुमित्रालाई मेरो कुनै आवश्यकता छैन । उसले नालिस दिन नगएपछि कानूनले कुनै बिगार पनि गर्ने छैन ।"

त्यस बेला मेनका विश्वामित्रका ढाडसबाट निरुत्तर भएकी थिई । अन्ततः दुवै जना विवाह गर्ने निर्णयमा पुगे । विश्वामित्र र

मेनकाले विवाह गरे । विवाहका कार्यक्रममा दुवैका अत्यन्त नजिकका साथीभाइहरू मात्र निम्त्याइएका थिए, त्यस बेला त्यहाँ । मेनकाका मातापिताचाहिँ वैभवशाली विश्वामित्रलाई 'ज्वाइँ' तुल्याउँदा गर्वले रमाएका थिए । त्यसैले उनीहरूकै रेखदेखमा यो विवाह सम्पन्न भएको थियो ।

विवाह सम्पन्न भइसकेपछि विश्वामित्रले मेनकालाई एउटा भाडाको फ्ल्याटमा लगेर राख्यो । र, प्रथम सन्ध्यामै उसले मेनकालाई विश्वस्त तुल्याउँदै भनेको थियो, "मेनु ! म तिम्रा लागि चाँडै एउटा चिटिक्क परेको घर बनाइदिन्छु ।"

बिहा गरेको एक वर्षपछि मेनकाले रहरलाग्दो छोरो जन्माइदिई । विश्वामित्र छोरालाई हेरेर दङ्ग परेको थियो । मेनकाका लागि चाहिं यो छोरो उसका प्रेमको सुन्दर उपहार भएर देखापरेको थियो । ऊ हरपल छोरासँगै बस्थी र उसैका सेवाशुश्रूषामा लागिरहन्थी । विश्वामित्रले छोराको स्याहारका लागि धाईको व्यवस्था गरेको थियो । तर मेनका आफ्नै हातले छोराको स्याहार गर्न मन पराउँथी । मेनकाले विश्वामित्रसितको आफ्नो प्रेमको प्रतीकस्वरूप छोराको नाम पनि उनीहरू दुवैको नाम जोडेर 'मेनवि' राखेकी थिई ।

छोरो जन्मिनुअघिको कुरा हो । एक बिहान विश्वामित्र बाहिर निस्कने तयारीमा लागेको देखियो । यसबीच विश्वामित्र एक्लै कतै जाने गरेको थिएन । त्यसैले मेनकाले अप्रत्याशित रूपमा बाहिर निस्कन लागेको विश्वामित्रका अनुहारमा हेरिरही । "मेनु ! धेरै भयो केही काम हेरेको छैन । बसेर खान त कुवेरलाई पनि पुग्दैन; म त एक साधारण  मानिस ।"

मेनकाले लाडे भएर विश्वामित्रलाई आफूतिर तानी । ... त्यसपछि उसले नजानिंदो प्रकारले विरोध जनाएजस्तो अभिनय गरी । विश्वामित्रले मेनकाका ओठहरूलाई अर्को तृप्तिसम्म पर्खने छटपटीमा पुऱ्यायो ।

मेनका झन् आन्दोलित भई । तर आज विश्वामित्रलाई फुर्सत थिएन । उसले नाडीमा बाँधेको घडी नहेरी भित्तामा टाँगेको घडी मेनकालाई देखाउँदै भन्यो, “मेनु ! अबेर भयो, बरु म भरे छिट्टै आउँला ।”

मेनकाले त्यस दिन पहिलोचोटि वैवाहिक जीवनको एक टुक्रा वियोग अनुभव गर्नुपरेको थियो ।

छोराको शिशुअवस्थाभरि मेनका उसको बालक्रीडामै अलमलिइरही । त्यस बेला धेरैजसो ध्यान छोराकै स्याहारसुसारमा पुऱ्याउनुपर्ने भएकाले विश्वामित्रको सामान्य उपस्थिति पनि धौधौ पर्ने गर्थ्यो उसलाई ।

मेनवि हुर्कंदै गइरहेको थियो; अर्थात् ऊ धाईसँग खेल्न जाने भइसकेको थियो । आमाको काखभन्दा बाहिरी संसार नै रमाइलो हुँदै गइरहेको थियो मेनविलाई पनि । त्यसैले धेरैजसो काम गर्नेहरूसँगै खेल्न र डुल्न पल्किसकेको थियो ऊ ।

मेनवि जन्मेपछि विश्वामित्रले आफ्नो पूर्ववचनअनुसार मेनकालाई भव्य भवन बनाइदिएको थियो । उनीहरू त्यस भव्य भवनमा बसोबास गर्न थालेका पनि छ महिनाजति भएको थियो ।

मेनकाका मुटुभरि माया नै माया थियो । ऊ विश्वामित्रलाई अगाध प्रेम गर्थी, मेनवि उसको ढुकढुकी थियो । विश्वामित्रद्वारा नवनिर्मित भवनका सबै कोठाचोटाहरू मेनकाका लागि मन्दिरमय थिए । घरमा काम गर्ने सबै नोकरचाकर पनि प्रियपात्र थिए– उसका लागि ।

मेनविको जन्म भएर यस नयाँ घरमा प्रवेश गरेपछि झन्डै मेनकाकै उमेरकी विश्वामित्रकी जेठी स्वास्नीकी जेठी छोरी ओजस्वी एक दिन अप्रत्याशित रूपमा त्यस घरमा आएकी थिई । उसले बडो आत्मीयताका साथ मेनकासँग परिचय गरेर मेनविप्रति वात्सल्य बढाएकी थिई । ओजस्वीले त्यस बेला आफ्नो नाममात्र भनेकी थिई ।

मेनकालाई चाहिँ उसका बारेमा यसअघि नै थाहा भइसकेको थियो । पछिपछिका दिनहरूमा ओजस्वी पनि मेनविलाई खेलाउने उद्देश्यले आइरहने गर्थी । ओजस्वीको व्यवहार अत्यन्त शालीन र सुसंस्कृत थियो । एकै दौंतर मिल्ने भएका कारण पनि मेनका र ओजस्वी चाँडै घनिष्ठ भएका थिए । कुनै तेस्रो अपरिचित व्यक्तिले यी दुवैको वार्तालाप सुन्दा तिनीहरूको साइनो सौतेनी आमा र छोरीको भनेर पत्याउन मुस्किल पर्दथ्यो ।

उक्त भवनको केही भागमा निर्माणकार्य भइरहेको थियो । वास्तवमा विश्वामित्रले मेनकाको इच्छाअनुसारका कोठाचोटाहरू बन्न सकून् भनेर नै भवनको एक भागमात्र जसोतसो बनाएर उनीहरूलाई त्यहीं राख्न ल्याएको थियो । भाडाकै फ्ल्याटमा बसेर पनि यो भवन तयार गर्न सकिन्थ्यो तर मेनकालाई दिनदिनै त्यहाँ निर्देशन दिन असुविधा हुने कुरा सोचेर नै विश्वामित्रकै आग्रहमा उनीहरू त्यहाँ बस्न आएका थिए ।

मेनकाका साथीभाइहरू उसलाई भेट्न आएका बेला उसले आफ्नो निर्माण भइरहेको भवनका भविष्यका रूपबारे सविस्तार वर्णन गर्ने गर्थी । मेनकाका आमाबुबा पनि छोरीको घर हेर्न आएका थिए । त्यसै बेला पनि उसले अत्यन्तै हर्षित भएर आफ्ना भावी योजना, गृहसज्जाका वस्तुहरू, कुन कुन ठाउँमा कुनकुन वस्तु राख्ने बाहेक बगैंचा, फोहरा आदि इत्यादि आफ्ना खुशीका सारा पोकाहरू खोलेकी थिई ।

त्यस दिन मेनकाको वैभवसँग सन्तुष्ट भएर मातापिता फर्केका थिए ।

अचानक एक दिन एउटा खबर फैलियो, मेनकाले आत्मदाह गरी । मेनकालाई अस्पतालमा राखिएको छ । विश्वामित्रले मेनकालाई जोगाउन खोज्दा उसका हातहरू पनि नराम्ररी पोलिएका छन् र ऊ

पनि यस बेला अस्पतालमा उपचार गराइरहेको छ । मेनका बाँच्ने छैन; उसको सुन्दर देह सबै आगाको अर्धशिकार भएर कुरूप भइसकेको छ । ऊ अचेतावस्थामा छ । प्रहरीहरू उससँग अन्तिम बयान लिने कोशिशमा अथक प्रयत्न गर्दै मेनकालाई थप सास्ती दिइरहेका छन् । आदि इत्यादि ।

अन्ततः मेनकाको देहान्त भयो । उसको प्रयास सफल भयो ।

"होइन, मेनकाले आत्महत्या गरेकी होइन । यो हत्याको 'केश' हो । मेनकाले आत्महत्या गर्नुपर्ने कुनै कारण नै थिएन । यहाँ षड्यन्त्र भएको छ ।"

शहरभरि यसरी मेनकाका मृत्युको प्रसङ्ग हत्या र आत्महत्या भएर घुमिरह्यो । त्यसो त यस्ता घटनाहरूको अवधि र फ्लुको ज्वरोको अवधि उस्तै हुने गर्छ ।

अब अहिले सबैले यो घटना प्रायः बिर्सिसकेका छन् तर मैले भने यति सजिलै बिर्सन सक्ने अवस्था थिएन । किन मैले चाहिँ त्यस घटनालाई चटक्क बिर्सन नसकेको होला ! आफैंले आफैंसित सोध्ने प्रयास गरें । अहँ, कुनै हल निस्कन सकेको थिएन । मेनकाका मृत्युलाई कसैले हत्या र कसैले आत्महत्या ठहर गरे । आआफ्ना ठहरहरूमा अलमलिंदै गए कति मानिसहरू ।

सबैभन्दा महत्त्वपूर्ण कुरा कानूनका दृष्टिमा मेनकाले आत्महत्या नै गरेको ठहर भयो । जसले गर्दा मेनकाको मृत्युका कारणले कसैलाई दोषी ठहर गर्नु परेन । कोही दोषी भएन पनि । हुन त आत्महत्याका लागि पनि कोही न कोही दोषी अवश्य हुन्थ्यो । विनाकारण पागलबाहेक कसैले पनि आत्महत्या गर्दैन । मेनका पागल थिइन । उसले आत्महत्या गर्नुका पछाडि पनि कोही दोषी छ, जसले उसलाई आत्महत्याका लागि विवश तुल्यायो । त्यहाँ कुनै ठूलो कारण हुनुपर्छ । तर कानूनले त्यस्ता दोषी ठहर भएकालाई पनि कार्यवाही गर्दैन । बरु बाँचेकी भए

मेनकालाई सजाय गर्ने थियो । सोध्ने थियो मेनकासँग "किन आत्महत्या गर्ने प्रयास गरिस् ?" तर मेनकालाई आत्महत्या गराउने तत्त्वसँग कसैले सोध्ने छैन ।

"किन मेनकालाई आत्महत्या गराइस् ?"

म किन हरेकपटक मेनकालाई सम्झिरहन्छु ? उसको आत्महत्यालाई किन बिर्सन सक्तिनँ ? मैले यी प्रश्नहरू आफैंसँग गरें । मेरो अन्तरात्माले जवाफ दियो, 'मेनका तँ होस्, तँ मेनका होस्, आफैंले आफूलाई कसरी बिर्सन्छेस् ? प्रयत्न गरी हेर्, पागल हुन सक्छेस् तर बिर्सन सक्ने छैनस् ।'

त्यसपछि मैले साँच्ची नै मेनकाका बारेमा सम्झिहेरें । ऊ झलझली मेरो मनमस्तिष्कभरि छाइरही । अचम्म लाग्छ, मैले मेनकाको भौतिक शरीर कहिल्यै देखेको छैन । उसको छविसम्म देखेकी हुँ । तर यस बेला सम्झँदा मैले आफूभित्र ऊ मात्रै देखेकी छु । उसका हरेक गतिविधि, दिनचर्या सबै झलझली मेरा आँखामा आइरहेछन् । म मेनकाका बारेमा जन्मदेखि मृत्युसम्म सविस्तार नबिराईकन जस्ताको तस्तै भन्न सक्छु । तर ती सब कुरा किन चाहियो र ? म यस बेला उसले किन आत्महत्या गरी ! त्यही मात्र सम्झने कोशिश गर्छु ।

# प्रारम्भ

"मेनवि ! कहाँ गयो, बाबू !" मेनका छोरा खोज्दै कोठाबाट बाहिर निस्केकी थिई । बाहिर निर्माण भइरहेका बगैंचातिर ओजस्वीको औंला समातेर मेनवि हिंडिरहेको थियो । मेनकाका मनभित्र कसोकसो चिसो पस्यो, 'किन होला यतिबिघ्न असल ओजस्वीलाई भेटेपछि जहिले पनि मुटुभित्र भने गह्रौं ढुङ्गा बसेजस्तो हुने गर्छ !' मेनकालाई आफैंसँग नरमाइलो लागेर आयो । ऊ ओजस्वी र मेनविलाई हेरेर त्यहीं चुपचाप उभिइरही । ओजस्वीले मेनविलाई माया गर्थी, ऊ पनि खूबै पच्छ्याउँथ्यो ओजस्वीलाई ।

त्यसै बेला मेनविले बरन्डामा उभिइरहेकी मेनकालाई देखेछ, ऊ ओजस्वीको हात छोडेर मेनका भएतिर दौडयो । अब ओजस्वी पनि मेनविको पछिपछि दौडिरहेकी थिई ।

"मामु ! मामु ! मामु !"

मेनवि मेनकाका कुर्ताको फेर समातेर झुन्डियो । मेनकाले भावविभोर भएर छोरालाई जुरुक्क उचालेर छातीमा टाँसी; निकैबेरसम्म टाँसिरही । अनि मेनवि आफैं उकुसमुकुसिएर फेरि भुइँमा ओर्लन खोज्यो ।

"सानो मम्मी ! दर्शन !"

ओजस्वी नजिक आइसकेकी थिई । घिउरङ्गको भुइँ भएका कपडामा हलुका पहेंलो रङ्गको बुट्टा भएको कुर्ता र त्यस्तै सुरुवाल अनि त्यसैमा मेल खाने घिउरङ्गको सादा सल ओढेकी निक्खर गोरी

ओजस्वीको छोडिएको रातो मेहदीले रङ्गाइएको बाक्लो कपाल घामका टहकमा चम्किरहेको थियो । झ्याप्प बाक्ला परेलाले चौकीदारी गरिरहेका काला चम्किला आँखामा लुकेका चञ्चलपन घरीघरी देखापर्न पनि खोज्थे ।

मेनकाले एकैछिनमा धेरै कुरा हेर्न खोजी । आज ओजस्वी सधैंभन्दा सुन्दरीजस्तो लाग्यो मेनकालाई ।

मेनकाले पहिलो दिन भेटेकी ओजस्वीलाई सम्झन पुगी । त्यस बेला ऊ सुत्केरी थिई । मेनविको न्वारन भएको थिएन । एउटी नवयौवना केही डराएजस्ती, तर पूर्ण साहस बोकेकी पनि जस्ती र आशङ्का, डर र केही सङ्कोचसमेत अनुहारभरि लिएर अचानक मेनकाका शयनकक्षमा पसेकी थिई । आराम गरिरहेकी मेनका त्यस बेला अलमल्ल परेकी थिई । यसै केही भन्न नसकी ट्वाल्ल परेर नवयौवनालाई प्रश्नवाचक दृष्टि दिइरही ।

"म ओजस्वी, सानो मम्मी ! भाइ हेर्न आएकी ।" औपचारिक अभिवादन गरिसकेपछि ओजस्वीले भनेकी थिई । त्यस बखत मेनकालाई के भयो थाहा छैन । उसले एक शब्द पनि प्रत्युत्तर दिएकी थिइन । सामान्य शिष्टाचारका शब्द पनि उसलाई बोल्न आएन । त्यस दिन ओजस्वी पनि त्यत्तिकै उभिएर निदाइरहेको मेनविलाई टाढैबाट हेरेर सरक्क फर्केकी थिई । अहिले मेनका सम्झन खोज्छे, त्यस दिन ओजस्वीको कस्तो पहिरन थियो ? तर उसलाई सम्झना छैन । ओजस्वीको एउटा छायाजस्तो आउँछ उसका मस्तिष्कमा । र त्यस दिन ओजस्वी फर्केपछि पनि धेरैबेरसम्म उसलाई कहींकतै केही बिझेको जस्तो भएर एकतमासले गाह्रो भइरहेको थियो ।

त्यसपछि ओजस्वीको यस घरमा आउने क्रम क्रमश: बढ्दै जान लाग्यो । र, अब स्वाभाविक जस्तो भइसकेको छ ।

"दिदी, ओथु दिदी......"

मेनविका तोतेबोलीले वातावरण रमाइलो पार्न थाल्यो । बरन्डाका दुई सुरमा उभिएका ओजस्वी र मेनकालाई पालैपालो छुँदै मेनवि दौडिरहेको थियो । आमातिर आउँदा, 'मामु, मामु.... भन्दै कराउँथ्यो र ओजस्वीतिर जाँदा "ओथु दिदी दिदी !' भन्दै कराउँथ्यो । ओजस्वी हाँसिरहेकी थिई । हाँस्ता उसका गालाका दुवैपट्टि खोपिल्टा परेर उसको सुन्दरता झन् सुकसुकाउँदो भएर देखापर्थ्यो । कलकलाउँदी ओजस्वीलाई हेरेर मेनका खुशी नभई रहन सक्तिनथी ।

'साँच्चै, विश्वामित्रले कहिल्यै भनेन मेरी छोरी राम्री छे भनेर' मेनकाले मनमनै सोचेकी थिई ।

एक दिन ओजस्वीबाटै मेनकाले थाहा पाएकी थिई, ऊ उन्नाईस वर्षकी भइछे; पद्मकन्या क्याम्पसमा स्नातक पहिलो वर्षमा पढ्दिरहिछे ऊ । आदि इत्यादि । उसलाई पनि साना केटाकेटीहरू मन पर्दो रहेछ । पछचाउने त्यसैले ।

ओजस्वीबाट सबै छोटकरीमा जानकारी पाएपछि सबभन्दा पहिले मेनकाले आफ्नो र ओजस्वीको उमेरका फरक हेरेकी थिई । जम्मा दस वर्षको अन्तर रहेछ । मेनकाले हिसाब गर्दै गई, मेनकाभन्दा विश्वामित्र वीस वर्षले जेठो छ । यसरी हिसाब गर्दै जाँदा विश्वामित्र र ओजस्वीका उमेरमा तीस वर्षको फरक पर्छ । तर विश्वामित्रले आफूलाई कति फारु गरेर खर्चेको जस्तो, कसै गरे पनि ऊ ओजस्वीको बाबुजस्तो लाग्दै लाग्दैन ।

कति राम्री छे ओजस्वी ! स्वभाव पनि साह्रै राम्रो । ओजस्वीले मेनविलाई दिनको एकपटक मात्र भए पनि नहेरिहुँदैनथ्यो । मेनवि पनि ओजस्वीलाई भेटेपछि मेनकालाई खोज्दैनथ्यो ।

विश्वामित्र घरमा भएका बेला प्राय: ओजस्वी आउँदिनथी । एक-दुईपटक उसको र विश्वामित्रको अप्रत्याशित जम्काभेट भएको थियो । यस्तो बेला ओजस्वीका व्यवहारमा खास फरक पर्दैनथ्यो । तर

विश्वामित्रचाहिँ केही अन्यमनस्क हुने र ओजस्वीका उपस्थितिबाट झिजो अनुभव गर्थ्यो ।

विश्वामित्रको यस किसिमका व्यवहारबाट मेनका क्षुब्ध हुन्थी । जे भए पनि उसकी छोरी हो ओजस्वी । विश्वामित्रले यस्तो व्यवहार गर्नु हुँदैन । मेनकालाई त्यस क्षण सुन्दर विश्वामित्र कुरूपमा परिणत भएको अनुभव हुन्थ्यो ।

तर मेनकाले विश्वामित्रसित कुनै टिप्पणी गर्न सकेकी थिइन । एक त ओजस्वी बाबुको इच्छा बुझेर आफैं त्यहाँबाट फर्केकी हुन्थी र त्यसपछि विश्वामित्रले प्रसङ्गलाई अर्कै मोडमा पुऱ्याएर वातावरण सहज तुल्याउने कोशिश गर्थ्यो । त्यसपछि मेनका पनि अघिल्ला प्रकरणहरू बिर्सेर यथास्थानमा आइपुगेकी हुन्थी ।

"ओजस्वी ! जौं भित्र ।" मेनकाले मेनविसँग खेलिरहेकी ओजस्वीको नजिक पुगेर भनी । "सानो मम्मी ! म अब जान्छु, जाँच आइसक्यो, पढ्नुपर्ने छ ।" उसले मेनविसँग खेल्दै भनी ।

"एकैछिन हिंडन, मैले आज गाजरको हलुवा बनाएकी छु, खाएर जौन है !" मेनकाले आग्रहपूर्वक भनी । ओजस्वीले एकपटक मेनकाका अनुहारमा हेरी, शायद त्यहाँ स्नेहसिक्त स्वाभाविकता खोजेकी थिई, जुन उसले सजिलै पाई । त्यसपछि ती तीनै जना भित्र पसे । मेनकाको नवनिर्मित सुन्दर भान्साकक्षमै पुगे ती । सुन्दर रिकापीमा मेनकाले सुन्तले रङ्गको गाजरको हलुवा पस्की । एउटा मात्र रिकापीमा हलुवा पस्केको देखेर ओजस्वीले एकपटक "सानो मम्मी" भनी । "भरे उससँगै खान्छु, ओजस्वी" मेनकाले जवाफ दिई ।

हलुवाको रिकापी बोकेर मेनका अघिअघि लागी र मेनविलाई बोकेकी ओजस्वी उसका पछिपछि । ती तीनै जना मेनकाका शयनकक्षतिर लागे । ओजस्वी र मेनका सदा उसकै शयनकक्षमा बस्ने गर्थे । बिछ्यौनामा ढल्केर कुरा गर्ने बानी थियो मेनकाको । ऊ

ओजस्वीलाई पनि आफ्नो बिछ्यौनामै राख्ने गर्छे । शुरुशुरुमा जब औपचारिक जस्तो भएर ओजस्वी आएकी थिई, त्यस बेला एक-दुईपटक उनीहरू बैठकमा बसेका थिए । तर बैठकबाट कहिलेदेखि शयनकक्षमा उनीहरू प्रवेश गर्न थाले मेनकालाई त्यसको खास तिथिमिति केही सम्झना छैन ।

आज पनि मेनविलाई बोकेकी ओजस्वी र मेनका उसकै शयनकक्षमा आइपुगे । बिछ्यौनामा बसिसकेपछि मेनकाले ओजस्वीलाई रिकापी दिई । मेनवि पनि बिछ्यौनामा बसिसकेको थियो । ओजस्वीले हलुवा खान खोजेकी थिई । मेनवि रिकापीतिर हेर्दै "म पनि खान्छु" भन्न लाग्यो । तर मेनकाले चम्चा ल्याउन बिर्सेकी रैछे । त्यसैले त्यहीं भएको साइड टेबुलमा रिकापी राखेर ओजस्वी भान्साकक्षतिर चम्चा लिन गई । ओजस्वी चम्चा लिन गएपछि मेनकालाई 'आफू किन हुस्सू भएकी होला चम्चा राख्न किन बिर्सेकी होला' जस्तो लाग्यो ।

ओजस्वी चम्चा लिएर तुरुन्त आई । रिकापी हातमा समातेर चम्चाले आधी चम्चा हलुवा निकाली र मेनविका मुखतिर लगी । "होइन, तिमी खाऊ ओजस्वी, यसले गाजरको हलुवा खाँदैन, मैले भोजहरूमा कतिपटक खुवाएकी छु, जम्मै थुकिदिन्छ" मेनकाले भनी । "नाईं, म खान्छु, ओथु दिदी, म खान्छु" मेनविले जिद्दी गऱ्यो ।

"ल म बाबुलाई अर्को दिन्छु है त", मेनका उठ्न खोजी ।

"होइन सानो मम्मी, यसैबाट म भाइलाई खुवाएर खान्छु ।" ओजस्वीले हत्तपत्त अघि नै आफूले चम्चामा ठिक्क पारेको हलुवा मेनविका मुखमा हाल्दिई । मेनविले टाउको हल्लाईहल्लाई त्यो मुखको हलुवा तुरुन्त खाएर फेरि मुख आँ गरेर ओजस्वीतिर फर्कियो । मेनकाले छक्क परेर ओजस्वीका मुखतिर ताकिरही । ओजस्वी खुशीले मक्ख परेकी थिई । मेनविले रिकापीको आधाभन्दा धेरै हलुवा खपाखप

खाइसकेको थियो । मेनकाचाहिँ मेनविले हलुवा खाएको देखेर अकमक्क परिरहेकी थिई । रिकापीमा मुस्किलले दुई चम्चा हलुवा बाँकी भएपछि मेनविले खान्नँ भनेर टाउको हल्लायो । त्यो उब्रेको हलुवा ओजस्वीले खपाखप खाई ।

"कस्तो मीठो रहेछ सानो मम्मी, हजुरलाई थाहा छ ? मलाई यो गाजरको हलुवा असाध्यै मीठो लाग्छ । पहिले पहिले मम्मीले कत्ति बनाउनुहुन्थ्यो । आजकल त...... । आज धेरै दिनपछि खाएको मैले । कत्ति मीठो पार्नुभएको !" ओजस्वीले भनी । मेनकाले केहीबेर ओजस्वीका अनुहारमा हेरिरही ।

"हो, ख्वै सबै हलुवा मेनविले खायो, म तिमीलाई अरू दिन्छु" मेनका बिछ्यौनाबाट उठ्न खोजी ।

"नाइँ, सानो मम्मी म भरे आउँछु, अहिले ढिला पनि भैसक्यो, केही पढेको छैन । फेरि यो हलुवा मलाई चिसो भएपछि अऊ मीठो लाग्छ" आफ्ना वाक्यहरू पूरा गर्दानगर्दा ओजस्वी बिछ्यौनाबाट उठी र मेनविका गालामा चुम्मा खाएर ढोकातिर लागी ।

मेनका ओजस्वी गएपछि पनि उसैलाई सम्झेर बसिरही । मेनविलाई निद्रा लागेझैं गर्‍यो । मेनकाले मेनविलाई आफूसँगै टाँसेर ढाड मुसारिरही । केहीबेरमै निदायो ऊ । मेनवि निदाइसकेपछि उसले घडीमा आँखा पुर्‍याई, दिउँसोको दुई बज्न लागेको रहेछ ।

मेनविलाई सिरक ओढाएर ऊ बिस्तारै बिछ्यौनाबाट ओर्लिई । नजिकैको ड्रेसिङ टेबुलमा पुगी । आफूलाई सर्वाङ्ग निहारी । विश्वामित्र आउने बेला भइसकेको थियो । उसले घडीमा पुनः आँखा पुर्‍याई ।

"तिमी दिनभरि पनि आउँदैनौ, मलाई भुजा खान पनि मन लाग्दैन, एक्लै ।" बिहान खाजा खाएका बेला मेनकाले विश्वामित्रसँग चित्त दुखाएकी थिई ।

"त्यसो नभन प्यारी, बेलुकी हामी सँगै भुजा खाउँला । दिउँसो तिमीलाई मेरो प्रतिनिधि छोडेको छु ।" विश्वामित्रले मेनविलाई देखाउँदै भन्यो । "नाइँ, कहिलेकाहीँ त आउने गर । आज आऊ सँगै भुजा खाने, ल !" मेनकाले प्रेमपूर्ण अनुनय गरेकी थिई ।

"आज म भुजा खाने बेलामा दुइटा ठूलाठूला पार्टीहरूसँग महत्त्वपूर्ण सम्झौताका लागि छलफल गरिरहेको हुन्छु । बरु म तिमीसँग दुई बजेतिर भेट्न आउँछु । सँगै बसेर केही खाउँला । तर तिमीले एउटा वचन दिनुपर्छ, भुजा राम्ररी खानुपर्छ । मसँगै बसेर खाएको सम्झनुपर्छ, हुन्छ !"

विश्वामित्र आफ्नो कुर्सीबाट उठिसकेर मेनकाको नजिक पुगिसकेको थियो । मेनकाका टाउकालाई आफ्नो छातीमा टाँसेर उसले मेनकाका ओठमा आफ्नो ओठ जोड्यो । त्यसै बेला मेनवि आइपुग्यो 'पापा पापा, म पनि जान्छु ।'

विश्वामित्रले मेनकालाई छोडेर मेनविलाई बोक्यो । "बाबू, बस्छ । हामी भोलि प...र प...र जाने, आज राजा पापालाई बाइ बाइ गर्छ ।" मेनवि नाइँ नाइँ गर्दै थियो । विश्वामित्रले मेनविलाई मेनकाका काखमा राखिदियो । मेनकाले उसलाई खेलाउने बहानामा अलमल्याई । त्यसपछि विश्वामित्र घडी हेर्दै मेनकासँग बिदा भएको थियो । केहीबेर छोरो अलमल्याएर गीताको जिम्मा लगाएपछि मेनकाले गाजरको हलुवा बनाउने निधो गरेकी थिई त्यस बेला ।

"आज विश्वामित्रलाई छक्क पार्छु, उसलाई साह्रै मीठो लाग्छ, ।" मेनवि जन्मनुअघि उसले कतिपटक बनाएर ख्वाएकी थिई । मेनवि जन्मेपछि पटक पटक सोचेर पनि बनाउन सकेकी थिइन । मेनकाको अन्य व्यस्तता देखेरै होला विश्वामित्रले पनि आजकल गाजरको हलुवा सम्झेको थिएन ।

"तर आज म बनाउँछु, ऊ दिउँसो आउँदा छक्क पर्नेछ । उसले सोचेको पनि छैन ।"

मेनकाले त्यसपछि आफ्नो अह्रौटे उमेशलाई तुरुन्त पसल पठाएर गाजर र खुवा मगाई; घिउ, चिनी, दूध घरमै थियो ।

त्यसपछि ऊ केही व्यस्त भई । उसलाई भुजा खाएका बेला पनि एक्लोपन महसुस भएन । उसको ध्यान गाजरका हलुवामा केन्द्रित भएका कारणले होला शायद तरकारीको स्वाद र अन्य कुनै अनुभव पनि भएन उसलाई ।

ओजस्वी आउनुभन्दा केही अघि मात्र उसले गाजरको हलुवा पकाइसकेकी थिई ।

'ओहो ! अबेर भो, उसले आउनेबित्तिकै फेरि फर्कने हतार मच्चाउने होला । कतिबेरका लागि आउने हो कुन्नि !'

अमिलो निःश्वास छोडी फेरि एकपटक उसले । अनुहारमा मेकअप थपी, 'विश्वामित्रलाई सारी लगाएको औधी मन पर्छ । उसले गुलाफी रङ्गको सारी र मेल खाने पेटीकोट, चोलो लगाई । सुन्तले रङ्गको लिपिस्टिक लगाई । यो सुन्तले रङ्गको लिपिस्टिक उसले विश्वामित्रसँग भेट गर्नुअघि कहिल्यै लगाएकी थिइन । विश्वामित्रसँग भर्खरै प्रेमप्रसङ्ग चलेको बेला थियो त्यस बेला । त्यस दिन उनीहरू रानीवन घुम्न गएका थिए । अचानक विश्वामित्रले आफ्नो खल्तीबाट लिपिस्टिक झिक्यो । यो लिपिस्टिक उसले आफ्नै हातले मेनकाका ओठमा लगाइदिएको थियो । त्यो एकान्त वनमा यसरी विश्वामित्रका हातले मेनकाका ओठमा लिपिस्टिक लगाइँदा मेनकाको सारा शरीरमा बिजुलीको करेन्ट दौडिएजस्तो महसुस भएको थियो । मेकअपको सानो ऐना उसका हाते झोलाबाट झिकेर विश्वामित्रले मेनकालाई देखाइदिएको थियो । "अहो ! कस्तो खुलेको" ऊ यस्ती अपूर्व सुन्दरी उसैलाई यसअघि कहिल्यै लागेकी थिइन । उसले विश्वामित्रका अनुहारमा हेर्नै सकिन । उसलाई लाज र सङ्कोचले एकसाथ ढाकेर ल्यायो । मनतरङ्ग नै कहीं उडिरहेजस्तो भइरहेको थियो । त्यसपछि विश्वामित्रले उसलाई सृष्टिको सुन्दरतम

क्षणमा पुऱ्याएको थियो । त्यस सुन्दर वनको त्यो पल नै मेनकाका जीवनको पहिलो पुरुष-संसर्ग थियो ।

सुन्तले लिपिस्टिक आफ्ना ओठमा देखेर मेनकालाई आफैंसँग कसोकसो अप्ठचारो लागेर आयो । शरीरमा पनि रक्तसञ्चार छिटोछिटो प्रवाहित भएजस्तो भइरह्यो ।

एकपटक सर्वाङ्ग आफूलाई ड्रेसिङ ऐनामा नियालेर हेरी, 'अहँ, कहीं त्रुटि छैन' ऊ ढुक्क भई ।

मेनवि निदाइरहेको थियो । ऊ भान्साकोठामा गई । त्यसपछि हलुवा कराहीबाट स्टीलका भाँडामा खन्याई । त्यो लिएर डाइनिङ कक्षको डाइनिङ टेबुलमा राखी । दुइटा रिकापी झिकेर राखी । टेबुलकुर्सी सबै ठीक, सबै सफा । अब ऊ मूल ढोकाबाट बाहिर निस्की । आँखाले देखिएसम्म सडकमा दृष्टि पुऱ्याई । विश्वामित्र आएको थिएन । बाहिरको घाम न्यानो थियो । उसलाई बगैंचासम्म टहलिन मन लाग्यो । धेरैजसो फूलहरू कोपिलै थिए । उसलाई ती पनि सुन्दर लागे । अब केही दिनमा यी फुल्नेछन्, उसले अनुमान गरी । 'विश्वामित्रलाई क्याक्टस मन पर्छ' तर मेनकालाई किन किन रुचि छैन क्याक्टसप्रति । विश्वामित्रका रुचिमा पर्ने भएकाले उसले मालीलाई जातजातका क्याक्टस पनि रोप्ने आदेश दिएकी थिई । ती क्याक्टस पनि अब सप्रन लागेछन् ।

मेनकाका आँखा कम्पाउन्डका मूल ढोकामा पुग्यो । सडकको पल्ला छेउसम्म पुग्यो । उसले घडी हेर्न खोजी । 'ए ! लगाउनै बिर्सेछु ।'

ऊ बैठककोठामा पुगी । घडीमा आँखा पुऱ्याई, तीन बजिसकेछ । 'ऊ आएन, आउँदै होला' मेनकालाई थकाइ लागेजस्तो भयो । बैठकका कौचमा थ्याच्च बसी । केहीबेर बसी । ऋट्ट छोराको सम्झना भयो । सुत्ने कोठामा पुगी । ऊ अझै निदाइरहेको थियो । छोराको नजिक पुगी । बिछ्यौनामा बसेर उसका अनुहारमा हेरिरही, ऊ निद्रैमा रुन

लाग्यो । मेनकाले हातले बिस्तारै थुमथुम्याएर उसको साथ भएको जनाई । ऊ पुन: मस्त निदायो ।

मेनकालाई बिछ्यौनामा ढल्कन मन लाग्यो । ऊ ढल्की । मनमा केके कुराहरू सोचिरही । तर कुनै खास कुरामा मन गएन । एकपटक मूल गेट खोलेको जस्तो आवाज आयो । ऊ जुरुक्क उठेर मूल द्वारमा पुगी । तर पल्ला घरको रहेछ । अहिले चाहिँ उसलाई कस्तोकस्तो नमज्जा जस्तो लागेर आयो । ऊ पुन: शयनकक्षमै फर्केर आई । अब उसलाई आँखामा निद्रा आएजस्तै लाग्यो । एकमन टेलिभिजन खोलेर हेरूँहेरूँ पनि लाग्यो । तर टेलिभिजन खोलेपछि बाहिरको आवाज राम्ररी सुनिँदैन । ऊ बिछ्यौनामा ढल्किई । आँखा चिम्लिई । तर निद्रा लागेको थिएन । तैपनि बेमन आँखा चिम्लिरही ।

फोनको घण्टी बज्यो, फोन बैठककोठामा मात्र थियो । मेनविको निद्रा बिग्रन्छ भनेर शयनकक्षमा फोनको लाइन जोडेको थिएन । ऊ हतारहतार बैठककोठामा पुगी ।

"मेनु ! अहिले आउन सकिनँ, भरे छिट्टै आउँछु । प्लिज प्यारी, मिटिङ सकिएको छैन । तिमी खाजा खाऊ ल ।"

विश्वामित्रको आवाज सुनिरही उसले एकैछिन । केही बोलिन । उताबाट तीन-चारपटक विश्वामित्रले बोलाएपछि उसले 'हवस्' भनेर लाइन काटी ।

ऊ सुत्ने कोठामा पुगी । भित्ते घडीमा आँखा पऱ्यो, पाँच बजिसकेको रहेछ । छोरो अझै निद्रैमा थियो ।

ऊ ड्रेसिङ टेबुलमा पुगी । सुन्तले रङको लिपिस्टिक केही फिक्का भइसकेछ । उसलाई थप्न मन लागेन । बरु टिस्यू पेपरले त्यो लिपिस्टिक पुछी । सारी खोलेर नाइट गाउन लगाई । शरीर भारी थियो । मन एकतमासको थियो । बिछ्यौनामा गएर छोरासँग सुती । जाडोजाडो लागेर आयो । सिरक तानेर ओढी ।

“दुल्हैसाब ! त्यो हलुवा फ्रिजमा राखिदिऊँ ?” उमेशले सुत्ने कोठाका ढोकाबाट सोधेको थियो । कोठामा नाइट बल्बको उज्यालो थियो । उसले घडी हेरी, आठ बजिसकेको थियो । झ्यालबाहिर हेरी, अँध्यारो भइसकेको रहेछ, ‘ओहो ! कस्तो निदाएँछु’ छोरो कुन बेला उठेछ, उसले थाहा पाइन । “सानुराजा खोई ?”

“गीता दिदीसँग खेल्दै होइसिन्छ ।”

बैठककोठाबाट गीता र मेनविको आवाज आइरहेको थियो ।

“दुल्हैसाब ! त्यो हलुवा.... !”.....

उमेशले आफ्नो प्रश्न दोहोऱ्यायो ।

“हुन्छ, फ्रिजमा राखिदे ।”

“दुल्हैसाब ! उमा दिदी आउनुभएको थियो । हजुरले तेल मालिस गर्न बोलाइस्सेको थियो रे, धेरैबेर पर्खेर जानुभयो । भोलि दिउँसो आउने रे ।”

“ल, ल ।”

उमेश गएपछि मेनकाचाहिँ बिछ्यौनामै पल्टिरही । ‘कस्तो आलस्य भएको, टाउको पनि भारी भएको, जीउ पनि तातेर ज्वरो आउला जस्तो के भा’को होला, पैताला के विधि पोलेको !’ उसले सिरकबाट खुट्टा बाहिर निकाली । के के सोचेर ऊ त्यत्तिकै लमतन्न परिरही ।

“दुल्हैसाब भुजा...”

“ठूलोराजासँगै खाने ।”

उमेश फर्क्यो । आज मेनविलाई गीताले नै भुजा खुवाएर ल्याई । उसलाई बिछ्यौना छोड्न मन लागेकै थिएन । त्यसो भनेर निद्रा लागेको पनि होइन तर जाँगर पटक्कै थिएन । दश बजेतिर मेनवि सुत्यो ।

उसले गीता र उमेशलाई पनि भुजा खाने अनुमति दिई । उमेशले खाएन । गीता खाएर सुत्न गई । उमेश स्कूले केटो, किताब लिएर पढिरह्‍यो । यो केटो साह्रै मिहिनेती छ । पढ्नमा पनि राम्रो छ । अँध्यारो अनुहार पनि लगाउँदैन । गाली गरे पनि जवाफ फर्काउँदैन । हात पनि मीठो छ । खाने कुरा स्वादिलो पार्छ । गीता आइमाई भएर पनि मीठो पकाउँदिन ।

झन्नै बाह्र बजेको थियो होला, विश्वामित्रका गाडीको आवाज सुनियो । चौकीदारले गेट खोलेको सुनियो । मेनका निदाएकी थिइन तर निदाएको अभिनय गरेर सुतिरही । विश्वामित्र आयो । जुत्ता खोलेपछि ऊ कोठामा पस्यो । "मेनु ! मेनु....." उसले बिस्तारै मेनकालाई बोलायो । मेनका निदाएझैं गरी चुपचाप सुतिरही । त्यसपछि विश्वामित्र बाथरूम पस्यो । र नाइट ड्रेस फेरेर बिछ्यौनामा ढल्कियो । उमेशले खाना तयार गरेर बोलाउन आउँदा विश्वामित्र निदाइसकेको थियो । तर मेनका निदाएकी थिइन ।

"दुल्हैसाब खाना..." उमेशले भन्यो ।

"भैगो तँ खा, मलाई आज सन्चो छैन ।" मेनका जुरुक्क उठी र बाथरूम पसी । ऊ बाथरूमबाट निस्कँदा विश्वामित्र मस्त निद्रामा घुर्दै थियो । उसले विश्वामित्रलाई राम्ररी सिरक ओढाइदिई । त्यस बेला उसको नाकसम्म व्हिस्कीको गन्ध आइपुग्यो । मेनकालाई झन् नरमाइलो लागेर आयो ।

उसले बिहान भुजा खाएपछि केही खाएकी थिइन, पेट खाली थियो तर मुखमा भने केही खाने रुचि थिएन । आज उसलाई भोकै सुत्न मन लाग्यो । भित्रैदेखि मन दुखेर 'रूँ रूँ' जस्तो पनि भइरह्‍यो । त्यस रात ऊ भोकै सुती । साह्रै नीरस अनुभव गरी उसले त्यस दिन । जीवनमा यसरी बिताउनु परेको यो पहिलो रात थियो ।

# दुई

आफ्नो शरीरमा सगबगाएका हातको कारण मेनका बिउँझेकी थिई । विश्वामित्र मेनकासित लेपासिएको थियो र उसका हातचाहिँ मेनकाकै शरीरभरि छरिँदै थिए । विश्वामित्रका शरीरको तातो क्रमश: मेनकाका शरीरमा चढ्दै थियो । आनन्दको पर्खाल उक्लिन लागेकी मेनकालाई झट्ट हिजो रातिको सम्झना भएर आयो । गाजरको हलुवा, सुन्तले लिपिस्टिक, दिनभरिको प्रतीक्षा, भोको पेट सबै एकएक गरेर झट्ट आइरहे त्यहाँ । मेनकाको शरीर चिस्सिएर शिथिल भयो । मेनकाले विश्वामित्रका यन्त्रवत् हात आफ्ना हातले सरक्क पन्छाई । “किन मेनु, किन र !” विश्वामित्रले पूर्वक्रिया दोहोऱ्याउन खोज्यो । मेनका विश्वामित्रबाट अलि पर सरी, विश्वामित्र मेनकाको झन् नजिक गयो । आतुर भएको विश्वामित्रले मेनकालाई झन् कसेर अँगालामा तान्यो । मेनका छटपटाई । उसलाई यो आलिङ्गन पटक्क प्रिय भइरहेको थिएन । ऊ एकतमास भइरही । आज त्यसैत्यसै उसबाट मुक्त हुन छटपटाइरही । बलपूर्वक अलग्गिन प्रयत्न गरी । कुन्नि किन विश्वामित्रले पनि बन्धन खुकुलो पारिदिएको थियो त्यस बेला । त्यसपछि ऊ निस्की र अलि पर सरी । अब विश्वामित्रको हात मेनकाका गालामा पुगेर चल्न थाल्यो । ‘मेरी मेनु ! मबाट के अपराध भयो, किन तिमी परपर हुँदैछचौं आज !’

ऊ प्रारम्भदेखि विश्रान्तिसम्मका सबै प्रेमलीलाका लागि खप्पिस छँदै थियो । आखिर कतिबेरदेखि धुम्मिएकी मेनका नबर्सी रहनै सकिन ।

उसले हिजो बिहानदेखि बेलुकीसम्मका सबै आफ्ना मनोकाङ्क्षाहरू विश्वामित्रलाई जाहेर गर्न खोजी । विश्वामित्रले कति बुझ्यो कति बुझेन र कति बुझ्न खोज्यो कति बुझ्नै खोजेन । यस बेला विश्वामित्रको उद्देश्य जसरी भए पनि मेनकामा पुन: एउटा उत्साहको लहर सञ्चार गराउनु थियो । र त्यस लहरमा आफूलाई हेल्दैहेल्दै लैजान चाहन्थ्यो ऊ । त्यसैले यस बेला मेनकालाई गर्नुपर्ने सबै फर्मुलाहरू पूरा गर्दै गयो विश्वामित्रले ।

"मेरी प्यारी ! तिमी भन्छचौ भने म भोलिदेखि कहीं जान्नँ । मेरा लागि तिमीभन्दा महत्त्वपूर्ण अरू केही छैन । मसँग जेजति जगेडा सम्पत्ति छ, तिमी र मलाई दु:खसुख जीवनभर एकआपसमा हेराहेर गरेर भए पनि बसीबसी खान पुग्छ, प्यारी । मलाई थाहा छ, तिमीलाई म भए पुग्छ र मलाई पनि तिमी । तर हाम्रो फूल मेनवि ! म उसलाई राजकुमारजस्तो जीवन दिन चाहन्छु । उसलाई कहिल्यै कुनै कुराको कमी नहोस् । ऊ मेरी मेनकाको छोरो हो । ऊ हाम्रो छोरो हो । तिमी जे भन्छचौ म त्यही गर्छु । सधैं तिम्रो छातीमा टाँसिएर बसूँ वा आँखामा । तर नरिसाऊ तिमी त्यसरी । तिम्रो आँसुको भेल म हेर्न सक्तिनँ । हेर त मेरो धड्कन पनि रोकिन खोजिरहेछ ।"

विश्वामित्र भावविव्हल भएर पोखिंदै गएपछि प्रकटित आर्द्र स्वरले मेनकाको आँसु पनि सुक्तै गइरहेको थियो । त्यसपछि मेनका आफैं विश्वामित्रसँग टाँसिन पुगी । विश्वामित्रका हातलाई आफ्ना शरीरतिर पुऱ्याएर ऊ पनि विश्वामित्रसँग खेल्न थाली । "भयो मेनु ! आज भयो, केही रमाइला कुरा गरौं" विश्वामित्रले भन्यो । "नाइँ हुन्न" मेनकाले भनी । "म बाथरूम गएर आउँछु ।" ऊ उठी ।

त्यसपछिको समय मेनकालाई सारै रमाइलो लाग्यो । अब हिजोको कुनै तुस पनि बाँकी थिएन मेनकाका मन-तरङ्गमा । उसको भोकप्यास सबै सबै तृप्त भएको थियो । "मेरो राजा ! मलाई सधैं

यस्तै खुशी देऊ” मेनकाले विश्वामित्रलाई भनी । “मेरो सर्वस्व तिम्रा लागि मेरी रानी” विश्वामित्रले भन्यो ।

त्यस दिन बिहान विश्वामित्र कहीं गएन । दुवै अबेरसम्म शयनकक्षमै थिए । मेनविलाई गीताले लिएर गई । मेनकालाई आफ्नो विश्वामित्र सदाभन्दा झनै सुन्दर लाग्यो । उनीहरूबीच केहीबेर प्रेमका, केहीबेर बन्दव्यापारका, केहीबेर गृहसज्जाका र नयाँ मोडेलको गाडी किन्ने कुरालगायत मेनकाका लागि थप गहना बनाउने र एक दिन भारी सपिङ जाने कुराहरू भए । त्यो बिहान साँच्चै रमाइलो बित्यो । दुवैले नित्यकर्म सके ।

बिहानको खाना पनि दुवैले सँगै खाए । मेनकालाई आजको तरकारी विशेष स्वादिलो लाग्यो । र, खाना खाइसकेपछि मेनकाले गाजरको हलुवा रिकापीमा ल्याई । विश्वामित्र रमायो । “हिजो दिउँसोका लागि बनाएकी थिएँ !” टाउको निहुराएर, मेनकाले भनी ।

“लाटी, मलाई गाजरको हलुवा बनाएको छु भन्नु पर्दैनथ्यो ? म जसरी पनि आइहाल्थें नि” विश्वामित्रले उत्ताउलिएर भन्यो र रिकापीको हलुवा खपाखप खायो । अरू थप्नका लागि रित्त्याएको रिकापी मेनकातिर बढायो । मेनकाले खुशी भएर हत्तपत्त उसका रिकापीमा हलुवा थपी ।

“विभु आन्टीका घरमा, सूर्य अङ्कलका पार्टीमा मैले मेनविलाई यस्तै हलुवा खुवाउँदा उसले पटक्कै खाएको थिएन तर कस्तो अचम्म भयो हिजो, सानुराजाले कस्तो मज्जाले यो हलुवा खायो ।” मेनकाले छोराले हलुवा खाएको कुरा रमाएर सुनाई, “म त छक्क परें । सानुराजा पनि कस्तो भएको, टुङ्गै हुँदैन, कहिले के मन पराउँछ कहिले के !”

“मेनु ! मेरो छोराले गाजरको हलुवा कसरी मन पराउँदैन ! पहिले खै के भयो त्यसलाई । र, फेरि तिम्रो हलुवाका स्वादको के

कुरा गर्नु । मेनु ! तिमीले बनाएको यो हलुवा खाँदा जति खाए पनि अघाईंदैन । मेनु ! यहाँ आऊ न, नजिक आऊ न ।" विश्वामित्र खुशीले उरन्ठेउलिरहेको थियो ।

"ए ! तिमीले खोई खाएको, ला ! सकियो कि कसो ?" झसङ्ग भएर विश्वामित्रले भाँडामा हेर्न खोज्यो । अलिकति हलुवा थियो भाँडामा । विश्वामित्रले मेनकालाई पनि खान कर गऱ्यो । तर मेनकाले ओजस्वीलाई सम्झी । उसले एक चम्चा हलुवा चाखिहेरी । "हो, साँच्चै मीठो भएछ । म भरे खान्छु, अहिले खान मन छैन ।" मेनकाले ढाँटी तर उसलाई साँचो कुरा भन्न मन लागेन । ओजस्वीको नाम लिन पनि सकिन ।

त्यसपछि विश्वामित्र गयो । मेनका पनि आफ्नो शयनकक्षमा गई । आज उसको शरीर हलुका भएर पनि एकतमासले दुखेजस्तो लागिरह्यो । उमा दिदी कतिखेर आउने हुन् ! झट्ट मन उमा दिदीतिर गयो । मेनवि गीतासँगै खेलिरहेको थियो । उसलाई बिछ्यौनामा ढल्कन मन लाग्यो ।

"उमेश ! म निदाए पनि उमा दिदी आएपछि मलाई उठाउनू है ! आज तेल मालिस गर्नैपर्छ ।" मेनकाले उमेशलाई बोलाएर अह्राएपछि निर्धक्क भई । मेनकालाई पहिलेदेखि नै तेल मालिस गर्न खूबै मन पर्ने । माइतमा पनि केटाकेटीदेखि नै 'तेलकी कीरा' भनेर आमा जिस्काउने गर्नुहुन्थ्यो । हुन पनि शिशुअवस्थादेखि नै मेनका तेल मालिसका लागि झगडा गर्थी रे । अझ त्यस बेला उसलाई बुबाले तेल मालिस गर्नुपर्थ्यो रे । पर सरेपछि मात्र यो क्रम रोकिएको मेनकालाई नै राम्ररी सम्झना छ । एकपटकको कुरा सम्झन्छे मेनका– त्यस बेला उसकी माहिली भाउजू रञ्जु सुत्केरी भएकी थिइन् । सुँडिनी सधैं भाउजूलाई तेल लगाउन आउँथी । तेलकी कीरा मेनकाले सहन सकिन । आमालाई भनेर उसले पनि सुँडिनीसँग तेल लगाइमागी । आफ्नै कोठामा तेल मालिस गरिसकेर लुगा लगाउन लागेकी मेनकाको

आँखा झ्ल्याँस्स पल्ला घरका कौसीमा पऱ्यो । त्यहाँ उसकै सहपाठी सुरेन्द्र उसैलाई एकतमास ताकेर बसेको रहेछ । ओहो ! कस्तो होश नपुगेको होला, दक्षिणपट्टिको झ्याल बन्द गर्नै बिर्सिएछ । निर्वस्त्र आफ्नो शरीर निर्निमेष हेरिरहेको सुरेन्द्रलाई देखेर ऊ अत्तालिई । हत्तपत्त कोठाको अर्को कुनामा गएर लुगा लगाई । बैंसको सिंढी उक्लिरहेकी मेनकाका गुप्ताङ्गहरूमा यसअघि सुँडिनीबाहेक कसैको आँखा परेको थिएन । सहपाठी भए पनि परपुरुष थियो सुरेन्द्र, जसले उसको सर्वाङ्ग नियालिसकेको थियो त्यस बेला ।

"अब भोलिदेखि कसरी क्याम्पस जाने होला, सुरेन्द्रले के सोच्यो, सबै साथीभाइलाई पनि भन्ने हो कि ! हे भगवान् ! अब के गर्नेहोला !" आदि इत्यादि सोचेर मेनका बेस्सरी छटपटाई । यस्तो कुरा कसैलाई भन्न मिल्दैनथ्यो । आमा, भाउजूहरूले थाहा पाए भने मेनका नै नकच्चरी ठहरिने कुरा थियो । साथीभाइलाई भन्ने कुरै भएन । त्यसपछि उसले केही सोच्न सकिन । खपिनसक्नुभयो उसलाई । त्यसका तोडले दुई दिनसम्म क्याम्पस जान सकिन ऊ ।

सुरेन्द्रका घरपट्टिको झ्यालको खापा पनि खोलिन । उसले कतिन्जेल क्याम्पस नजाने, कतिन्जेल झ्यालको खापा नखोल्ने सोच्तैगई ऊ । त्यही झ्यालबाट मात्र गर्मी याममा चिसो हावा आउँथ्यो ।

तेस्रो दिन मेनका भारी मनले क्याम्पस गई । साथीहरूसँग सामान्य भएर कुराकानी गरी । सरको लेक्चर सुनेजस्तो गरी । तर केही बुझेको होइन । उसका मनका आँखा भने सुरेन्द्रलाई नै खोजिरहेका थिए । तर सुरेन्द्र त्यस दिन क्याम्पसमा देखिएन । मेनकालाई पनि किन हो क्याम्पसमा नरमाइलो अनुभव भयो । ऊ भारी मन बोकेर घर फर्केकी थिई । क्याम्पसबाट मेनकाका घरसम्म पुग्ने दुइटा गल्ली थिए, एउटा सुरेन्द्रका घरको अगाडिबाट पर्दथ्यो, अर्कोचाहिँ अर्कै गल्ली थियो । सुरेन्द्रको घर भएपट्टिको गल्ली अलि फोहोर थियो । त्यसैले सधैंजसो मेनका दोस्रो गल्ली भएर हिंड्ने गर्थी । तर

आज अनायास मेनकाका पाइलाहरू सुरेन्द्रकै घरका गल्लीतर्फ मोडिए ।

सुरेन्द्रका घरअगिल्तिर पुगेपछि उसले झट्ट टाउको उठाएर सुरेन्द्रका घरतिर हेरी । सुरेन्द्रकी आमा घरअगाडिका पसलमा केही किन्दै थिइन् । मेनका झट्टपट्ट शिर निहुराएर आफ्नो बाटो लागी । सुरेन्द्रलाई त्यहाँ देखिन । उसलाई त्यस गल्लीबाट बेकार आएको जस्तो अनुभव भइरह्यो त्यस दिन ।

आफ्नो कोठामा पुगेर मेनकाले क्याम्पसको ड्रेस फेरी । लुगा तह लगाएपछि उसलाई थकाइ लागेर आयो । ऊ बिछ्यौनामा पसारिई । केहीबेर आँखा चिम्म गरिरही । आज सुरेन्द्र किन क्याम्पस नआएको होला, उसका मनमा यस्तै तर्कना खेलिरह्यो ।

मेनकालाई कोठामा रापिलोपनको अनुभूति भयो । उसले दुई दिनदेखि नखोलेको दक्षिणी झ्याल खोली । सुरेन्द्रको कौसी रित्तो थियो । तर मेनका धेरैबेर झ्यालमा टाँसिइरहन सकिन । ऊ फेरि बिछ्यौनामा पल्टिई ।

सुरेन्द्रको घर छिमेकमा छ भन्ने कुरा मेनकालाई थाहा थिएन । किनभने सुरेन्द्रका बाबाले यस टोलमा घर किनेको यस्तै चार-पाँच वर्ष मात्र भएको थियो । मेनकाको बाल्यकाल यही टोलमा बितेकाले प्राय: धेरैजसो घरसित परिचित थिई, ऊ । तर क्याम्पस पढ्न थालेको धेरै पछि मात्र सुरेन्द्रलाई आफ्नो क्लासमा देखेकी थिई उसले । प्रसङ्गवश एक दिन सुरेन्द्रकै छिमेककी आफ्नी बाल्यसखा ममतालाई भेट्न गएका बेला मेनकाले सुरेन्द्रको घर त्यहीं रहेछ भनेर चाल पाएकी थिई । तर त्यस बेला सुरेन्द्र उसको चासोको विषय पनि थिएन । उसले सुरेन्द्रमा कुनै रुचि लिएकी थिइन । तर उसकी साथी ममता भने केटासाथी बनाउने कलामा खप्पिस थिई । उसले स्कूले जीवनमा सात कक्षा पढ्दादेखि नै

केटाको स्वाद चाखिसकेकी थिई । अहिलेसम्म ममताले झन्नै आधा दर्जन केटासाथी फेरिसकी । ममता हेर्दाखेरि सानो जीउडालकी असाध्य सीधा केटी देखिन्थी । आफ्ना आमाबाबुका अगिल्तिर पनि ममताभन्दा असल छोरी नै हुन सक्तैनन् जस्तो लाग्थ्यो । मेनकाकी आमाले पनि ममतालाई औधी मन पराउँथिन् । पूजाआजा केही परेका बेला पनि ममता आएर आमालाई सघाउने गर्थी । त्यसैले पनि मेनकाकी आमा ममता भनेपछि हुरुक्क हुन्थिन् । तर मेनकालाई ममता मन पर्दिनथी । मेनकालाई ममताले कतिपटक केटाहरूको प्रेमपत्र ल्याएर दिएकी हो । ममताले मेनकालाई केटासँग प्रेम गर्दा कस्तो मज्जा आउँछ, गर्नुपर्छ भनेर उक्साएकी पनि हुन्थी । तर मेनकाले कहिल्यै पनि ममताका कुरा सुनेकी होइन । ममता मेनकाका कोठामा आएर उसका केटासाथीसँग भएका घटना र प्रेमका कुरा रिट्ठो नबिराई सुनाउने गर्थी । मेनका ममताका कुरा सुन्ने गर्थी, केही बोल्दिनथी । साँचो कुरा भन्ने हो भने मेनका ममतालाई भित्र मनबाट नै घृणा पनि गर्थी ।

एउटा पुरुषलाई आफ्नो सर्वस्व मान्नुपर्छ, विवाह गरेको पति मात्र सर्वस्व हुन्छ, पुरुष फेर्ने नारीहरू वेश्या हुन् । वेश्या भनेका समाजका कलङ्क हुन् । मेनकाकी आमाले बालककालदेखि भन्दै आएका पुरुषसम्बन्धी धारणाले मेनकाका नसानसामा अधिकार जमाएको थियो । त्यसैले मेनकाले जानेबुझेसम्म ममता असल केटी थिइन । ऊ विवाह नै नगरी पुरुषसँग सम्बन्ध राख्थी र त्यस्ता पुरुषहरू धेरै ओटा भइसकेका थिए । यिनै कारणहरूले गर्दा पनि मेनका ममतालाई भित्रै मनदेखि घृणा गर्थी । तर मेनका अन्तर्मुखी भएका कारणले गर्दा यसबारे आफ्ना आमा र भाउजूहरूसँग केही कुरा गर्न सक्तिनथी । जे भए पनि ममताले मेनकाका घरपरिवारको मन जितेकी थिई । ऊ त्यसैले मेनकाका कोठाचोटाहरूमा निर्विघ्न भिजेकी थिई, एउटा असल साथीको छवि लिएर ।

यही ममतासित अङ्ग्रेजीको कापी लिने कामले त्यस बेला मेनका ममताको घर पुगेकी थिई । र त्यसै बेला सुरेन्द्रको घर पनि चाल पाएकी थिई उसले । तर त्यस बेला सुरेन्द्र उसका चासोको विषय छँदै थिएन ।

"मोरो मधिसे, चम्किन खोज्छ फेरि थेच्चिन्छ, मुखमा राम्ररी पनि हेर्दैन । कायर कहीं नभएको । मलाई त पटक्क मन पर्दैन ।" सुरेन्द्रबारे यस्तो टिप्पणी व्यक्त गरेकी थिई ममताले ।

सुरेन्द्रको परिवार वीरगन्जबाट काठमाडौं बसाइँ आएको कुरा पनि ममताले नै सुनाएकी थिई । ममताले अरु केके भनेर फतफताएकी थिई मेनकालाई अहिले सम्झना छैन ।

ममताले सुरेन्द्रलाई मन नपराएको कुराचाहिँ मेनकाले त्यसै बेला बुझेकी थिई । ममतालाई तुरुन्त उससँग प्रेम गर्न तत्पर 'सुकुलगुन्डाहरू' मात्र मन पर्दथ्यो । जुन केटाले ममताको एक इशारामा सिनेमाको टिकट ल्याउँछ, गोकर्ण र रानीवनका जङ्गलमा घुम्न जान उत्साहित र उत्सुक हुन्छ त्यही केटो मात्र उसका लागि योग्य हुने गर्दथ्यो । उसको इशारा नबुझ्ने अथवा बुझेर पनि उसको इच्छाअनुसार हिंड्न नचाहने कुनै पनि केटा उसका लागि अयोग्य हुने गर्थे । यस्तै अयोग्यतामा सुरेन्द्र पनि परेको थियो । यस्ता कुरामा मेनकालाई कुनै चासो थिएन, त्यसैले ऊ त्यस दिन केहीबेर ममताका अनर्गल कुराहरू सुनेर आफूलाई चाहिएको कापी बोकेर घर फर्केकी थिई ।

तर आज मेनकालाई ममताको घर जाऊँजाऊँ जस्तो लागेर आयो । ममताको घर जाने कुरा सम्झनेबित्तिकै उसको शरीर फुर्तिलो भएर आयो । उसले एकपटक भित्ताको ऐना हेरी । ऊ चप्पल लगाएर घरबाट फुत्त निस्की । चार पाइला पर्तिर नै भएको ममताको घर जान उसलाई कुनै औपचारिकताको निर्वाह गर्नु पर्दैनथ्यो ।

'म सरकाँ टिउसन जान लागेकी' उसकी आमाले सुन्ने गरी कराएर भनेपछि बाँकी कुरा उसले साउतीमा भनेकी थिई । "ए, तँ आएकी ? हेर्न आज के....." ममताको आज विशेष साथीसँग विशेष ठाउँमा जाने योजना रहेछ । त्यसपछि हतोत्साही भएर भारी खुट्टाले मेनका आफ्नो कोठामा फर्केकी थिई ।

बाहुनी दिदीले खाजा ल्याएर दिइन् । मेनकालाई खाने इच्छा त थिएन तर पनि अमनले नै भए पनि उसले खाई । त्यसपछि त्यो दिन उसका लागि सधैंको भन्दा नरमाइलो जस्तो भएर बितेको थियो । त्यस दिन मेनकालाई ममतासँग रिस उठिरह्यो । 'अब ममताका घरमा कहिल्यै जानेछैन ।' मेनकाले मनमनमा प्रण गरेकी थिई ।

भोलिपल्ट मेनका सदाझैं क्याम्पस पुगेकी थिई । आज क्याम्पसका ढोकैमा सुरेन्द्रसँग सामना भयो । सुरेन्द्रले निर्निमेष मेनकालाई हेऱ्यो, मेनका अकमकाएर भुइँमा हेरिरही । त्यो पलभर मात्र थियो । सुरेन्द्र आफ्नो बाटो लाग्यो । मेनका पनि आफ्नो कक्षाकोठातिर लागी । सुरेन्द्र र मेनका एउटै कक्षामा पढे पनि उनीहरू दुवैको विषय मिल्दैनथ्यो । त्यसैले अनिवार्य विषयमा मात्र उनीहरू एउटै कोठामा हुन्थे नत्र अरू बेला बेग्लाबेग्लै ।

त्यसो त यसअघि मेनकालाई सुरेन्द्रले कुनकुन विषय लिएको छ, उसको र सुरेन्द्रको विषय मिल्छ मिल्दैन केही थाहा थिएन । सुरेन्द्र मनोविज्ञान र भूगोल पढ्दो रहेछ । मेनकाका विषयचाहिँ इतिहास र राजनीतिशास्त्र थिए ।

त्यस दिन मेनकालाई क्याम्पस सदाभन्दा रमाइलो लागिरह्यो । क्याम्पस समयभरिमा थप एक-दुईपटक मात्र सुरेन्द्रसँग जम्काभेट भयो । दुवै बोलेका थिएनन् । तर पनि मेनकालाई एक किसिमको सुखद अनुभूति सञ्चार भइरह्यो । छोटो भेटमा पनि मेनकाले सुरेन्द्रमाथि एकटक गौर गरिरही । आज सुरेन्द्र उसलाई क्याम्पसभरिमा सबैभन्दा

राम्रो र शालीन युवक लागिरह्‍यो । त्यसैले पनि मेनका केही प्रफुल्लित भएकी थिई ।

क्याम्पस सकिएपछि रमाइलो मन लिएर मेनका घर पुगेकी थिई । उसका मनभरि काउकुती सञ्चार भइरह्‍यो । भात खाएर मेनका बिछ्यौनामा पल्टी । झपक्क निदाइछ । सपना । सपनामा सुरेन्द्रलाई देखी । सुरेन्द्र उस्तै, बिपनामा जस्तै ।

"एइ ! कस्तो दिउँसो पनि सुतेकी ! उठ् मोरी !"

ममताको चिरबिरे आवाजले ऊ बिउँझी । मेनकालाई ममताले त्यसरी बिउँझाएको पटक्कै मन परेन । कस्तो रमाइलो सपना देख्न लागिरहेकी थिई मेनका !

मेनकाले हिजोको ममताको कुरा सम्झी, ममतासँग बोल्न पनि उसलाई मन लागेन । त्यसैले ऊ बिउँझे पनि एकपटक ममताका अनुहारमा हेरेर फेरि आँखा चिम्लेर निदाउन लागेको पनि अभिनय गरी ।

"ए तँ सुत्ने, हेरौं त कसरी निदाउँछेस् !" ममताले उसको भुँडी र भुँडीभन्दा माथि जताततै काउकुती लगाउन थाली ।

ममताको यस्तै बानी छ । ममताको यस्तो बेहोराले गर्दा कतिपटक उनीहरू दुवैको झगडा पनि हुन्थ्यो । सधैंजस्तो भएको भए मेनका ममतासँग रिसाउँथी, ममतालाई गाली पनि गर्ने थिई तर आज उसलाई ममताका बेहोराले नमज्जा लागेन ।

मेनका ममताको इच्छाअनुसार उठेर बसी । "हिजो त कस्तो मज्जा आयो । केशव साँच्चै मज्जाको छ, बुझिस् ? उसले प्रेम गर्न साह्रै जानेको छ । हिजो त मलाई त्यो गोकर्णको जङ्गल छोडेर घरै नआऊँ जस्तो लाग्या'थ्यो । आज कस्तो बोर भइराख्या छ आफूलाई, केशव उसको बाबुसँग पश्चिम नेपाल गयो । हेरन अब पन्ध्र दिनपछि मात्रै आउँछ ऊ । मोरो ड्राइभरको छोरो त हो नि । एइ !!! के ट्वाल्ल

हेरिराखेकी । कुरा बुझ्निस्, तँ लाटीले के बुझ्नु र ? तँलाई के थाहा प्रेम गर्न नपाउँदा कस्तो पागल भइन्छ । हेर्न म अब पन्ध्र दिनसम्म कसरी बस्नु । म त आजै मर्न लागें ।"

ममताले मेनकाका बिछ्यौनामा लडेर मेनकाका सिरानीलाई जोडले अँगालो हाली । एकछिन त्यत्तिकै सुतिरही र एकैछिनमा मेनकालाई आफूसँग तानी ।

"एइ मेनुके ! आइज न, के भूतजस्तै भएर टुलुटुलु हेरिरहन्छेस् ?"

मेनकाले आज आफ्नो जीउ ममताकै जिम्मा थपक्क छोडिदिई । ममताले पनि मेनकालाई आफैंसँग सुताएर गल्र्याम्म अँगालामा कसी र एउटा खुट्टासमेत मेनकाका शरीरमा चढाएर मज्जाले सुती ।

आज पहिलोचोटि मेनकालाई पनि ममतासँग रमाइलो लागेको थियो । उसलाई ममताले त्यसरी निचोरनाचर पार्दा पनि मज्जा आयो । अलिकति पनि झर्को लागेन ।

उनीहरू दुवै जना धेरैबेरसम्म त्यत्तिकै सुतिरहे । ममता प्रेमबजारका हरेक चाल बुझ्न सिपालु भइसकेकी थिई । आफ्नी बालसखा मेनकामा आएको यति ठूलो परिवर्तन ममताको चतुर दृष्टिबाट लुक्न सक्ने कुरा थिएन ।

"एइ मेनुके ! तँलाई के भो ? तँ पनि कता चक्करमा लागिस् जस्तो छ नि !" ममता चुलबुलाएर बोली । मेनकाले केही जवाफ दिइन, चुपचाप ममताका मुखमा हेरिरही । "एइ, बोल्न, के भो ? मैले बुझिसकें, को हो भन् त चिठ्ठी छ ? लेन ले, एइ, पढौं न !" ममताको उत्सुकता चरमचुलीमा पुगिसकेको थियो । ममता मेनकाका टेबुलमा भएका किताबकापीहरू पल्टाउन थाली । कहीं केही छैन, मेनका बोल्दिन । ममताको केही लागेन ।

"अब के गर्ने होला, यसलाई केही त भएको छ, तर यसले भन्ने होइन, कसरी पत्ता लगाउने !" ममताले मनमनै उपाय सोच्न खोजी ।

"मेनु ! के भयो, भन्न मोरी, मलाई पनि भन्दिनस् ? किन तँ यस्तो चुपचाप भएकी ? हेर् अब तँ बोलिनस् भने म जान्छु, गइहाल्छु ।" ममताले मेनकालाई घुर्क्याएर फकाउन खोजी ।

मेनकाका धैर्यको बाँध पनि अब अरू अडिन सकेन । उसलाई त्यसैत्यसै रुन मन लागेर आयो । ऊ ममताका कुममा टाउको राखेर सुकसुकाउन लागी । "किन मेनु ! के भयो, कसले के गऱ्यो र, किन रोएकी ? ए लाटी भन्न, छि....कस्ती रुन्ची रैछे ।"

ममताको कुरा सुनेर मेनकालाई झन् भक्कानिएर आयो । ऊ झन् रोई । ममता भने मेनकाको बेहोरा देखेर हक्क न बक्क परिरही । "किन रोएकी होली मेनका, के भएछ यसलाई, म त कहिल्यै रोएकी छैन । प्रेम त होइन रहेछ । घरमा कसैले गाली गऱ्या हो कि !" यस्तै अडकल काटी ममताले । "कुरा भन्न, नरो हेर्, किन रुनुपऱ्यो ? ल भन् त ।" ममतालाई मेनकाका बेहोराले झर्को लागिसकेको थियो । उसलाई घरघरायसका झैझगडा सुन्न मन पनि लाग्दैनथ्यो । 'कहाँ प्रेमको कथा होला भन्ठानेको, यसलाई कुनचाहिँ भाउजूले के भनिन् कुन्नि !' ममताले मनमनमा सोची ।

"म जान्छु है, तँ एक्लै रोएर मर् ।" ममतालाई मेनकाको यस्तो व्यवहारले हुनसम्म रिस उठेको थियो ।

"बस्न, त्यसो नभन्न ।" मेनकाले एउटा हातले आँसु पुछ्तै अर्को हातले ममताको हात समात्दै तानेर बसाएकी थिई ।

"कुरा के हो प्यारी साथी ?" ममताले पुनः आफूमा कौतूहल जगाउन खोजी ।

"हेर्न ममता, मलाई नि......." बोल्न सकिन मेनका । "ममता म....." फेरि पनि बोल्न सकिन मेनका । "कस्ती मान्छे रैछे यो त....." ममतालाई साँच्ची नै झर्को लाग्यो मेनकासँग । ममताले उदेक मानेर मेनकाका अनुहारमा हेरिरही ।

"मलाई त्यो सुरेन्द्र एकदम मन पर्छ ममता ।" मेनकाले एकै सासमा ममताको मुख नहेरी भुँइमा हेरेरै भनिसिद्ध्याई ।

ममता एकदम कोठै उचाल्ने गरी हाँसी । मेनकाले छक्क परेर ममताका अनुहारमा हेरिरही । "एइ केटी, कोही केटा भेटिनस् र ? छि: त्यो मधिसे ! मलाई भन्न, तेरा लागि मर्न खोज्ने एक से एक केटा उभ्याइदिन्छु । ल भन् भोलि मसँग जान्छेस् रानीवन ?" ममताले प्रस्ताव राखी ।

"होइन ममता, त्यस्तो होइन । मलाई सुरेन्द्र मन पर्छ । सुरेन्द्र मात्रै ।"

"हे राम !" ममताले खिन्नता भरिएको लामो खुइञ्चय काढी ।

"भन्नुस् हजुरको म के सेवा गरूँ, भन्नोस् सुरेन्द्र राजकुमारले पनि हजुरलाई मन पराउनुहुन्छ ?" ममताले व्यङ्ग्य गरेर भनी ।

"थाहा छैन, मलाई केही पनि थाहा छैन ।" बिरालाको पाइलाजस्तै मसिनो आवाजमा मेनका बोलेकी थिई ।

"त्यसो भए म के गरूँ त हजुर ?" ममताले रिसाएरै सोधी ।

"मेरी प्यारी मम्मु ! म एउटा चिठ्ठी लेख्छु त्यो तैंले सुरेन्द्रलाई पुऱ्याइदे मेरी साथी ! बस्, त्यति गरिदेन ल ।" मेनकाले अनुनय गरी ।

"हवस् सरकारका हुकुमले म मधिसेका सेवामा हाजिर हुनेछु ।" ममताले व्यङ्ग्य थपी ।

मेनकाले हतारहतार कागजकलम झिकी र लेख्न थाली । जीवनमा उसले पहिलोपटक प्रेमपत्र लेखेकी थिई । तर एकपटक लेख्न थालेको कलम कहीं रोकिएन । मेनकाले भावविव्हल प्रेमपत्र लेखिसिद्ध्याएकी थिई । त्यसपछि जाँच गर्न ममताका हातमा हाल्दिई । ममताले पनि बडो उत्साहका साथमा त्यो झन्नै तीन पानाको प्रेमपत्र पढेर सकी । "मेनु ! मैले भनेको मान्, हेर् त्यो मधिसे काँतरलाई प्रेम

भनेको के हो, त्यो पनि थाहा छैन । किन यस्तो राम्रो चिठी खेर फाल्छेस् । माथिको नाम मात्रै फेरेर म यो अर्कै सुन्दर केटालाई पुऱ्याइदिन्छु, भोलिदेखि ऊ तेरो सेवामा हाजिर हुनेछ, मलाई विश्वास गर् मेनका ।" ममताले एकदमै प्रौढ भएर अर्थ्याएकी थिई उसलाई ।

"होइन ममता, यो केवल सुरेन्द्रका लागि मात्र लेखिएको हो । तैंले यो उसैलाई पुऱ्याइदिने सहयोग मात्र गरिदे । बाँकी कुरा भगवान्को मर्जी ।" मेनकाले झनै बुज्रुग भएर, अत्यन्त सन्तुलित आवाजमा ममतासँग अनुनय गरी ।

विरहिणीतुल्य भएकी मेनकाको इच्छा नमान्ने पनि अवस्थै थिएन ममताले । हुन पनि ममतालाई जीवनमा पहिलोचोटि बालसखा मेनकाले केही काम लगाएकी थिई । त्यसैले आफूलाई मन नपरे पनि ममताले मेनकाको प्रेमपत्र सुरेन्द्रलाई पुऱ्याइदिने निर्णय गरी ।

त्यस दिन असाध्य छटपटीमा बिताई मेनकाले । उसले एकमन ममताको घर जाने पनि इच्छा गरी तर फेरि जान मन पनि लागेन । भोलिपल्ट ऊ क्याम्पस पुगी, ममता क्याम्पसमा आएकी थिइन । सुरेन्द्रलाई उसले टाढैबाट देखी तर सुरेन्द्रले चाहिँ उसलाई नदेखेजस्तो लाग्यो ।

क्याम्पस छुट्टी भएपछि ममताका घरकै बाटो भएर मेनका घर फर्केकी थिई । ममताकी आमाले भनिन् "ममता हिजै मामाघर गएकी आएकी छैन ।"

मनभरि छटपटी र कौतूहल बोकेर मेनका आफ्नो घर पुगी ।

सधैंझैं बिताउन खोजेको आजको दिन पनि पराई हुन खोज्यो मेनकासँग । बिछ्यौनामा सुतेर पनि निद्रा लागेन उसलाई । उसले आज दक्षिणी झ्याल पनि खोलेकी छैन । उसले झ्याल खोलेर खापाको सानो चिराबाट चियाएर उतापट्टि हेरी । कौसीमा कोही थिएन । दिन त्यसै बितेर गयो । मेनकाले दुई-चारओटा किताब पल्टाएजस्तो,

पढेजस्तो गरेकी थिई । साँझ पर्न लागेको थियो । रञ्जु भाउजूका कोठातिर लागी । सुत्केरी गन्ध ठ्वास्स नाकमा ठोक्कियो । उसले ढप्काएको ढोका स्वाट्ट खोली । भित्र दाजुभाउजू नजिकै टाँसिएर बसेको देखी । "मेनु मैयाँ, भित्र आउनू न" उसलाई देख्नासाथ भाउजूले दाजुलाई सतर्क गर्न भनेर कराएकी थिई । मेनकालाई शरम लागेर आयो, भित्र जौं कि बाहिर निक्लौं-कै दोसाँधमा एकैछिन ढोकामा उभिरही । त्यसै बेला उसको मालदाजु जुरुक्क उठेर ढोकातिर लागे ।

"किन ढोकामा उभ्भेकी, भित्र पस न" यति भनेर मालदाजु आफूचाहिँ बाहिर निस्के ।

अब ऊ भित्र पसी । भाउजूले दाइजो ल्याएको सुन्दर कौचमा भाउजू र ऊ दुवै सँगै बसे । भाउजूले भलाकुसारी गरिन् । उसले पनि भाउजूसँग भलाकुसारी गरी । त्यसै बेला मेनकाका आँखा टेबुलमा सजाएर राखेको भाउजू र दाजुका तस्वीरमा पऱ्यो । स्वयंवरमा भाउजूले दाजुका गलामा पहिरेको दूबो जरीको सुन्दर मालाका बीचमा दाजुभाउजूको स्वयंवर सकेपछिको तस्वीर राखिएको थियो । यो तस्वीर मेनकाले यसअघि पनि कैयन् पटक देखेकी हो । किनभने भाउजू बिहा भएर यस घरमा आएको दुई वर्ष भएको थियो । र, भाउजूले आउनासाथ भनेजस्तो यो तस्वीर यहाँ सजाएकी थिइन् । तर यही तस्वीर आज मेनकालाई नयाँ लाग्यो । राम्रो लाग्यो । हेरिरहूँ जस्तो लाग्यो ।

दाजुको तस्वीर भए ठाउँ सुरेन्द्रको, भाउज्यूको भए ठाउँमा आफ्नो तस्वीरको कल्पना गर्न खोजी मेनकाले । उसले तस्वीरबाट धेरैबेरसम्म आँखा हटाइन ।

"दाजुभाउजूको यो फोटो कत्ति राम्रो छ" मेनकाले भनी ।

"आ, त्यो पुरानो फोटो, मलाई त त्यसविघ्न राम्रो लाग्दैन । दाजुलाई कत्तिपटक भनिसकें एउटा राम्रो फोटो खिचौंन भनेर । उसलाई फुर्सतै छैन, के गर्नु" भाउजूले बिलौना गरिन् ।

भाउजूको छोरो हेरेर ऊ आफ्नो कोठामा गई । साँझ टरिसकेको थियो । सबै कोठामा बिजुली बलिसकेको थियो । आमाको सन्ध्या आरती बजिरहेको थियो ।

ऊ बेमनले आफ्नो कोठामा पुगी । मन नभए पनि पढ्ने कुर्सीमा बसी । मन नलागे पनि पुस्तक ढोगी र कुनै एउटा पुस्तकको पन्ना पल्टाएर आँखाअगाडि राखिरही ।

“मेनु ! एइ मेनु !” ममताको तीखो, चिर्र परेको आवाज सुनियो । मेनकाका सम्पूर्ण शरीरमा एकैपटक फुर्ती आयो । ऊ हत्तपत्त सजग भएर उभिई र ममतालाई लिन ढोकातिर लागी । यतिबेरमा ममता कोठाका ढोकामा आइपुगिसकेकी थिई ।

ममता आएर मेनकाका बिछ्यौनामा बसी । मेनकाका अनुहारमा हेरिरही । मेनकाको अनुहार त्यस बेला परीक्षाको नतिजा पर्खेर बसेको विद्यार्थीको जस्तो भएको थियो । एकछिन त्यहाँ सन्नाटा छाइरह्यो ।

“ला तेरो बाजेले पठाएको, आइन्दा यस्तो काम गरेको थाहा पाएँ भने तिम्रा बाआमालाई भन्दिन्छु पो भन्छ मधिसे । गजबको रै’छ बा ! उल्लू कहींको, यस्ता कुरा पनि कहीं बाबुआमालाई भनिन्छ ? म त मोरोसँग मज्जाले बाझने थिएँ फेरि तेरो कुरा परेर चुप लागें बुझिस् ?” छातीका खोकिलाबाट एउटा खाम झिकेर दिएकी थिई ममताले । मेनकाले झम्टेर त्यो खाम लिंदै सावधानीपूर्वक त्यसभित्रको पत्र झिक्न खोजी । खाम निकै मोटो भएकाले मेनकाका मनभित्र सयौं फूलहरू फुल्न पनि खोजे । खामभित्र एउटाचाहिँ मेनकाले नै पठाएको चिठ्ठी खामिएको रहेछ । अर्को आधा पन्ना चिठी सुरेन्द्रले लेखेको पढेपछि मेनका आकाशबाट एकैचोटि पृथ्वीमा थेचारिई । “राम्ररी पढ, यस्तो कर्ममा लाग्नु हुन्न, आफ्नो उद्देश्य बलियो हुनुपर्छ, मेरो लक्ष्य ठूलो छ, म विद्याआर्जन गरेर आफ्नो भविष्य बनाउन डटेको

छु । तिमीजस्ती बुद्धिमत्ती केटीबाट मैले यस्तो आशा गरेको थिइनँ । यो सङ्गतको फल हुनुपर्छ । सङ्गत राम्रो गर । म तिम्रो उज्ज्वल भविष्यको कामना गर्दछु ।"

चिठी पढिसक्ता मेनकाका आँखामा आँसु टिलपिलाएका थिए । उसले ममताका आँखामा हेरी, त्यहाँ आक्रोश थियो । उसले चिठी ममतालाई पढ्न दिन खोजी । "मैले पढेर ल्याएको, मधिसेले खराब सङ्गतचाहिँ कसलाई भनेको रहेछ ! मलाई भनेको होला । कायर मोरो, नाम लेख्नुपर्थ्यो नि मोराले मेरो । म विश्वलाई भनेर दाँत भत्काउन लगाउँथें मोराको । तँ नै उस्ती होस्, यत्रो संसारमा त्यो सत्तु खाने मधिसे मन पर्‍यो तँलाई । थुक्क तेरो बुद्धि ! अब तपस्या गरेर बस्, जा हिमालयमा, बुझिस् ?" ममता रिसले आगो भएकी थिई । मेनकाले केही भनिन । चुपचाप बसिरही । मेनकाले केही नबोलेपछि ममता बस्न सकिन । ऊ चुप लागेर बस्ने जीव नै थिइन । "हेर् मेनु ! म जान्छु अब, निद्रा पनि लागिसक्यो । हिजो मामाघरमा बस्छु भनेर यहाँबाट गएकी थिएँ । मामाघरमा एकछिन बसेपछि माइजूसँग बिदा मागेर साथीको घर पुगेर आउँछु भन्दै विश्वसँग घुम्न गएकी थिएँ । विश्वका मामाको छोरो भक्तपुरको एउटा टुरिष्ट लजमा जागिर खाँदो रहेछ । विश्वले त्यहीँ लग्यो । विश्वका मामाको छोरो पनि चम्मू रहेछ । मान्दै मानेन । एक दिनमा दुई जनासँग प्रेम गर्न गाह्रो हुँदो रहेछ, बुझिस् ? त्यसपछि राति दश बजेतिर मामाघरमा आएर सुतें । बिहान फेरि विश्वले जसरी भए पनि भेट भनेको थियो । हतारहतार घर जान्छु माइजू भनेर विश्वसँग त्यहीं भक्तपुर गएर आएको । विश्वभन्दा पनि विश्वका मामाको छोरो अलि राक्षसी स्वभावको रै'छ, मोराले हत्तु पार्‍यो । हेर्न मोरी, प्रेम गर्दा पनि कहिलेकाहीं त अप्ठचारो पनि पो पर्छ त । म जान्छु बुझिस्, नझोक्रा है तँ त्यस्तो मोरो मधिसेका लागि । तँलाई प्रेम गर्न मन लाग्यो भन्न, म खोजिदिन्छु केटा । भन्न कस्तो चाहिन्छ गोरो, कालो, पुड्को,

अग्लो, दुब्लो, मोटो भन् जस्तो भन्छेस् त्यस्तै खोजिदिन्छु । तर यस्तो मधिसेको तपस्या छोडिदे, मेरी प्यारी !"

ममताले मेनकालाई अँगालो हालेर गालामा चुम्मा खाई । आज ममताको अँगालो र उसको चुम्मा दुवै मन परेन मेनकालाई । तर ऊ केही बोलिन । ममता गई ।

भोलिपल्टदेखि मेनकाले सुरेन्द्रलाई हेर्दा पनि हेरिन । तर नहेरूँभन्दा पनि कहिलेकहिले उसका आँखा सुरेन्द्रका छेउछाउ पुग्ने गर्थे । त्यस वर्षका परीक्षामा सर्वाधिक अङ्क ल्याउने विद्यार्थी पनि सुरेन्द्र नै थियो । स्नातकको पहिलो वर्षमा अध्ययन गर्दागर्दै मेनकालाई टाइफाइडको ज्वरो आयो । निकै दिन बिरामी भएपछि ऊ फेरि क्याम्पस पनि गइन । त्यसपछि ऊ बैंकमा जागिरे भई । पढाइपट्टि उसको मन गएन पनि ।

धेरै वर्षपछि कसैले भनेको सुनेकी थिई, सुरेन्द्र विश्वविद्यालयमा पढाउँछन् अरे ।

'जाती भयो, ऊजस्तो आदर्शवादी योग्य व्यक्तिले विश्वविद्यालयमै पढाउनुपर्ने थियो' मेनकाले मनमनमा सोचेकी थिई । सुरेन्द्रले पढाएको पाठकै कारण त्यसपछि कसैसँग प्रेम गर्ने धोको रहेन मेनकाको । सुरेन्द्रसँगका प्रेमको इच्छा मार्नुपरेको ऊन्नै दश वर्षपछि विश्वामित्र मेनकाका जीवनमा आएको थियो ।

अहिले त सुरेन्द्रले पनि बिहा गऱ्यो होला । कस्ती होली सुरेन्द्रकी स्वास्नी ! उसले प्रेम गरेर बिहा गऱ्यो कि बाआमाले छानेकी केटी बिहा गऱ्यो होला । कहिलेकाहीं सुरेन्द्रका बारेमा सोच्न मन लाग्छ मेनकालाई ।

ममता पनि मेनकाको बिहा भैसकेपछि पोहोरताका एकपटक भेटिएकी थिई । मेनकाले त चिन्नै सकिन । कस्ती बूढीजस्ती भएकी । ममताले नै बोलाई । स्वरचाहिँ उस्तै चिरर्र परेको रहेछ । लोग्ने कुनै

संस्थानमा जी.एम. छ, एउटी छोरी यहीं पढ्दैछे, छोरो दार्जीलिङमा पढ्छ आदि भन्दैथी ।

मममताकी आमाले ममताका चरित्रबारे शङ्का गरेपछि त्यसै बेला गाउँको एउटा गरीब केटो खोजेर ममताको बिहा गरिएको थियो । ममताको बिहापछि उससँग मेनकाको भेटै भएको थिएन । ममतालाई भेट्दा मेनकालाई धेरै समय बितेछ जस्तो लाग्यो ।

# तीन

"दुल्हैसाब ! उमा दिदी आउनुभएको छ ।" उमेशले निदाएकी मेनकालाई उठाइरहेको रहेछ । मेनका आफ्ना तरङ्गहरूमा तैरिंदातैरिंदै कतिखेर निदाइछ उसैले पत्तो पाइन ।

"तेल ठीक पार्नू भन्, ड्रेसिङ कक्षमा मालिस गर्ने बिछ्यौना हालेर ठिक्क पार्" मेनकाले आदेश दिई ।

त्यसपछि मेनका बाथरूम पसेर बाहिर निस्की । "दुल्हैसाब दर्शन गरें" डाइनिङ कक्षको एउटा मेचमा बसिरहेकी उमा दिदीले उठेर मेनकाप्रति शिष्टाचार दर्शाइन् ।

अब उमा दिदी र मेनका दुवै ड्रेसिङ कक्षमा थिए । ड्रेसिङ कक्षका ढोकाभित्रबाट छेस्कनी लगाउनुअघि मेनकाले गीतालाई बोलाई ।

"गीता ! सानुराजा उठ्ने बेला भयो । हेर्दै गर् । उठेपछि आज तैंले नै सुन्तलाको जुस बनाएर खुवाउनू सानुराजालाई ।"

"उमेश ! जो आए पनि एकैछिन बैठकमा बसाउँदै गर्नू । ठूलोराजाले फोन गरिस्यो भने उमा दिदी आउनुभएको कुरा भन्दे है !" मेनकाले उमेशलाई आफ्नो स्थिति सूचित गरेकी थिई ।

अब ड्रेसिङ कक्षको ढोका बन्द भएको थियो । त्यहाँ उमा दिदी र मेनका मात्रै थिए । यो ड्रेसिङ कक्ष पनि मेनकाले खास गरी तेल मालिस गर्न बनाएकी थिई । दुइटा ठूला कपडाका आलमारी र एउटा

भित्ताभरिको ऐना भएको त्यस कोठामा पश्चिमपट्टि शीशाको ठूलो झ्याल बनाइएको थियो । पश्चिमपट्टि भएकाले त्यस झ्यालबाट दिनभरि जस्तो त्यस कोठामा घाम आइरहन्थ्यो । त्यस झ्यालको शीशाबाट मज्जाले घामको राप आउँथ्यो, तर बाहिरबाट भित्रको केही पनि देखिँदैनथ्यो । यो महँगो खाले शीशा विश्वामित्रको एउटा मारवाडी व्यापारी साथीले बैंककबाट सीधै झिकाइदिएको थियो । मेनकाको तेल मालिस गर्ने शौक नै भएका कारणले यो विशेष कोठा विशेष किसिमले बनाइएको थियो । यसको पूर्वपट्टि भएको सानो ढोका मेनकाको शयनकक्षको थियो ।

मेनकाले पालैसँग आफ्ना शरीरका बाहिरी पोशाक खोल्दै गई । भित्री पोशाक मात्र बाँकी रहेपछि भित्तामा रहेको ठूलो ऐनामा आफूलाई राम्ररी नियालेर हेरी । अलिकति भुँडी बढेको छ, मेनवि जन्मेपछि यो भुँडीचाहिँ कत्ति गर्दा पनि पहिलेजस्तो भएको छैन । अर्थोक सबै कुरो त पहिलेभन्दा पनि राम्रो भएर आएको छ । मेनकालाई आफ्नो शरीरका उन्मादले आफैंलाई उत्तेजना हुन खोज्यो । शीशामा देखिएको उमा दिदीका प्रतिविम्बले ऊ झसङ्ग भई ।

मालिस गर्न ओछ्याइएका बिछ्यौनामा मेनका लमतन्न सुती । दुवै हत्केलामा तेल दलेर पहिले उमा दिदीले आफ्ना दुवै हत्केला तताइन् ।

“दुल्हैसाब, अलिकति चिसो हुन्छ है !”

उमा दिदीले मेनकाका पिठ्यूँमा तेल लागेको आफ्नो हात दल्दै भनिन् । उनको यो नियमै हो, उनी जहिले पनि तेल लगाउनुअघि यसै भन्ने गर्छिन् । “आछु” मेनकालाई पनि उमा दिदीको हात सुरुमा चिसो लाग्ने गर्छ । तर उमा दिदीले लगातार हात दलिरहेपछि मेनकालाई उनको हात तातो हुँदै जान्थ्यो ।

“बिचरा उमा दिदी, लोग्नेले कस्तो सताएको छ, अर्की आइमाईसँग लागेर कमाएको जति सबै उतै सक्छ । चारओटा छोराछोरीको पाल-

पोस सबै उमा दिदीले गर्नुपर्छ । अझ महिनाका आखिरीतिर उनका लोग्नेलाई उमा दिदीले नै पाल्नुपर्छ ।"

उमा दिदी तेल मालिस गरिरहिन् र मेनकाचाहिँ उमा दिदीले पहिलेपहिले सुनाएका उनका आत्मकथा सम्झन लागी ।

दुई जना आइमाईहरू तेल लगाइदिने र लगाइमाग्ने दुई थरी, झन्नै डेढ-दुई घण्टाको अवधिसम्म कुनै कुराकानी नगरी चुपचाप बस्न सक्तैनन् । त्यो एकान्त वातावरणमा अत्यन्त नजिक भएका अवस्थामा धेरै निजी र मनका गोप्य गाँठाहरू फुस्केको दुवैले थाहा पनि पाउँदैनथे ।

"अनि उमादी, अहिले तपाईंका लोग्ने कहाँ छन् ? त्यो आइमाईसँग बस्छ कि तपाईंसँग ?" आखिर मेनकाले नै कुरा नखोतली बस्न सकिन ।

"भैगो दुल्हैसाब, त्यसको कुरा नगरिस्योस् । आइमाई त के छोड्थ्यो र त्यसले मोहनी लगाएकी छ, छोड्नै सक्तैन ।" उमा दिदीले विरक्तिएर भनिन् ।

"उतापट्टि छोराछोरी छन् र उमा दिदी ?" मेनकाले कुरा अझ खोतल्न खोजी ।

"काँ हुनु र ? हुन्थ्यो पनि होला तर मैले नै चलाखी गरें नि दुल्हैसाब । उता सल्किसकेको रै'छ, त्यही बेला मैले कान्छो छोरो पेट बोकें । ल भएन, चारओटा छोराछोरी भैसके अब तिमीले परिवार नियोजन गर्नैपर्छ भनें । लाख फकाएँ, मनाएँ । उस बेला भेक्सेटमी गर्दा सय रुपैयाँ पनि पाइन्थ्यो । ल जम्मै रुपैयाँ तिम्रो भनें । उसलाई पनि जाँड धोक्ने पैसा चाहिएको थियो, मानिहाल्यो । त्यसैले अब छोराछोरी हुने कुरै भएन । त्यो त ढुक्कै छ ।"

उमा दिदीले लोग्नेको इतिवृत्त सुनाइन् र चुप्प लागिन् । मेनकालाई उमा दिदीको कथा सुनिरहन मन लाग्ने हुँदा केही न केही कोट्टयाइरहन्थी ऊ ।

"ए उमा दिदी ! तपाईंको लोग्ने अहिले पनि तपाईंसँग सुत्न आउँछ ?" मेनकाले उत्साहित भएर सोधी । "त्यस आइमाईसँग बाझेको बेला र ऊ पर सरेका बेला लुसुक्क आउँछ । उसलाई एकै रात पनि नभई हुन्न । बौलाउँछ पो भएन भने ।" उमा दिदीले पनि आफ्नो गोप्य खोलिन् ।

"उमादी ! तपाईंलाई उससँग सुत्न मन लाग्छ त ?" मेनकाले विरक्तिएर सोधी ।

"मन नलागेर के गर्नु, लोग्ने हो । घरमा नआइज भन्नु भएन । साँझ परेपछि आउँछ । यहाँ नबस् गइहाल् भन्न पनि मिलेन । फेरि छोराछोरी बाबु आएपछि औधी खुशी हुन्छन् । राति ओछ्यानमा निदाउन खोज्छु, ऊ पैताला चाटेर, ढोगेर हुनसम्म गर्छ । के गर्नु दुल्हैसाब, आइमाई जात पग्लिन कतिबेर लाग्छ र ! त्यस रात मेरै मात्र लोग्ने हो जस्तो लाग्छ, भोलिपल्ट फेरि उस्तै । उसको काम सकिएपछि कहिले बाझेर हिंड्छ, कहिले कुटेर हिंड्छ ।" उमा दिदीले लामो खुइ...य काढ्दै भनिन् ।

मेनकालाई उमा दिदीका कुरा सुनेर साह्रै नरमाइलो लाग्यो । कति दु:खी छन् उमा दिदी !

"उमा दिदी ! किन पारपाचुके नगरेको त त्यस्ता मोरासँग ? आ बित्थाको त्यस्तो लोग्ने ।" मेनकाले सल्लाह दिंदै भनी ।

"काँ हुन्छ र दुल्हैसाब ! दुइटी छोरी छन्, बिहा गर्नुपर्छ, पारपाचुके गर्नेबित्तिकै सबैले मैलाई नराम्रो भन्छन् । जे भए पनि, जस्तो भए पनि लोग्ने छ, कहिलेकाहीं नै भए पनि घरमा आउँछ । अहिले सबैले हेप्न सक्तैनन् । पारपाचुके नगर्दा एउटाकी स्वास्नी हुनुको दु:ख मात्र छ दुल्हैसाब, पारपाचुके गरेपछि सबै रण्डा लोग्नेमान्छेले आफ्नो रखौटीजस्तो गर्न खोज्छन् । पोहोरपरारै मेरी एउटी साथीले त्यस्तै लोग्नेसँग वाक्कदिक्क भएर पारपाचुके गरेकी

थिई । लोग्ने छोडे पनि एउटी छोरी र एउटा छोरो राम्ररी पालेरै बसेकी थिई । एउटा मोरो दोग्लाले फकाएछ । आइमाई जात । हो न हो माया गर्ला भन्ठानिछ । बिहे गरी । त्यसपछि उसकी छोरीचाहिँले नछुने भएको वर्षैं दिनमा पेट बोकी । ए बाबा, के भयो भनेर बुझ्दा, त्यही झट्केलो बाबुचाहिँको करामत रै'छ । ल हेर्नोस् त दुल्हैसाब, कत्रो फसाद आइलाग्यो । बिचरी आमाचाहिँ झुन्डेर मरी, छोरीचाहिं पनि बच्चा पाउन नसकेर मरी, छोरो कता बम्बै दिल्लीतिर गएको पत्तो छैन । म त पारपाचुके भन्यो कि, त्यही साथीलाई सम्झन्छु, दुल्हैसाब ।"

उमा दिदी कहानी सुनाउँदै थिइन् र उनका सिपालु हातहरू पनि आफ्ना धन्धामा व्यस्त भइरहेका थिए । अब मेनका उत्तानो परिसकेकी थिई ।

"सानुराजालाई दूध ख्वाइस्सेको हैन दुल्हैसाब ?" उमा दिदीले मेनकाका वक्षस्थलमा तेलले मसार्दै भनिन् ।

"हो नि, दुई वर्ष पूरा चुसाएको, ठूलोराजाले त बट्टाको दूध खुवाए भैहाल्छ नि भन्दै होइसिन्थ्यो, मैले मानिन । किन र उमादी ?" मेनकाले आफ्नो वक्षस्थलतिर आँखा तन्काएर हेर्दै भनी ।

"होइन, हजुरको कुमारी केटीको जस्तो कसिलो भएकाले सोधेकी, म पनि कति हुस्सू, मलाई नै पनि थाहा छँदैथ्यो नि हजुरले सानुराजालाई दूध ख्वाएको कुरा । आजकल मेरो सुद्धि हराउन हराउन खोज्छ बेलाबेला ।" उमा दिदीले एकैछिन आफ्ना टाउकामा हात पुऱ्याएर भनिन् ।

अब झन्नैझन्नै तेल मालिसको काम सकिन लागेको थियो । हात, पाखुरा, गर्दनमा सकेपछि उमा दिदीले मेनकालाई दुइटा घुँडा उचालेर दोबार्न लगाइन् र आफ्नो सारा शक्ति लगाएर मालिस गरिन् । तेल मालिसका क्रममा योचाहिँ मेनकालाई सबैभन्दा मन पर्ने प्रक्रिया थियो । त्यसपछि मेनका उठेर बसी । उमा दिदीले मेनकाका

पिठचूँमा मेरुदण्डलाई पनि राम्ररी तलबाट माथितिर मसारिदिइन् । मेनकाले ऐनामा परेको उमा दिदीको छवि हेरी, ओहो ! खलखली पसिना काढिछन् दिदीले ।

अब तेल लगाउने काम सकिएको थियो । मेनका गाउन लगाएर फित्ता बाँध्न लागेकी थिई ।

"दुल्हैसाब, ठूलोराजा उता गैसिन्छ कि गैसिन्न ?" उमा दिदीको कुरा कानसम्म पुगेर पनि मेनकाले फ्ट्ट बुझिन ।

"के भनेको उमादी ?" मेनकाले केही बुझे पनि नबुझेजस्तो गरी ।

"दुल्हैसाब, विचार गर्नुपर्छ है, ठूलोराजा पनि आखिर लोग्नेमान्छेकै जात । मैले ठूलोराजाको मोटर उता घरअगिल्तिर देखेकी थिएँ । ठूलराजालाई त देखिनँ । नभएको कुरा गर्नु हुन्न । मलाई हतार पनि थियो । म गइहालें ।"

उमा दिदीले कुरा सकिन् । तर मेनकाका मनमा उमा दिदीका कुराले गह्रौं ढुङ्गा आएर छातीमा बज्रियो । मेनकाले उमा दिदीका कुराको कुनै जवाफ दिइन । "ए उमेश ! उमा दिदीलाई चिया-खाजा खान दे" ढोकाको छिस्कनी खोलेपछि मेनका उमेशलाई अह्राउँदै आफू बाथरूमभित्र पसी ।

मेनका बाथरूमबाट नुहाएर निस्कँदा उमा दिदी खाजा खाँदै थिइन् । मेनकाले उमा दिदीलाई दिनुपर्ने पारिश्रमिक दिई ।

"दुल्हैसाबले पोहोर दिइस्सेको धोती अहिलेसम्म लाउँदैछु । अब एउटा विचार गरिदिस्सेला है" उमा दिदीले भनिन् ।

मेनकाले पुनः ड्रेसिङ कक्षमा पसेर आलमारी खोली । एउटा सारी झिकेर ल्याई ।

"यो नयाँ धोती हो, मैले एक-दुईपटक मात्रै लगाएकी छु" मेनकाले उमा दिदीका हातमा हाल्दिदै भनी ।

“हजुरको जय होस्, साह्रै दयालु मन छ, हजुरजस्ताको सम्पत्ति पनि करोडौं थपिन्छ” उमा दिदी प्रसन्न भएर शुभाकाङ्क्षा व्यक्त गरिरहिन् ।

मेनका बैठककोठामा पुगी, उसलाई देख्नेबित्तिकै गीतासँग खेलिरहेको मेनवि “मामु......” भन्दै मेनकालाई समात्न आइपुग्यो । मेनकाले छोरो बोकी । छोरो रमायो । छोरो बोकेकी मेनका बगैंचातिर लागी । बगैंचामा माली काम गरिरहेको थियो । मेनकालाई मालीले देख्नासाथ अभिवादन गऱ्यो । त्यसपछि ऊ आफ्नो काममा लागिरह्यो ।

मालीसँग पनि उसले माटामा रोपिएका फूल र गमलाका फूलबारे जानकारी लिंदै आफूले पनि मालीलाई निर्देशन दिई । त्यसपछि ऊ मुख्य द्वारमा पुगी ।

चौकीदार आइपुगेको थिएन । चौकीदारका कोठामा टाँगेको घडी हेरी, पाँच बज्न लागेछ । बेलुकीका लागि मात्र चौकीदार राखिएको थियो । बेलुकी सात बजेदेखि बिहान छ बजेसम्म चौकीदार तैनाथ रहने गर्दथ्यो त्यहाँ ।

भर्खर फुलेका फूलहरू पनि आज अलि फीका भएजस्तो लाग्यो मेनकालाई । कताकता भित्र मन पोलिरहेको थियो उसको । तर पनि आज निकै समयसम्म मेनका छोरासँग अलमलिइरही ।

# चार

राति दश बज्न लाग्दा मेनकाले भात खाई । मेनवि आज छिट्टै निदाएको थियो । विश्वामित्रको भाग हटकेशमा थन्क्याएर मेनकाले उमेश र गीतालाई पनि खाने आदेश दिएकी थिई ।

आज तेल मालिसले हो कि अथवा किन हो मेनकालाई भोक लागेको थियो । फेरि आजकल विश्वामित्रको घर फर्किने टुङ्गो पनि हुँदैनथ्यो । त्यसैले उसलाई नपर्खी खाइसकेकी थिई, मेनकाले ।

आज उसलाई टेलिभिजन हेर्न मन लाग्यो । जी.टी.भी.ले कुनै हिन्दी सिनेमा देखाइरहेको थियो । फिल्म शुरु भएको निकैबेरपछि मात्र टी.भी. खोल्न पुगेकाले उसले शुरुदेखि नै फिल्म हेर्न सकिन । तर पनि हेर्दै गई । दुइटी हिरोइन र एउटा हिरो भएको प्रेमको त्रिकोणात्मक पुरातन सिनेमा रहेछ । एकैछिन हेरेपछि उसलाई झर्को लागेर आयो । आँखामा पटक्कै निद्रा थिएन । ऊ बिछ्यौनामा पल्टी मात्र । ओहो ! साढे दस बजिसकेछ । घडीमा उसको आँखा पऱ्यो ।

आज किन हो साँझदेखि नै मन एकतमास भएर आएको थियो मेनकाको । विश्वामित्र अझ आइपुगेको थिएन । उसले कतिपटक भनिसकेकी छ, दिउँसो भनेको अलमल हुन सक्छ । रातिचाहिँ बेलैमा घर आऊ, मलाई एक्लै दिक्क लाग्छ, आदि इत्यादि । विश्वामित्र खालि व्यापारका कुरा गरेर मेनकाको चित्त बुझाउन खोज्थ्यो । त्यस बेला मेनकालाई पनि विश्वामित्रले अँगालामा राखेर जे भन्दा पनि

रमाइलो नै लाग्ने कस्तो होला । उसको व्याख्या गराइमा अनुचितता पनि थिएन । तर यसरी रात पर्दै आएपछि जब विश्वामित्र आइपुग्दैनथ्यो तवचाहिँ मेनका खूबै छटपटिन्थी ।

आजकल कति भयो 'सपिङ' पनि नगएको, हिजोआज विश्वामित्र अलि परिवर्तन हुँदै गइरहेजस्तो छ । तरङ्गहरू चल्थे मेनकाका भित्रभित्र । मैले किन यस्तो सोचें हुँला, ऊ मलाई असाध्य माया गर्छ, उसले मेरै छोराका लागि सम्पत्ति आर्जन गरिरहेछ । म विश्वामित्रलाई व्यर्थै शङ्का गर्छु । ऊ बिहानदेखि बेलुकीसम्म हाम्रै लागि त परिश्रम गर्छ । मैले विश्वामित्रका विषयमा अन्यथा सोचें भने मलाई पाप लाग्छ ।

मेनकाका मनमा अर्को तरङ्ग आउँथ्यो र मेनकाका छटपटीलाई शान्त पार्न खोज्थ्यो । उमा दिदीले के भनेकी होलिन्, ठूलोराजाको गाडी, उता घरअगाडि, मेनकाले तेल मालिस गरिसकेपछि उमा दिदीले भनेको कुरा सम्झी । त्यो विश्वामित्रकै गाडी थियो र ? उमा दिदीले साँच्चै नै देखेकी हुन् त ? के त्यसो भए विश्वामित्र आजकल उता पनि जाँदो रहेछ, मलाई किन भनेन उसले ? तर त्यो गाडी विश्वामित्रको नहुन पनि सक्छ, उमा दिदी नम्बर त चिन्दिनन् । गाडीको रङ्ग र आकारबाट मात्र उनले भनेकी हुन्, फेरि उनले विश्वामित्रलाई पनि त्यहाँ देखेकी छैनन् । किन जान्थ्यो विश्वामित्र, यो फजुलको कुरा हो ।

मेनकाले आफ्नो चित्त आफैं बुझाउन खोजी । मेनकाका आँखामा निद्रा थिएन, मनभरि छटपटी मात्र थियो । उसलाई बिछ्यौनाबाट उठ्न पनि मन लागेन । उमेश र गीताले कतिओटा सपना पनि देखिसके होलान् । विश्वामित्र अझ आएको छैन । चारैतिर रात्रिको चकमन्नता छाइसकेको छ । सडकमा कुदेका मोटरको आवाज पनि प्रस्टसँग सुनिदैथ्यो । टाढा कतै कुकुर भुकेको आवाज आइरहेको थियो । मेनकाले झ्यालबाट बाहिर बाक्लिएको अँध्यारो हेरी, उसलाई डर पनि लागेर आयो । हुन पनि उसका घरसँगै टाँसिएका कुनै

छिमेकी छैनन् । घरको पूर्वपट्टि सडक छ, दक्षिणपट्टि सानो मन्दिर छ, उत्तर र पश्चिमका सिमानामा दुई-दुइटा घडेरी खाली छन् । त्यसलाई पर्खालले घेरेर तरकारी लगाइएको छ । त्यसैले वल्लो घर पल्लो घरका छिमेकी थिएनन् त्यहाँ । पहिलो दिन यो घडेरी हेर्न आउँदा मेनकाले विश्वामित्रलाई प्रश्न गरेकी थिई, “यो एकलासजस्तै भएन र ? कति परपर घर रहेछ ।”

“पछिपछि त्यस खाली ठाउँमा घर बनेपछि बाक्लो हुन्छ । फेरि छिमेकी असल भएनन् भने साह्रै अशान्ति हुन्छ । यस जग्गामा दुईतर्फ कहिल्यै सँधियार हुँदैनन् त्यसैले पनि मलाई यो जग्गा मन परेको हो । मेनु ! मलाई सँधियारले धेरै दु:ख दिइसकेका छन् ।”

विश्वामित्रले आफ्नो अनुभव सुनाएको थियो । त्यसपछि मेनका चुप लागेकी थिई । उससँग यसबारे कुनै अनुभव पनि थिएन । बजारको बाक्लो बस्तीमा मात्रै बसेकी मेनकालाई यहाँको वातावरण एकलासजस्तो लाग्नु अस्वाभाविक पनि थिएन । “मेनु ! तिमी चिन्ता किन गर्छ्यौ ? म चौकीदार राखिदिन्छु । फेरि मजस्तो तिम्रो स्थायी सुरक्षा गार्ड हरहमेशा तिम्रै छायामा बसेपछि पनि तिमीलाई डर लाग्छ र ?”

मेनकाका गालामा मायालुपाराले प्याट्ट हिर्काएर विश्वामित्रले भनेको थियो । मेनकाले एकपल्ट विश्वामित्रका आँखामा पुलुक्क हेरेकी थिई । विश्वामित्रले आफ्ना आँखामा कामदेव जगाइसकेको थियो शायद । मेनका लाजले भुतुक्क भई । त्यसपछि उनीहरू भाडाका फ्ल्याटमा फर्केका थिए । त्यस बेला मेनवि गर्भमा आएकै थिएन । उनीहरू पूर्ण मधुमास बिताइरहेका थिए ।

अन्तत: विश्वामित्रले मेनकाका लागि त्यही जग्गा किनिदियो । विश्वामित्र खुशी । मेनका पनि खुशी । यस बेला विश्वामित्रलाई पर्खने विश्रान्तिस्थल त्यही घर भइरहेको छ मेनकाका लागि ।

ओहो ! एक बजिसकेछ । मेनकाका आँखा टट्टाएका थिए तर निद्रा पटक्क लागेको थिएन । विगत र वर्तमानका लेखाजोखामा लागेकी मेनकाको मन अमिलो हुन खोज्दैथियो ।

किन अबेर गरेको होला विश्वामित्रले ! कहींकतै केही पो भयो कि हे ईश्वर ! उसलाई केही भयो भने म कसरी बाँचुँला !"

"छि:..... कस्तो अनिष्ट कल्पना गरेंछु मैले । हे ईश्वर ! ऊ सकुशल घर आओस् । मेनकाले मनमनमा आफूले सधैं पुज्ने गरेका सबै देउता भाकी । ऊ आँखा चिम्म गरेर ईश्वर मात्रै कल्पने कोशिशमा लागिरही । तर किन मन यसरी चञ्चल भएको होला ! दुर्घटना, विश्वामित्र घाइते, अस्पताल, विश्वामित्र रगताम्मे, यस्तैयस्तै दृश्यपट पो आइरहे आज अनायास । अब उसलाई असाध्यै असहनीय भएर आयो । ऊ जुरुक्क उठी, सिरानीमुन्तिरबाट हनुमान् चालीसाको किताब झिकी र आवाज निकालेरै पाठ गर्न लागी :

**जय हनुमान् ज्ञानगुनसागर । जय कपीस तिहुँलोक उजागर ॥**

**रामदूत अतुलित वल धामा । अंजनिपुत्र पवनसुत नामा ॥**

मेनकाले लगभग पाँच वर्षदेखि यो हनुमान् चालीसा पाठ गर्दै आइरहेकी थिई । यो हनुमान् चालीसाको किताब उसलाई उसकी सहकर्मी शिवाले दिएकी थिई । कुनै बेला उसैले सिकाएपछि मेनकाले नित्य हनुमान् चालीसा पाठ गर्दै आएकी छ । मेनकाको नौ वर्षको नोकरी अवधिमा सबैभन्दा घनिष्ठ सहकर्मी शिवा नै थिई । एक दिन कुरैकुरामा मेनकाले शिवालाई भनेकी थिई, "शिवा हेरन, मलाई सधैंजसो ऐठन हुने गर्छ, राति कस्तो डर लाग्छ, सपना पनि डरलाग्दो डरलाग्दो देख्छु ।"

शिवाले यो हनुमान् चालीसाको किताब ल्याएर मेनकालाई दिएकी थिई । मेनकाले पनि त्यसै दिनदेखि प्रत्येक दिन नबिराई हनुमान् चालीसा पाठ गर्न शुरु गरी । "जतिखेर पनि तिमीलाई डर

लाग्नासाथ यो हनुमान् चालीसा पाठ गर्नू, कलियुगमा हनुमान्जीको धेरै ठूलो शक्ति हुन्छ । तिम्रा सबै इच्छा पनि पूर्ण हुन्छन्" शिवाले पुस्तक मेनकाका हातमा राखिदिँदै भनेकी थिई ।

मेनकाले हनुमान् चालीसाको पाठ सकेकी मात्र थिई, मूल द्वारमा गाडीको हर्न सुनियो । "हे ईश्वर ! जय हनुमान् !" मेनकाले पुस्तक ढोगेर सिरानीमुन्तिर राखी ।

त्यसपछि केहीबेरमै ऊ मूल ढोका उघार्न पुगेकी थिई ।

"तिमी निदाएकी थिइनौं !" विश्वामित्रले छक्क परेर सोध्यो । मेनकाले कुनै जवाफ दिइन । ऊ चुपचाप ढोका थुनेर डाइनिङ कक्षतिर जान खोजी ।

"आज नखाने मेनु ! बाहिरै खाएको थिएँ" मेनकाका पाखुरामा समातेर तान्दै विश्वामित्रले भन्यो । मेनका चुपचाप शयनकक्षतिर लागी ।

विश्वामित्रले नाइटसुट फेऱ्यो, बाथरूम गयो र आएर आफ्नो सधैं सुत्ने स्थानमा पल्टिन पुग्यो । मेनका आफ्नो स्थानमा पहिल्यै सुतिसकेकी थिई । उसले निद्रा नआएको भए पनि आँखा चिम्लि नै रहेकी थिई । विश्वामित्र निदाएको थिएन तर ऊ पनि आँखा चिम्लेर निदाउने प्रयत्नमै देखिन्थ्यो । मेनकाले साङ्केतिक भाषामा विश्वामित्रलाई स्पर्श गरी । "मेनु ! आज म थाकेको छु, रात पनि धेरै छिप्पिसक्यो । सुतौं ल प्यारी !" विश्वामित्रले एकपल्ट मेनकाका गालामा चुम्मा खाएर उसका ढाडमा थुमथुम्याउँदै भन्यो । मेनकाले आफ्नो छटपटीको पर्याय मात्र खोजेकी थिई । अस्वीकृत भयो ।

तर आजको विश्वामित्रको व्यवहार मेनकालाई एकदमै अनौठो लाग्यो ।

"मेनु ! मलाई कहिलेकाहीं लाग्छ तिमी साँच्चै नै स्वर्गकै अप्सरा हौ, अरू कामदेवकी स्त्री रति हौ, म कामले लखतरान भएको

हुन्छु र तिमीसँग प्रेम प्रदर्शन गर्न सक्तिनँ कि भन्ने यस्तै केके सोच्दै जब घर आउँछु, त्यसपछि बिछ्यौनामा लमतन्न परे पनि तिम्रो एक स्पर्शले मेरो अवयवहरू थकाइहरू कहाँ हराउँछन्, थाहा छैन । भन प्यारी ! यो समय मात्र तिम्रा लागि हो । कुन्नि, तिमी कुन अप्सरा हौ, किन्नरी हौ वा कुन विलक्षण देवी !"

भावविव्हल भएर मेनकामै लिप्त हुने गर्दथ्यो विश्वामित्र । हुन पनि प्राकृतिक छेकबारका दिनहरूबाहेक विश्वामित्रले मेनकासँग अविरल रात प्रेम गरेको छ । घरमा बसेको बेला दिउँसै पनि उसलाई प्रेम नगरी हुन्न ।

तर आज के भयो विश्वामित्रलाई ? किन उसले अप्रत्याशित रूपमा यस्तो व्यवहार गऱ्यो ? मेनकाका मनभरि तर्क-वितर्क, शङ्का-आशङ्काका तरङ्गहरू सामुद्रिक छालका गतिमा आइरहे, गइरहे । त्यस रात मेनका कुन बेला निदाई, उसैलाई थाहा भएन ।

# पाँच

ओजस्वीको रातो स्कुटर विशालबजारका पार्किङमा रोकियो । स्कुटर पार्क गरिसकेपछि ओजस्वी अत्यन्त शालीन पाइला चालेर विशालबजारका मूल गेटतिर लागी । भारतीय ग्राहकहरूलाई भारतीय मूलकै पसलेहरूले ठग्ने केन्द्रका रूपमा विशालबजार प्रसिद्ध थियो ।

खरानी रङको टीसर्ट र नीलो स्ट्रेट जिन्समा ओजस्वी अत्यन्त फुर्तिली देखिएकी थिई । विशालबजारका सबै पसलहरूमा अधिकांश विदेशी, त्यसमध्ये पनि भारतीयहरूकै चहलपहल देखिन्थ्यो । आफूलाई धनाढ्य वर्गमा सामेल गराउन खोज्ने नेपालीहरू पनि फाट्टफुट्ट देखिइरहेका थिए । ओजस्वीले सबै पसलहरूलाई सर्सर्ती हेर्दै हिंडे पनि आज ऊ यहाँ किनमेल गर्न आएकी थिइन । त्यसो त ऊ यहाँ किनमेल गर्दिन भन्ने पनि होइन । कहिलेकाहीं उनीहरू पनि यहीं किनमेल गर्ने गर्छन् । उसकी मम्मीलाई पनि आफ्नो रइसपनको प्रदर्शनी गर्न यहाँ नआई हुन्नथ्यो । "अन्यत्रको सामानमा क्वालिटी हुन्न, पैसा परे पनि विशालबजारका मालमा क्वालिटी हुने गर्छ" ओजस्वीकी मम्मी भन्ने गर्थिन् । तर विगत तीन वर्षदेखि उसकी मम्मी पनि विशालबजारक्षेत्रमै प्रवेश गरेकी छैनन् ।

ओजस्वी आज यहाँ किनमेल गर्न आएकी थिइन । ऊ आज आफ्ना पितालाई भेट्न आएकी थिई । उसका पिताको कार्यालय यही विशालबजारमा वर्षौंदेखि रहँदै आएको उसलाई थाहा छ । त्यसैले ऊ स्कलेटरबाट तेस्रो तलामा पुगी र सरासर 'हिमालय नेपाल' नाम

भएको कार्यालयकक्षमा पुगी । बाहिर कोठामा उसका पिताकी पि.ए. केही टाइप गरिरहेकी थिई । कार्यालयको वातावरण शान्त थियो । मानिस बोलेको पनि सुनिंदैनथ्यो । यस्तो वातावरण देखेर उसलाई केही ढुक्कपन अनुभव भयो ।

पुरानी पि.ए. भएको भए उसलाई चिन्ने थिई । तर नयाँ पि.ए.ले प्रश्नात्मक दृष्टि दिई । उसले पनि एउटा चिटमा आफ्नो नाम लेखी । पि.ए.ले घण्टी बजाएपछि दीपबहादुर आयो । दीपबहादुरले ओजस्वीलाई देख्नासाथ बडो आदरका साथ अभिवादन गऱ्यो ।

"मैयाँसाबको पनि नाम लेख्नुपर्छ र !" दीपबहादुरले चिट खल्तीमा हाल्यो र भित्रको ढोका खोलेर आफू ढोकामा उभिंदै ओजस्वीलाई कोठाभित्र पस्ने आग्रहको अभिनय गऱ्यो । दीपबहादुरका व्यवहारले पि.ए. पछुताइरहेकी देखिन्थी र ओजस्वीका अनुहारमा भने गर्वका चिन्हहरू देखापरेका थिए ।

ऊ भित्र पसिसकेकी थिई । उसका पिताको कोठा पूर्ववत् नै थियो, खास परिवर्तन थिएन । तर जति परिवर्तन थियो त्यो उसका पिताका दृष्टिमा थियो । ओजस्वीलाई तीन वर्षअघि यही कार्यालयमा उसका पिताले हार्दिकतापूर्वक स्वागत गर्थ्यो र त्यहाँ अलिकति पनि पराईपन हुँदैनथ्यो । अहिले भर्खरै, ओजस्वी ढोकाबाट भित्र पस्तापस्तै जब उसको पिताका दृष्टि उसमाथि पऱ्यो त्यहाँ अलिकति पनि आफ्नोपन थिएन । एकमन उसलाई तुरुन्तै फर्केर जाऊँ जस्तो पनि लाग्यो । मन कुँडिएर आयो, आँखा रसाउन खोजे तर पनि उसले बल गरेर आफूलाई सम्हाली । आज उसले आफूलाई सम्हाल्नैपर्छ । ऊ आज आफ्नो लागि आएकी पनि होइन । ऊ जुन उद्देश्यले आएकी छ, त्यो उद्देश्य पूरा गर्नका लागि उसले पिताबाट यसभन्दा ठूलो अपमान खप्नुपरे पनि उसले विचलित हुनु हुन्न ।

त्यसैले उसका पितालाई उसको उपस्थिति अप्रिय लागे पनि आफ्ना पितालाई शिष्टाचार दर्शाएर अनिच्छापूर्वक ऊ भव्य कौचमा

थचक्क बसी । उसलाई ढोकाभित्र प्रवेश गराएपछि दीपबहादुर पनि ढोकामा थिएन । ढोका राम्ररी बन्द भएको आवाज आइसकेको थियो ।

यस बेला कोठामा पिता-पुत्री मात्र थिए । विश्वामित्र पूर्ववत् आफ्नो कार्यव्यस्ततामै लागिरहेको थियो । ओजस्वीको उपस्थितिलाई उसले अलिकति पनि महत्त्व दिएको थिएन । ओजस्वीलाई पिताको यस्तो व्यवहारले हुनसम्म चित्त दुख्यो तर उसले ती भावलाई मुटुबाहिर निस्कन दिइन । किनभने आज ऊ निरुद्देश्य आएकी थिइन ।

"बाबा ! मम्मी बिरामी होइस्सिन्छ ।"

"डाक्टरसँग चेकअप गराऊ" विश्वामित्रले रूखो जवाफ दियो ।

"डाक्टर विनोद अङ्कलले हेरी, जाँची औषधि दिनुभएको पनि धेरै भइसक्यो । एक महिनादेखि ओछ्यान पर्नुभएको छ !" ओजस्वीले मलिन अनुहार पारेर भनी ।

"मैले के गर्ने त, अरू ठूलो डाक्टर देखाऊ, बाहिर लग्नुपर्ने भए लग । मैले तिमीहरूलाई रुपैयाँपैसाको कमी पारेको भए भन । जति पैसा चाहिन्छ लैजाऊ । अरू म के गरूँ !" विश्वामित्रले आक्रोशमा आएर भन्यो ।

"बाबा ! पैसाले सबै कुरा हुँदैन, हजुरले हामीलाई केही कमी हुन दिस्सेको छैन, तर बाबा ! हामीलाई पनि त बाबा चाहिन्छ, हामीलाई साँच्चिकै माया गर्ने बाबा चाहिन्छ, हजुरले दिस्सेको रुपैयाँपैसाले हाम्रो बाबा किन्न पाइँदैन नि त !" ओजस्वीले कोमल स्वरमा भन्दै गई । ऊ भित्रभित्रै आर्द्र हुँदै गइरहेकी थिई । ओजस्वीका कुरा सुनेर विश्वामित्रले पनि कुनै जवाफ दिएन । यस बेला ऊ अपलक ओजस्वीका अनुहारमा हेरिरहेको थियो । उसलाई नवयौवना भइसकेकी ओजस्वी बालकजस्तो लाग्यो । शिशुअवस्थामा उसलाई बोकेको, उसको घोडा बनेर आफू आनन्दित भएको आदि इत्यादि सम्झियो । एकपटक त्यसरी घोडा बनेर हिंड्दाहिंड्दै ओजस्वीले उसका

ढाडभरि पिसाब गरिदिएकी थिई । त्यस दिन उसले ओजस्वीसँग रिसाएजस्तो गरेको थियो । शिशुअवस्थामा पनि ओजस्वीले हात जोडेर माफी मागेको भर्खरै जस्तो तरङ्गित भइरह्यो विश्वामित्रलाई । यस बेला अनगिन्ती कुराहरू विश्वामित्रका मानसपटलमा आइरहे । ओजस्वी नै विश्वामित्रकी जेठी छोरी । सन्तानलाई गर्ने मायाको सुरुआत नै ओजस्वीबाट भएको थियो । ओजस्वीकै कारण उसको पितृवात्सल्य पलाउन शुरु भएको थियो त्यस बेला ।

"बाबा ! हामीबाट के भूल भयो ?" ओजस्वी अब रुन थालिसकेकी थिई ।

विश्वामित्रका बाहिरी आवरणको एउटा कठोर पत्र अब उप्किन शुरु भइसकेको थियो । ऊ आफू बसेको व्हिल चेयरबाट उठेर ओजस्वी बसेकै कौचमा आएर बस्यो । आफ्नो हातले ओजस्वीका खुला केशराशिहरू सुमसुम्याउन थाल्यो । अब ओजस्वीको भक्कानोको बाँध पनि पूरै भत्किसकेको थियो । ऊ पिताका छातीमा टाउको पूरै अडचाएर रोइरही । आज धेरै दिनपछि उसलाई आनन्द आएको थियो । झन्नै तीन वर्षदेखि गुम्सिएर रहेका सारा पीडाहरू आज एकैपटक निस्कन तँछाड मछाडका सलबलाहटमा थिए । ऊ धेरैबेरसम्म रोइरही । विश्वामित्रले छोरीको टाउको छातीमा सम्हालेर चुपचाप उसको टाउको मुसारिरह्यो । उसको मन पनि एकतमास भएर आएको थियो । ऊ पुरुष, रुन पनि सक्तैनथ्यो र अपराधबोध भने एकनासले भइरह्यो उसलाई ।

"बाबा ! हामीलाई पनि हजुर चाहिन्छ, मेरो बाबा !" केही थामिन लागेकी ओजस्वी फेरि पनि भक्कानिएर रोई ।

"ओजु !" विश्वामित्रले छोरीलाई निधारमा चुम्मा खायो । ओजस्वीले तीन वर्षपछि यो सम्बोधन सुनेकी थिई । तीन वर्षपछि उसका निधारमा गङ्गाको पवित्र जलधारा सिञ्चन भएको थियो । ऊ अभिभूत भई ।

"बाबा ! एकपटक फेरि भनिबक्सियोस्न प्लीज मेरो बाबा !"

"मेरी ओजु, मेरी ओजु" विश्वामित्रले अब छोरीलाई वात्सल्यले रुमल्लिएर आलिङ्गन नै गऱ्यो । ओजस्वी पिताका अँगालामा सानी बालिकातुल्य भई ।

"बाबा ! घरमा आइस्योस्, मामु धेरै बिरामी होइस्सिन्छ । औषधिले पनि छोएकै छैन । निद्रामा हजुरको नाम लिस्सिन्छ । मैले बाबालाई बोलाइदिन्छु भन्दा रिसाइस्यो तर बाबा म राति सँगै सुत्छु । हरेक रात मामु निदाएका बेला हजुरको नाम हुन्छ मामुका मुखमा । बाबा ! मैले झूटो बोलेकी छैन । मलाई विश्वास गरिस्योस् ।"

ओजस्वीले विश्वामित्रका छातीमा टाउको राखेरै भनी र त्यसपछि टाउको उठाएर पिताका अनुहारमा आफ्नो वाणीको प्रतिक्रिया बुझ्न खोजी । पिताका अनुहारभरि दोधारहरू थिए । त्यहाँ केही अपराधबोध पनि थियो । तर ओजस्वीलाई दृढ निश्चय चाहिएको थियो ।

'बाबा आज आइस्योस् ल जसरी भए पनि, ओजस्वीले विश्वामित्रका गालामा, चिउँडामा, निधारमा जताततै चुम्मा खाइरही । "ओजु, म भरे आउँछु ।"

ओजस्वीले विश्वामित्रका आँखामा हेरी, ओठहरूमा हेरी र समग्र अनुहारमा हेरी । त्यहाँ दृढनिश्चय थियो । उसका बाबाले झूटो बोल्दैन । उसकी मामुलाई पनि विश्वामित्रमाथि त्यही एउटा कुरामा गर्व हुने गर्छ । उसका पतिले झूटो बोल्दैन । उसकी मामुले कहिलेकाहीं साह्रै पीडाले उरालेका बेला भन्ने गरेकी थिइन्, "ओजु ! तिम्रो बाबाले मलाई ढाँटेका छैनन्, त्यस दिन पनि उनी भनेरै गएका हुन्, 'सुमित्रा ! अब तिम्रो र मेरो सम्बन्ध यत्तिकै रह्यो । मलाई प्रेम चाहिन्छ, प्रेम गर्ने आइमाई चाहिन्छ, मलाई मेनकाले प्रेम गर्छे, म पनि उससँग प्रेम गर्छु । अब म विवाह पनि गर्छु उसैसित । तिमी चाहन्छचौ भने पारपाचुके.... ।'

उसकी मामु पनि कम दम्भकी थिइनन् । 'हजुरको खुशी' भनेर बिदा गरेकी थिइन् त्यस बेला । त्यसपछि विश्वामित्रले सुमित्रालाई भेटेको थिएन । हिजोका कुरासँग ओजस्वीलाई सरोकार राख्नु पनि छैन । उसलाई मात्र आज उसको बाबा चाहिएको थियो– उसको प्यारो बाबा । उसका बाबाले झूटो बोल्ने गरेको छैन । त्यसैले ऊ ढुक्क भई, भरे उसको बाबा घरमा आउँछ ।

"बाबा, पक्कै आइस्सिन्छ होइन ? हामी पखिरहन्छौं, आइस्योस् है बाबा !"

फेरि पनि निर्धक्क हुन खोजी ओजस्वी, त्यसैले पितासँग लाडिएर छातीमा मुन्टो दलेर अनुनय गरी उसले ।

"आउँछु ओजु, अवश्य आउँछु । ए तिमी के खान्छचौ, कफी, कोल्ड ड्रिङ्क ।" उसले कौचबाट कलिङ बेल बजाउन खोज्दै भन्यो ।

"नाइँ बाबा, मलाई केही चाहिँदैन । बाबा म केही खान्नँ" ओजस्वीले पितालाई कौचबाट उठ्न दिइन । विश्वामित्रले पनि छोरीलाई कर गरेन । ऊ ओजस्वीलाई छातीमा टाँसेर केहीबेर वात्सल्यप्रेममा आनन्दित भइरह्यो ।

"ओजु ! अब तिमी जाऊ । मलाई केही जरुरी कागजातहरू तयार गर्नु छ । आज एकचोटि एयरपोर्ट पनि पुग्नु छ ।" विश्वामित्रले आफ्ना जरुरी कामहरू सम्झन खोज्दै भन्यो । ओजस्वी एकैछिन पूर्वावस्थामै रही । त्यसपछि आफ्ना बाबाका निधारमा च्वाप्प म्वाइँ खाएर जुरुक्क उठी । आफूले ल्याएका झोलाबाट मेकअप ग्लास झिकी र हेरी । त्यसपछि आइसेडो र हल्का रुज थपेर ऊ बाहिर निस्कन तयार भई । विश्वामित्रले ओजस्वीलाई हेरिरहेको थियो । 'तीन वर्षमा कति ठूली भएकी ओजु !' भर्खरै आफ्नो छातीमा टाउको राखेर रोइरहेकी ओजस्वी र अहिले बाहिर निस्कन तम्तयार भएकी ओजस्वी एकै होइनन् जस्तो लाग्यो विश्वामित्रलाई ।

"बाबा !" आफूलाई यसरी ट्वाल्ल परेर पिताले हेरिरहेको देखेर ओजस्वी लाडिएर पितानजिक उभिई ।

"म जौं !" ओजस्वीले पितासँग आज्ञा मागी । विश्वामित्रले टाउको हल्लायो । ऊ मुस्कुराई । विश्वामित्र पनि मुस्कुरायो । ओजस्वीलाई आफ्नो अँगालामा संसारभरिको सुख ओइरिएको अनुभूति भएर आयो । उसले मुस्कुराएको आफ्नो पिताको अनुहार अत्यन्तै शालीन र सुन्दर देखी । ढोकामा पुग्न लागेकी ओजस्वी पुन: फर्केर पिताको नजिक पुगी र पिताका निधारमा लगातार चुमीरही, "बाबा, मेरो बाबा...." ओजस्वी भावविव्हल हुन खोजी । विश्वामित्रले पनि कौचबाट उठेर छोरीका निधारमा म्वाइँ खायो । "ओजु, मेरी प्यारी छोरी !"

अब ओजस्वी ढोका खोलेर कोठाबाट बाहिर निस्कन लागेकी थिई । ढोकामा पुगेर उसले पुन: पिताका आँखामा हेरी, त्यहाँ विशाल प्रेमको मात्र समुद्र उर्लिरहेको थियो । केहीबेरअघि आफू कोठामा पस्दाखेरिको पिताको दृष्टि झूटो लाग्यो ओजस्वीलाई । उसले पुन: नयन बिदा मागी पितासँग, पुत्रीसँग पिताले पनि ।

'ओजुको पनि बिहा गर्ने बेला भैसकेछ !' ओजस्वी कोठाबाट बाहिर निस्किसकेपछि विश्वामित्रले सम्झ्यो ।

यो ठीक त्यसै दिनको घटना थियो जुन दिन मेनकाले मेनवि जन्मेपछि पहिलोपटक गाजरको हलुवा पकाएकी थिई । ओजस्वी मेनकाले दिएको दुई चम्चा हलुवा खाएपछि आफ्नो घरमा पढ्न भनेर पुगेकी थिई तर उसको मनमस्तिष्कले उसलाई पढ्ने अनुमति नै दिएन । त्यसै बेला अचानक उसका मनमा पिताको छवि मात्र आइरह्यो र ऊ कपडा बदलेर पिताको कार्यालय पुगेकी थिई ।

# छ

त्यस दिन विश्वामित्रले पनि कार्यालयको खास काम गर्न सकेन । माल छुटाउने सम्बन्धमा केही अत्यन्तै जरुरी काम भएकाले ऊ एयरपोर्ट पुग्यो । एयरपोर्टमा कुनै एयरलाइन्सका काउन्टरमा एउटी सुन्दर युवती देखेपछि झट्ट उसले मेनकालाई सम्झ्यो । ओहो ! ऊ पर्खिराखेकी होली ।

उसले एयरपोर्टबाटै मेनकालाई आफ्नो असमर्थता प्रकट गरेको थियो । त्यसपछि त्यहाँ आफ्नो काम सिद्ध्याएर ऊ सीधै घरतिर लागेको थियो । बाटाभरि उसलाई आफ्नो घर, चोटाकोठा, फूलबारी, क्याक्टसका विभिन्न प्रकारहरू, भव्य सज्जा गरिएको बैठककोठा, आफू झन्नै पच्चीस वर्षसम्म सुतेको शयनकक्ष र सुमित्रासँग बिताएका दिनहरू क्रमश: स्मरण भइरहे । उसले ओजस्वी र ओजस्वीपछि क्रमश: जन्मिएका दुर्गेश र दीपेशलाई पनि सम्झिरह्‍यो । दुर्गेश र दीपेश पनि यी तीन वर्षमा ओजस्वीजस्तै ठूला भइसके होलान् । उसलाई एकैचोटि पुत्रस्नेह जागृत भएर आयो । आज उनीहरू दुवैसँग पनि वात्सल्य सुखभोग गर्ने कल्पनामा ऊ रमायो । विगतका दिनहरू मात्रै आइरहे उसका मनभरि, छातीभरि ।

'सुमित्राले कहिल्यै किन बुझिन मलाई ! आखिर मेरा आवश्यकता र चाहनासँग किन उसले सरोकार राखिन ? त्यस बेला म जतिजति उसको नजिक पुग्न खोज्थें ऊ त्यतित्यति मभन्दा टाढा जान खोज्थी । मैले कैयौंपटक उसलाई भनेको पनि हुँ "सुमी मलाई प्रेम

गर, आऊ मसँग कुरा गर, हामी गफ गरौं, कहीं होटलमा खाना खान जौं, अथवा लङ ड्राइभिङमा जौं आदि इत्यादि ।" तर मसँग बिताउने समय नै थिएन उससँग त्यस बेला । उसका हजारौं व्यस्तताहरूबीच मेरो चाहनाको कुनै अर्थ राख्दिनथी ऊ ।' विश्वामित्रले हर्न बजायो । चौकीदारले एकपटक आश्चर्यचकित भएर मोटर हेऱ्यो, मोटरको ड्राइभिङ सिटमा बसेका आफ्ना मालिकलाई हेऱ्यो । पलभर ऊ अचम्मको मुद्रामा उभियो । र, तुरुन्तै फाटक खोल्यो । त्यसपछि एक छेउ लागेर हत्तपत्त अभिवादन गर्दै अर्धाकारमा झुक्यो । विश्वामित्र श्यामबहादुरलाई हेरेर केही मुस्कुराउन खोज्यो । तर उसका ओठमा स्वाभाविक मुस्कान आउन सकेन । गाडी पोर्चमा पुगिसकेको थियो । गाडीको आवाज सुनेर ओजस्वी ढोकामा आइपुगेकी थिई । विश्वामित्र गाडीबाट ओर्ल्यो । गाडीको ढोका बन्द गर्दै उसले फूलबारी र क्याक्टसका गमलातिर एक दृष्टि दियो । अहँ, कहीं फरक छैन; जस्ताको तस्तै । समयका अन्तरालको एउटै छाप पनि उसले त्यहाँ देखेन । "बाबा !" ओजस्वी हर्षका भावातिरेकमा रुमल्लिँदै विश्वामित्रको हात समात्न आइपुगी । उनीहरू दुवै घरभित्र प्रवेश गरे । आफ्नै घरमा पनि अतिथि अनुभूति बोकेर, एक किसिमको सन्त्रास बोकेका मुटुले विश्वामित्र ओजस्वीको हात समातेर अघि बढिरह्यो । भऱ्याङमा सावित्रीले विश्वामित्रलाई हत्तपत्त अभिवादन गरी । तर विश्वामित्रले सावित्रीका अनुहारमा हेरेन । सावित्री यस बेला उसको लक्ष्य थिइन । त्यसैले ऊ चुपचाप ओजस्वीसँग हिँडिरह्यो । अब भऱ्याङ उक्लेर उनीहरू शयनकक्षाका ढोकाअगिल्तिर पुगेका थिए । यस बेला विश्वामित्रको मुटु ढक्क भयो । उसले ओजस्वीका हातमा दबाब पनि बढाएको थियो । ओजस्वीले पिताका अनुहारमा हेरी । यस बेला विश्वामित्रलाई ओजस्वी छोरीजस्तो पटक्क लागेन । उसलाई त ओजस्वी आफ्नी दिवङ्गत आमाजस्तो लाग्यो । ओजस्वीका आँखाहरूले विश्वामित्रलाई साहसको सञ्चार गराएका थिए । त्यस बेला विश्वामित्रले आफ्नो शिशुअवस्था सम्झ्यो,

जब ऊ कुनै अपराध गरेर सजायका लागि आफ्ना पिताका अगाडि डाकिन्थ्यो त्यस्तो बेलामा आफ्नी माताका धोतीको फेर समातेर ऊ मातासँग टाँस्सिँदै पिताका अगिल्तिर पुग्ने गर्दथ्यो । त्यसपछि उसकी माताले भयातुर करुणामय आफ्नो पुत्रका कसूरलाई पिताका अगिल्तिर ढाकछोप गरेर विश्वामित्रलाई निरपराध साबित गराइदिन्थिन् । आज ओजस्वीको हात समातेर त्यही अनुभूति दोहोरिँदै थियो, विश्वामित्रलाई ।

ओजस्वीले ढोका खोली । दुवै भित्र पसे । ओजस्वीले ढोका बन्द गरी । विश्वामित्रले डराएर भए पनि आफ्नो कोठा सरर्र हेर्‍यो, बिछ्यौना हेर्‍यो, बिछ्यौनामा ओछ्याइएको तन्ना हेर्‍यो, झ्यालका पर्दाहरू हेर्‍यो । अहँ, कतै परिवर्तन छैन । सबै जस्ताको तस्तै ।

"मामु ! बाबा आइस्सेको छ, यता हेरिस्योस् त ।" ओजस्वीले बिछ्यौनानजिक पुगेर भित्तापट्टि फर्केकी सुमित्रालाई बोलाई । सुमित्रा झस्की, टाउको झट्ट फर्काएर हेरी, उसलाई विश्वास लागेन । उसले फेरि पनि हेरी, आँखा चिम्लँदै खोल्दै गरी । तर शरीर भने यता फर्काइन । बरु टाउको पनि उतापट्टि फर्काई ।

विश्वामित्रले ओजस्वीलाई हेर्‍यो, यस बेला ओजस्वीलाई आफ्नो पिता छात्र र आफू गुरु भएजस्तो लाग्यो । उसले आँखाका इशाराले पितालाई त्यहीं बस्ने आदेश गरी र आफूचाहिँ कोठाबाट फुत्त बाहिर निस्की ।

अर्थात् ओजस्वी ढोका लगाएर बाहिर निस्किसकेकी थिई ।

विश्वामित्र बिछ्यौनाका छेउमा बसेको थियो । एकछिन विश्वामित्रले के गर्ने भन्ने निर्णय गर्न सकेन । साइड टेबुलमा औषधिका थुप्रै गोलीहरू र झोलका शिशीहरू थिए । उसले दोलाईं ओढेर सुतेकी सुमित्रालाई बाहिरैबाट नियाल्यो । ओहो ! त्यत्रो शरीर घटेर आधा भएछ, उसका हात यन्त्रवत् सुमित्राका तिघ्रामा पुगे । उसले दोलाईंबाहिरैबाट तिघ्रामा थपथपायो । सुमित्राको मधुरो रोदनको अनुभूति

भयो उसलाई । 'सुमित्रालाई के भयो ! केही भयो भने ! ओहो ! म कस्तो पापी रहेंछु । यत्तिका दिनसम्म कुनै खोजखबर नै राखिनँ ।' विश्वामित्रका मनभरि अपराधबोधले सताइरह्यो । ऊ सुमित्राको अरू नजिक टाँस्सियो । अब उसको हात सुमित्राका टाउकामा पुगेको थियो । केश मुसारेर बिस्तारै उसको हात सुमित्राका आँखामा पुगेर आँसु पुछ्न थाले । सुमित्राका आँसु थामिनुको साटो रून् उर्लेर बगिरहे । अब सुमित्राका रोदनले गति पाइसकेको थियो । सुमित्रा विश्वामित्र भएपट्टि फर्किसकेकी थिई । विश्वामित्रका हातलाई आफ्नो गालाले थिचेर ऊ आवाज निकालेर रुन थाली । विश्वामित्रले अर्को हात बढाएर सुमित्राको आँसु पुछ्न खोज्यो । केही बोल्न खोज्यो, तर उसको वाणी हराएको थियो । सुमित्रा एकनास रोइरही, उसले हेरिरह्यो, सुनिरह्यो । विश्वामित्रका आँखामा पनि आँसु आउन खोजे तर रोकिए । ऊ भित्रभित्रै विव्हलित भइरह्यो ।

"सुमु !" बल गरेर वाणी फुटायो विश्वामित्रले ।

ऊ रोइरही, आँखा चिम्लेर रोइरही । विश्वामित्रको टाउको सुमित्राका गालामा टाँस्सिएको थियो । अब सुमित्राका आँसु विश्वामित्रका निधारमा तप्किँदै थियो । त्यसै बेला विश्वामित्रले सुमित्राका ओठमा आफ्नो ओठ राख्यो । औषधिको हरक आयो विश्वामित्रका नाकमा । तर पनि उसले आफ्नो ओठ सुमित्राका ओठबाट हटाएन । बिस्तारै चुम्यो ती ओठहरू । पूर्वस्वाद स्मृति भएर तृप्त हुन खोज्यो विश्वामित्र ।

"सुमु !" फेरि गुनगुनायो विश्वामित्र । "मेरो बाबूराजा,...मलाई...माफ.... गर्दिस्योस् ।" सुमित्राको बोली भर्खर वाक्य फुटेकी बालिकाको जस्तै गरी आएको थियो । अब सुमित्राले विश्वामित्रको ओठ चुमिरहेकी थिई । विश्वामित्रलाई थप अपराधबोध भयो, उसको मुटु भक्कानिएर आयो । अब उसका आँखामा आँसु र मनमा पीडाको भक्कानो उर्लिने पाली थियो ।

"तिम्रो के दोष छ र सुमु ! मलाई माफ गर, म तिम्रो अपराधी हुँ" आर्द्र भएर विश्वामित्र बोलेको थियो ।

आज झन्नै चार वर्षपछि विश्वामित्र सुमित्राका आलिङ्गनमा बाँधिएको थियो । सुमित्रा असाध्यै कमजोर भएकी थिई । विश्वामित्रले उसलाई माया मात्रै गरिरह्यो । सुमित्रा धेरैबेरपछि थाकेर विश्वामित्रका छातीमै निदाएकी थिई ।

# सात

मस्त निदाएकी सुमित्रालाई आफ्नो छातीबाट हटाउन पनि मन लागेन विश्वामित्रलाई । उसलाई त्यस क्षण सुमित्राप्रति पत्नीप्रेमभन्दा पनि वात्सल्य उर्लेर आएको थियो । निदाएकी सुमित्रा देखेर विश्वामित्रले सुमित्राको जीवनकहानी नै सम्झिरह्यो । सुमित्राको र विश्वामित्रको अन्तर्जातीय विवाह भएको थियो । सुमित्राका मातापिताले धेरै पछि मात्र सुमित्रा र विश्वामित्रलाई स्वीकारेका थिए । सुमित्रा हठी स्वभावकी थिई । त्यसैले माइतीमा पनि उसलाई कसैले रुचाउँदैनथे । पोइल गएकी छोरीलाई माइतीले रुचाउनैपर्ने पनि आवश्यकता थिएन ।

त्यस बखत विश्वामित्रसँग पनि केही थिएन । पुस्तैनी सम्पत्ति नाममात्रैको थियो । आफूले आर्जन गर्न सकेको थिएन । सुमित्रालाई भगाएर ल्याएपछि बिहान र बेलुकीको छाक टार्न पनि मुस्किल थियो विश्वामित्रलाई । तर उसको कर्मको फल हो अथवा सुमित्राका भाग्यको खेल, यो दु:खको दिन दुवैले धेरै दिन झेल्नु परेन । विश्वामित्रले ज्वाइन गरेको निजी कम्पनीका मालिक उसको इमानदारी र कार्यदक्षताबाट खूबै प्रभावित भएका हुँदा उनैका सहयोगबाट विश्वामित्रले आफ्नो निजी व्यवसायको सुरुआत गरेको थियो । त्यसपछि उसले असफलता देख्नु परेन । क्रमश: ऊ सफलतामै चुलिँदै अगाडि बढिरहेको थियो । निरन्तर अगाडि ।

विश्वामित्र सुमित्रालाई महारानीका ठाँटबाँटमा राख्न खोज्थ्यो । उसले सुमित्रालाई कुनै कुराको दु:ख नहोस् भन्नाखातिर घरघरायसमा

आवश्यकताअनुसार काम गर्ने कामदार पनि दर्जाअनुसारले राखिदिएको थियो । तर सुमित्रालाई आफ्ना छोराछोरी र पतिका लागि आफैंले खाना पकाएर खुवाउनुपर्दथ्यो । उनीहरूका लुगा पनि ऊ स्वयंले नै धुनुपर्दथ्यो । अर्काले पकाएको खाना र अर्काले धोएको लुगा सुमित्रालाई पटक्कै मन पर्दैनथ्यो । विश्वामित्र चाहन्थ्यो, ऊ घरमा भएको बखत सुमित्रा हजार काम छोडेर पनि विश्वामित्रकै बाहुपाशमा बसोस् । तर सुमित्राका लागि त्यसभन्दा जरुरी लोग्ने र छोराछोरीको हेरविचार थियो । जहिले पनि यही द्वन्द्वले ती दुवैबीच वादविवाद हुने गर्दथ्यो । सुमित्रा सक्रिय हुन चाहन्थी, गृहकार्यमा निपुण ऊ हात खाली बस्दिनथी । उसका हातहरू लोग्ने र छोराछोरीका लागि स्वेटर बुनिरहेका हुन्थे, अन्यथा कुनै कुरुस काँटाले लेश, झल्लरी बुन्दै गरेका हुन्थे अथवा कुनै मेजपोश, तन्ना, टीभी कभरको कढाइ वा पेन्टिङको काम गरिरहेका हुन्थे । विश्वामित्रलाई सुमित्राले गरेका यी कुनै काम मन पर्दैनथे । विश्वामित्र घरमा भएका बेला शयनकक्षमा सुमित्राको प्रेमपूर्ण उपस्थितिको मात्र आवश्यकता महसुस गर्दथ्यो ।

सुमित्रा पनि जिद्दी स्वभावकी थिई, आफ्नो इच्छा लागेजति गरेरै छोड्थी । 'बाबूराजा किन बुझ्दैन, मैले घर र छोराछोरीका लागि गरेको काम पनि उसलाई मन पर्दैन भने नपरोस् । कति बस्नु कोठामा, छोराछोरी पनि अब ता ठूल्ठूला भइसके । ढोका थुनेर बाबुआमा बसिरहँदा के भन्लान् ।' यस्तै सोच्ने गर्थी सुमित्रा ।

तर विश्वामित्र भित्रभित्रै पाकिसकेको थियो । ऊ सुमित्राका व्यवहारले गर्दा दिनदिनैजसो विद्रोही हुँदै गइरहेको थियो । सुमित्राको रूखो व्यवहारले गर्दा ऊ नगरकोटका रिसोर्टमा पनि रात बिताएर आउँथ्यो । तर आजकल एड्सको डर भएकाले त्यहाँ पनि ऊ रमाउन सकेको थिएन । यिनै परिस्थितिबाट गुज्रँदै गरेको विश्वामित्रको मेनकासँग भेट हुन पुग्यो, अप्रत्याशित रूपले ।

सुमित्रा बिउँझेकी थिई । उसको तरङ्ग पनि भङ्ग भयो । उसले घडीमा आँखा पुऱ्यायो । रात छिप्पिने क्रममा थियो । अर्थात् नौ बजिसकेको थियो ।

"सुमु, म जानुपर्छ" विश्वामित्रले आफ्नो आवाज केही दबाएर भन्यो । केहीबेर सुमित्राले आफ्नो टाउको विश्वामित्रका छातीमा जोतिरही । आफ्नो ओठ विश्वामित्रका ओठमा पुऱ्याएर उसले सरक्क चुम्बन गरी ।

"बाबूराजा भोलि पनि आइस्योस् है" सुमित्राले कोमल स्वरमा पतिलाई अनुनय गरी । विश्वामित्रले कुनै जवाफ दिएन । सुमित्राका ओठमा चुम्बन गऱ्यो र उसलाई आफ्नो अँगालामा बिस्तारै कस्न खोज्यो । सुमित्राको शरीर तातो भएको थियो । विश्वामित्रले सम्झन खोज्यो, ऊ अघि कोठामा आएर सुमित्रालाई छोएका बेला सुमित्राको दोलाईं ओढेको शरीर पनि चिसो थियो । 'अहिले कस्तो मज्जाले तातेर आएछ' उसले मनमनै भन्यो । सुमित्राका छातीमा टाउको राखेर उसले त्यहाँ पनि चुम्यो । त्यसपछि ऊ जुरुक्क उठ्यो । ढोकानेर पुगेर एकपटक सुमित्रालाई हेऱ्यो । सुमित्रा प्रेमदृष्टिले लिप्त भएर उसलाई प्रेमआमन्त्रण गरिरहेकी थिई । 'अब अबेर भइसक्यो मेनकाले पर्खिरहेकी होली' उसले मनमनै सोच्यो । ढोका उघारेर बन्द गर्दै ऊ सरासर भऱ्याङ ओर्लियो । बैठककोठामा बसेर ओजस्वी पढिरहेकी थिई । पिताको पदचाप सुनेर बाहिर निस्की । यस बेला दुवैले एकअर्कालाई हेराहेर गरे । दुवैका दृष्टिले दुवैप्रति कृतज्ञता प्रकट गरे । यस क्षण दुवै सन्तुष्ट थिए । दृष्टिबाटै बिदा भएर ढोकामा विश्वामित्र पुगेको थियो ।

"बाबा भुजा ज्यूनार गर्दा हुन्न र ?" ओजस्वीले अनुरोध गरेकी थिई ।

"ओजु, अर्को दिन" विश्वामित्रले जवाफ दिँदै, अघि बढेको थियो । त्यसपछि विश्वामित्र आफ्नो मोटर चढेर त्यहाँबाट हिंडेको

थियो । सुमित्रासँग बिदा भएर निस्केको विश्वामित्रको लक्ष्य मेनका नै थिई तर मेनकाको घर जाने मोडमा पुगेपछि किन हो कुन्नि विश्वामित्रलाई घर जान मन लागेन । आज उसलाई नाइट क्लब गएर पिउन मन लाग्यो । त्यसैले उसको मोटर नाइट क्लबका मोडतिर मोडियो ।

नाइट क्लबमा गएर आफ्नै धुनमा बाह्र बजेको थाहा पाएन उसले । त्यस रात त्यसैत्यसै अमिलो हुन खोजेको मन बोकेर ऊ मेनकाको घर पुगेको थियो ।

भोलिपल्ट कार्यालयका लागि हिंडेको उसको लक्ष्य सुमित्राका घरतिर मोडिएको थियो । उसलाई कार्यालय जाने इच्छै भएन ।

सुमित्रा बगैंचामा टहलिइरहेकी थिई । उसलाई देख्नेबित्तिकै खुशीले उज्याली भई । ओजस्वी साथीको घर गएकी थिई । आज उसले दुर्गेश र दीपेशका बारेमा थाहा पायो । दुवै बोर्डर्स रहेछन् । सावित्री बाथरूममा लुगा धोइरहेकी थिई । सुमित्रा अघिअघि र विश्वामित्र पछिपछि भित्र पसे । भऱ्याङ उक्लेर दुवै शयनकक्षमा पसिसकेका थिए । हिजो साँझकी सुमित्रा र अहिलेकी सुमित्रामा आकाशजमीनको फरक देख्यो विश्वामित्रले । "ओजु छक्क परेकी छ, हिजो र आज मैले भुजा खाएको देखेर" सुमित्राले विश्वामित्रका दृष्टिको जवाफ दिई ।

विश्वामित्रको मोजा खोल्न लागी सुमित्रा । पूर्वदिनहरूको सम्झना भएर आयो विश्वामित्रलाई "भैगो सुमु पर्दैन, म गइहाल्छु, तिमी आराम गर" विश्वामित्रले मोजा खोल्न लागेकी सुमित्रालाई पन्छाएर भन्यो ।

"एकैछिन आराम गरे भइहाल्छ नि, हुन्न र ?"

सुमित्राले प्रेमनिवेदन गरी, विश्वामित्रले विरोध गर्न सकेन । दुवै खुट्टाका मोजा खोलिसकेपछि विश्वामित्र बिछ्यौनामा ढल्कियो ।

सुमित्रा विश्वामित्रका खुट्टा सुमसुम्याउन लागी । अहिले साँच्चै विश्वामित्रलाई थकाइ लागेर आयो । यो थकाइ विश्वामित्रलाई धेरै अघिदेखि लागेको थियो तर विश्वामित्रलाई नै आफू थाकेको थाहा रहेनछ । ऊ यसबिघ्न थाकेको रहेछ– उसले प्रतिवाद गरेन । सुमित्राले खुट्टा मिचिरही । सुमित्राले उसको खुट्टा सुमसुम्याएका स्पर्शले ऊ पनि तृप्त हुन खोज्यो । सुमित्राका कोमल हातहरूको परिचित स्पर्शले गर्दा उसले धेरै दिनपछि अपार तृप्ति अनुभव गऱ्यो । विश्वामित्रले त्यसपछि आँखा चिम्ल्यो । आँखा चिम्लीचिम्ली ऊ ऊस्क्यो, ओहो ! बिरामी सुमित्राबाट मैले यो के गराएको होला ! ऊ जुरुक्क उठ्यो र सुमित्रालाई समातेर तान्यो । "तिमी बिरामी छ्यौ, के भएकी सुमु, म पनि कस्तो हुस्सू ।" अब सुमित्रा सुतेकी थिई, उसैलाई अँगालो हालेर विश्वामित्र पनि सुतेको थियो । "आज कस्तो छ तिमीलाई, औषधि खायौ ?" सुमित्राका गालामा ओठ जोडेर विश्वामित्रले सोधेको थियो । "छि: त्यस्तो मोरो औषधि, हेरिस्योस्न मैले जम्मै फाल्दिएँ । अब हजुर आएपछि मलाई किन चाहियो र औषधि !" सुमित्राले विश्वामित्रका छातीको रौंमा आफ्नो ओठ दल्दै लाडिएर भनी । नभन्दै हिजो औषधि राखिएको साइड टेबुलमा विश्वामित्रको आँखा पऱ्यो । त्यो साइड टेबुलमा ताजा फूलको फूलदान राखिएको थियो । औषधिको नामोनिसान देखेन विश्वामित्रले ।

"किन त्यसो गरेकी सुमु, डाक्टरलाई देखाएर राम्ररी औषधि गर्नुपर्छ । ऐनामा हेर त दुब्लाएर हाडछाला मात्र छ तिम्रो" विश्वामित्रले सुमित्रालाई टाउकादेखि खुट्टासम्म हेरेर सुमित्राका गालामा हातले मुसार्दै भन्यो । सुमित्राले आँखा चिम्लिरही । उसका अनुहारमा आत्मसन्तुष्टिको पूर्ण छवि देखापरेको थियो ।

"आज ओजुले हलुवा बनाउन बिहानै रमेशलाई गाजर मगाएर राखेकी छ । आज बाबा आइसिन्छ भन्दैथिई" निकैबेरपछि सुमित्राले जानकारी दिन खोजी ।

"पर्दैन सुमु, तिमी बिरामी छ्यौ, तिमीले किन त्यस्तो झन्झट गर्नुपर्‍यो ? पछि तिमीलाई सन्चो भएपछि खाउँला" विश्वामित्रले भन्यो ।

"हैन, आज मैले बनाउने होइन । ओजुले मसँग सबै तरीका सिकेकी छ । आज पहिलोपटक उसले बनाउने । हजुरले चिन्ता गर्नै पर्दैन" सुमित्राले आश्वासन दिई ।

त्यसपछि दुवै धेरै बेरसम्म केही बोलेनन् । विश्वामित्रको दिउँसो निदाउने आदत थिएन तर आज किन हो रमाइलो गरी निद्रा पर्ला जस्तो भइरह्यो । सुमित्राले लोग्नेलाई निद्रा लाग्न लागेको बुझेर उसको केश मुसार्न शुरु गरी ।

"बाबा, उठिस्योस् त, आज मैले हजुरका लागि गाजरको हलुवा बनाएकी छु" ओजस्वी स्टीलका किस्तीमा एउटा स्टीलको डेक्ची, केही प्लेट र चम्चाहरू लिएर शयनकक्षमा प्रवेश गरेकी थिई । पछिपछि सुमित्रा पनि शालीन चालमा गर्वित मुहार लिएर कोठामा प्रवेश गरी ।

"ओहो ! कति बेर निदाएँछु" विश्वामित्रले भित्ते घडीमा आँखा पुर्‍यायो, पाँच बज्न लागिसकेको रहेछ । विश्वामित्र उठेर बिछ्यौनानजिकका कौचमा बस्यो । सुमित्राका हातमा पानीको गिलास थियो । उसले सुमित्राका हातबाट गिलास लिएर पानी घटघटी पियो । आज धेरै दिनपछि पानीको स्वाद पनि भिन्न किसिमले मीठो लाग्यो उसलाई । उसले पानी पिइसकेर सुमित्राका हातमा गिलास राखेपछि एकपल्ट सुमित्राका अनुहारमा दृष्टि पुर्‍यायो । अहिलेकी सुमित्रा हिजो साँझ उसले भेटेकी सुमित्रा नै होइन जस्तो लाग्यो उसलाई ।

"मामु, मीठो बास्ना आएको छैन ! खाऊँ न, मलाई त कस्तो खान मन लागिसक्यो, भन्या" ओजस्वीले बालहठ गर्न खोजेर भनी । ओजस्वीका कुरा सुनेर विश्वामित्र नहाँसी बस्न सकेन, ऊ हाँस्यो । विश्वामित्रका अनुहारमा हेरिरहेकी सुमित्रा पनि विश्वामित्र हाँसेको देखेर केही प्रफुल्ल भई ।

ओजस्वी आफ्ना प्रसन्न मातापिताका भावभङ्गिमा देखेर रमाई । उसले हलुवाको डेक्चीको बिर्को खोली । साँच्चै नै हलुवाका बास्नाले त्यहाँको वातावरण मगमगायो । सुमित्राका निर्देशनमा ओजस्वीले गाजरको हलुवा साँच्चै मीठो पकाएकी थिई ।

विश्वामित्रले तृप्त भएर खायो । सुमित्रा र ओजस्वीले पनि मीठो मानेर खाए । सुमित्रा प्रफुल्ल थिई; ओजस्वी परितृप्त ।

विश्वामित्रले आज बिहान मात्रै भुजा खाएपछि मेनकाले खुवाएको हलुवा सम्भ्र्यो । त्यो मीठो, यो पनि मीठो । बिहान त्यही मीठो लागेको थियो, अहिले यही मीठो । सुमित्राका हातको खानेकुरा विश्वामित्रलाई धूमधाम मीठो लाग्थ्यो । मेनकासँग भेटघाट हुनुअघि ऊ कहीं गएर पनि तृप्त हुँदैनथ्यो । सुमित्रासँग झगडा गरेर हिंड्दा पनि उसले खुवाएको खानपान सम्झने गर्दथ्यो । हुन पनि सुमित्रा उसका हरेक आहारविहारको ख्याल राख्थी, चिसो-तातो, चर्को-बिलिनो, गुलियो-पिरो सबै कुरा विश्वामित्रले चाहेअनुसारको ठिक्क पारेर मात्रै दिने गर्थी ऊ । त्यसैले पनि तीस वर्षभन्दा बढीका साहचर्यमा विश्वामित्रसँग एउटा आदत भएर गाँसिएकी थिई सुमित्रा ।

“बाबा ! मैले पकाएको हलुवा मीठो लागेन हजुरलाई ?” सोचमग्न पितासँग अप्रत्याशित प्रश्न गरी ओजस्वीले ।

“कत्ति मीठो, साह्रै मीठो पकाएकी छौं ओजु ! अब तिमी पास गाजरको हलुवा पकाउन । भोलिपर्सि बिहे भएपछि पनि यसरी नै जम्छ तिम्रो सीप” विश्वामित्रले छोरीलाई जिस्काउन खोज्यो ।

“अँ...बाबा....पनि, म काँ अरूलाई पकाएर खुवाउँछु र, हजुरलाई भनेर पो !” ओजस्वीले लजाउँदै भनी र खाइसकेका भाँडा प्लेटहरू ट्रेमा राखेर कोठाबाट बाहिर निस्कन लागी । “छोरी भाँडा पुऱ्याएर आऊ है, तिमीसँग कुरै गर्न पाएको छैन” विश्वामित्रले छोरीलाई मायालु आवाजमा भन्यो । “होइन बाबा, मेरो परीक्षा नजिकै आइसक्यो,

म पढ्छु, हजुर र मम्मी गफ गरिस्योस् । बाबा आज यहीं भुजा ज्यूनार गरिस्योस् है । म सावित्रीलाई भान्टाको तरकारी पकाउन लगाउँछु । हजुरलाई सारै मन पर्छ हैन ? हजुर नभएका बेला मामुले हामीलाई भान्टाको तरकारी खान नै दिस्सिन्नथ्यो । आज खाने ल । मलाई पनि साह्रै मीठो लाग्छ नि" ओजस्वीले एकै सासमा सकी यी शब्दहरू । उसले यति छिटै यति धेरै कुराहरू भनी, र विश्वामित्रसँग त्यसको प्रतिवाद गर्ने ठाउँ नै थिएन । उसले सुमित्राका अनुहारमा हेऱ्यो त्यहाँ पनि प्रबल अनुनयविनय देख्यो । त्यसपछि उसले हाऱ्यो ।

"त्यसो भए म एकपटक अफिस पुगेर आउँछु है त ।"

सुमित्रा ढोकासम्म पुऱ्याउन आई । त्यसो त सुमित्राका अनुहारमा प्रशस्त कमजोरीका लक्षणहरू देखिइरहेका थिए तर उसका आँखा भने चमकदार भएर उठेका थिए त्यस बेला । विश्वामित्रलाई सुमित्राका आँखा अनौठा लागेका थिए । सुमित्राको यस्तो तीक्ष्ण र मीठो दृष्टि विगतमा कहिल्यै देखेको सम्झना रहेन विश्वामित्रलाई ।

त्यस रात झन्नै साढे दश बजे मात्र विश्वामित्र सुमित्राको घर पुगेको थियो । कलबेल थिच्नुपरेको थिएन । ओजस्वीले ढोका खोलेकी थिई ।

त्यसपछि तीनै जनाले धेरै समयपछि एउटै टेबुलमा बसेर खाना खाएका थिए । नभन्दै सावित्रीले भान्टाको तरकारी मीठो पकाएकी रैछ । मेनकालाई भान्टा मीठो लाग्दैन । मेनकालाई विश्वामित्र भान्टा भनेपछि हुरुक्क हुन्छ भन्ने पनि थाहा छैन । त्यसैले मेनकाका घरमा भान्टा पाक्तैन । त्यसो त उसले आफूलाई भान्टा मन पर्छ भनेर मेनकालाई थाहै दिएको छैन । "मलाई संसारमा सबैभन्दा नमीठो तरकारी भान्टाको लाग्छ" प्रेमप्रसङ्गकै बेलामा मेनकाले भनेकी थिई । "मलाई चाहिं सर्वाधिक मन पर्छ" भनेर उसले भन्नै सकेन त्यस बेला । विश्वामित्रलाई आज तीन वर्षपछि खाएको भान्टाको तरकारी मीठो भएर पनि अलि अनौठो अनौठो लागिरह्यो ।

डाइनिङ कक्षबाट उनीहरू तीनै जना बैठककक्षमा आए । एकैछिन पितापुत्रीका बीच वार्तालाप भए । क्याम्पस, पढाइको विषय, पढाउने शिक्षकहरू, परीक्षाको तयारी, सम्भाव्य नतीजा र भविष्यका योजनाबारे विश्वामित्रले ओजस्वीसँग कुराकानी गऱ्यो । साढे एघार बजेको थियो, ओजस्वी पितासित शुभरात्रि प्रकट गरेर आफ्ना कोठातिर लागी । उसले जाने बेलामा मूल ढोकाको चुकुल लगाएर भऱ्याङ उक्ली ।

अब आफू पनि बिदा हुने विचारले विश्वामित्रले सुमित्राका अनुहारमा हेर्न खोज्यो । सुमित्रा भुइँमा हेरेर बसिरहेकी थिई । "सुमु अब म जाऊँ" विश्वामित्रले सुमित्राका अनुहारमा हेर्दै भन्यो । सुमित्राले टाउको उठाएर विश्वामित्रका आँखामा हेरी । विश्वामित्रलाई ती दृष्टिमा चुम्बकीय आकर्षण भएको महसुस भयो ।

"तिमी आराम गर हिंड माथि, म सावित्रीलाई ढोका लगाउन लाउँछु" विश्वामित्रले आफू उठेर सुमित्रालाई पनि उठाउँदै भनेको थियो । सुमित्रा विश्वामित्रको हात समातेर उभिई । "ओहो सुमु, तिमीलाई ज्वरो आएको जस्तो छ, भनेको मान्दिनौ, आराम पनि गरेको छैन, औषधि पनि खाएको छैन । ल ल... हिंड माथि, म तिमीलाई सुताएर मात्र जान्छु ।" विश्वामित्रले अत्तालिंदै भन्यो । सुमित्रा केही बोलिन, चुपचाप हिंडिरही । शयनकक्षमा अघिअघि सुमित्रा र पछिपछि विश्वामित्र पसेका थिए । भित्र पसेपछि सुमित्रा फरक्क फर्की । उसले ढोकाको छिट्कनी लगाई । विश्वामित्र छक्क पऱ्यो । ढोकाको छिट्कनी बन्द गरिसकेपछि सुमित्राले झ्यालका पर्दाहरू मिलाई । त्यसपछि सुमित्रा विश्वामित्रको नजिक आई । उसले पालैसँग विश्वामित्रका सबै पोशाकहरू खोलेर राखी । अब आफ्ना सम्पूर्ण पोशाकहरू पनि उसले खोली । सुमित्राको यस्तो व्यवहार र रूप पनि विश्वामित्रले जीवनमा पहिलोपटक देखेको थियो । ऊ छक्क परेर सुमित्राका क्रियाकलाप हेरेर पूर्वस्मृतिमा पुग्यो । पहिलेपहिले कुनै रात पनि बत्तीका उज्यालामा सुमित्रासँग विश्वामित्रले प्रेम गर्न

पाएको थिएन । विश्वामित्रले यसरी सुमित्राको नग्न सुन्दरता पहिलोपटक बत्तीका उज्यालामा देख्न पाएको थियो । विगतमा उसले यस्ता प्रस्तावहरू राखेका बेला सुमित्रालाई लाज लाग्दथ्यो । ऊ उज्यालामा र वस्त्रहीन भएर विश्वामित्रसँग प्रेम गर्नै सक्तिनथी ।

आज त्यही सुमित्राको यस्तो व्यवहार देखेर विश्वामित्रलाई अचम्म लाग्नु स्वाभाविक थियो ।

अब दुवै बिछ्यौनामा थिए । सुमित्राका शरीरमा साक्षात् अग्निको प्रवेश भइसकेको थियो । तर विश्वामित्र भने आफूलाई कसै गरे पनि तयार पार्न सकिरहेको थिएन । उसले मेनका सम्झ्यो, आज बिहानीपख मात्र उसको सुन्दर शरीरसँग गरेको सुखभोग सम्झ्यो । ऊ झनै शिथिल भएर आयो । तर सुमित्राका आग्रहलाई त्यागेर हिंड्न सक्ने सामर्थ्य पनि थिएन विश्वामित्रसित । आखिर एउटी स्वास्नीले आफ्नो लोग्नेसँग सुखभोगको अपेक्षा गरेकी थिई । यो कसै पनि गलत थिएन । यो सुमित्राको हक थियो । सुमित्राको अधिकार थियो ।

त्यसपछि विश्वामित्रले मेनकालाई बिर्सन खोज्यो, पूर्ण सम्पूर्ण भएर सुमित्राभित्र डुब्न खोज्यो । हुन त सुमित्राको आजको भोक मेट्न सक्ने क्षमता साक्षात् कामदेवसँग पनि थिएन जस्तो लाग्यो विश्वामित्रलाई । ऊ आफूभने पूर्ण-अपूर्ण विजित-पराजित मनस्थितिमा रम्न खोजे पनि रम्न सकेन । सुमित्राप्रति दयाले लालायित भए पनि ऊ सामर्थ्यवान्चाहिँ पटक्कै हुन सकेन ।

उसले अथक प्रयत्न गरे पनि सुमित्राको अग्नि निस्तेज तुल्याउन सकेन । ऊ पराजित मनस्थिति र ग्लानिले समेत गलेर लखतरान भयो त्यस बेला ।

आखिर केही नलागेपछि सुमित्राले आफ्नो कपाल भुत्ल्याई, आफ्ना शरीरका कोमल अङ्गहरूमा सिंगारिएका नङले चिथोरेर रगताम्मे पारी र घोप्टो परेर सिरानीलाई छातीले किचेर रुन लागी ।

विश्वामित्रले सुमित्रालाई केही भनेन । ऊ लाटोजस्तो भएर चुपचाप हेरिरह्यो । उसलाई आफू कुनै कुराको प्रतिवाद गर्न नसक्ने शिथिल, कुनै कुरा भन्न नसक्ने वाणीहीन भएको छु जस्तो लाग्यो । त्यसैले ऊ टुलुटुलु हेरि मात्र रह्यो ।

सुमित्रा रोइरहेकी थिई, ऊ त रुन पनि सकेन । आफ्नो लाछीपनसँग उसले घृणा पनि गर्न सकेन । त्यसपछि उसले लुगा लगायो र सुमित्रालाई बिस्तारै ढाडमा सुमसुम्यायो । सुमित्रा उसका छातीमा टाउको लुकाएर अझ रुन लागी । उसले चाहिँ सुमित्राको केश एकनास मुसारिरह्यो । विश्वामित्रले सुमित्रालाई 'नरोऊ' पनि भन्न सकेन । "बाबूराजा, किन यस्तो भएको ! मलाई किन हेलाँ गरेको हजुरले ? मलाई किन माफ नगरेको हजुरले...." अब सुमित्राको आँसु धेरै बगिसकेको थियो । तर सुमित्राको प्रश्नका कुनै जवाफ थिएन विश्वामित्रसँग ।

"मलाई माफ गर्देऊ सुमु, म तिम्रो अपराधी हुँ" धेरैबेरपछि विश्वामित्रले यति मात्र भनेको थियो ।

सुमित्राका अपेक्षालाई सङ्घारैमा राखेर त्यो मध्यरात विश्वामित्र मेनकाका घरमा पुगेको थियो ।

# आठ

त्यस रात विश्वामित्रका आँखामा निद्रा थिएन । तर मेनकासँग साक्षात्कार गर्न सक्ने आँट पनि थिएन विश्वामित्रसँग । त्यसैले ऊ निदाएको जस्तो गरी आँखा चिम्लेर आफ्नो बिछ्यौनामा कोल्टे परेर मेनकासँग भागेको थियो त्यस बेला । अलि अघि मेनकाका प्रेम-प्रस्तावको सङ्केत पनि आज विश्वामित्रले पहिलोपटक लत्याएको थियो । भर्खरै पराजित शारीरिक र मानसिक दुवै आघातहरू अहिले पनि आफैंसँग गाँसेको थियो उसले । त्यसैले मेनकाले के सोच्ने हो भन्नेतिर पनि ऊ लागेन ।

मेनका पनि निदाएकी थिइन । ऊ घरीघरी ओल्टेकोल्टे गरिरहेकी थिई ।

मैले सुमित्राप्रति अन्याय गरें, उसप्रति गरेका अपराधको सजाय भोग्नैपर्छ मैले, अब म कसरी सुमित्राका अघिल्तिर जाऊँ ! यस्तै तर्कनाहरू आइरहे विश्वामित्रका मनतरङ्गमा । ऊ कतिखेर निदायो थाहा पाएन ।

बिहान उसको आँखा खुल्दा मेनका निदाएकी थिई, उसैका समकक्षमा मेनवि पनि मस्त निदाएको थियो । बाहिर घाम राम्ररी झुल्किसकेको थिएन । विश्वामित्रको बालककालदेखिकै बिहान सबेरै उठ्ने आदत थियो । राति जुन बेला निदाए पनि घाम झुल्कनुअघि ऊ बिउँझिसकेको हुन्थ्यो । बिहान उठेर नित्यकर्मका साथसाथै व्यायाम गर्दै आएको छ उसले विगत पैंतीस वर्षदेखि ।

व्यायाम भन्नासाथ उसले भारतको बनारस सम्झ्यो । पैंतीस वर्षअघि ऊ आफ्नो काकाको परीक्षा सन्दर्भमा काकासँगै बनारस गएको थियो । जीवनमा पहिलोचोटि रेल चढेर भारत-यात्रा गर्दा उसलाई खूबै रमाइलो लागेको थियो । उसको काका उसभन्दा लगभग आठ वर्षजति ठूला भए पनि काकाभतिजबीच साथीसँगीजस्तो घनिष्ठता थियो । काकाले उसका बाबुआमासँग भतिजलाई साथी पनि लग्छु, घुमाएर पनि ल्याउँछु, भनेर बिदा मागिदिएका थिए । तर बाटाखर्च आमाले नै दिएकी थिइन् । वयसन्धि पार गर्दै गरेको, जुँगाको रेखी बसिसकेको आफ्नो छोरो पठाउने इच्छा आमालाई पटक्कै थिएन । तर त्यस बेला विश्वामित्रको प्रबल इच्छाका अघिल्तिर आमाका इच्छाले थेच्चिनुपरेको थियो ।

“साहिंला राजा, विशुलाई एकैछिन पनि नछोडिबक्सेला । यसले इन्डिया देखेको छैन, यो हराउला । अरूसँग भए पठाउन्नथें, हजुरको मलाई विश्वास छ र मात्रै....” हिंड्ने बेलामा राता अक्षताका टीका र सगुन खुवाउँदै सिङ्गो फल हातमा हालेर आमाले विश्वामित्रको अभिभारा काकालाई सुम्पेकी थिइन् । आफ्नो एक मात्र छोरो, कहिल्यै आफूबाट टाढा नराखेकी आमालाई त्यस बेला छोरो बिदा गर्न साह्रै कठिन भएको थियो । त्यसपछि आमाले आँखाबाट आँसु चुहाएकी थिइन् र विश्वामित्रले आमाको आँसु देखेपछि आफ्नो आँसु पनि रोक्न सकेको थिएन ।

“छिः... यो त आइमाईजस्तो रुँदो रैछ, लोग्नेमान्छे भएपछि के सधैं आमाको फरिया समातेर बसिरहन्छस् त !” काकाले अलिपर पुगेपछि पनि सुँक्कसुँक्क गर्न पुगेको विश्वामित्रलाई जिस्क्याएका थिए । त्यसपछि विश्वामित्र लजाएको थियो ।

त्यस बेला बनारस पुगेपछि उसलाई त्यहाँको संसार अनौठो लागेको थियो । सबै मानिस भोजपुरी कुरा गर्ने । नेपालीहरू पनि कुरैकुरामा भोजपुरी हिन्दी जोडेर हाँस्ने । खानपान, बसउठ, रहनसहन

सबै नै बेग्लै । एकदम अनौठो । पहिले-पहिले विश्वामित्रलाई खाना पनि मीठो लागेन । सुत्ने गरेको बोराका खटियामा पनि रातभरि निद्रा परेन । फेरि चैतको महिना, भूखण्डको गर्मी । कहिले काठमाडौं फर्कने भन्ने अत्यासले छटपटिएको थियो ऊ ।

तर बनारसमा गङ्गाजी र गङ्गाजीमा नौकाविहार गर्दा चाहिँ उसलाई साह्रै रमाइलो लागेको थियो । अझ उसलाई पौडी खेल्न पनि बनारसमा एक महिना बस्ता काकाले नै सिकाइदिएका थिए । त्यहाँ बस्ताबस्तै ऊ राम्रो पौडीबाज भइसकेको थियो । काकाको शरीर अलि भारी थियो, उसको शरीर फुर्तिलो थियो । त्यसैले होला गुरुभन्दा चेलो पौडेर गङ्गाको वारपार गर्न सक्ने भएको थियो । पौडीका साथै बनारस बसेकै बेला सिकेको अर्को राम्रो कुरा व्यायाम थियो ।

उसका काका बनारसमा एक जना उनका बनारसी मित्र हरिशङ्करप्रसाद गुप्ताका घरमा बस्ने गर्दथे । हरिशङ्करप्रसाद गुप्ताको ठूलो तीनतले घरको सबैभन्दा माथिल्ला तलाको एउटा कोठा काकाले लिएका थिए । काकाले त निश्चित भाडा तिर्ने गरी नै कोठा मागेका हुन् तर हरिशङ्करकी माताले भने एक महिनाका लागि भाडा नलिने भइन् । काकाले काठमाडौंबाट आउँदा मनग्गे चिउरा, घिउ, बासमती चामल, तिलको अचार ल्याइदिएका थिए । कृतज्ञ हरिशङ्करकी माताले घरभाडा लिन मानिनन् । अझ एकसरो भाँडाकुँडा र दमवाला स्टोभ पनि उनैले उपलब्ध गराएकी थिइन् । हरिशङ्करका पितालाई नेपालबाट ल्याएको ढिकीले कुटेको चिउरा र तिलको अचार असाध्यै मीठो लाग्दो रहेछ । काकाले पहिलेपहिले आफ्नो लागि मात्र ल्याएको चिउरा-अचार हरिशङ्करकी मातालाई दिने गरेका रहेछन् । हरिशङ्करका पिताले ती सामग्री ज्यादै रुचाएको कुरा हरिशङ्करले विश्वामित्रका काकालाई सुनाएको थियो ।

“बेटे, तुम्हारा चिउडा और आचारका जबाब नहीं । तुम्हारे यहाँ ये चीजें कितनी अच्छी बनती है ।”

एकपटक हरिशङ्करका पिताले विश्वामित्रकै छेउमा उसका काकाका ढाडमा धाप मार्दै भनेका थिए । हरिशङ्करले सुनाएको थियो, उसका बाबुलाई यो अचार यतिबिघ्न मन परेकाले कुनै नेपाली आइमाईलाई सिकाइमागेर उसकी आमाले पनि तिलको अचार बनाउन खोजेकी थिइन् तर त्यो त्यस्तो मीठो नै बन्न सकेन । उसका बाबुले “ए नेपालका आचार जैसा नहीं बन सका, तुम बेकार में कष्ट करती हो” भनेर हरिशङ्करकी माताको उत्साहलाई पानी पारिदिएका थिए ।

त्यसैले यसपालिका आगमनमा काकाले विश्वामित्रकी आमासँग सदाभन्दा धेरै, हरिशङ्करका पिताको छुट्टै भाग अचार-चिउराको माग गरेका थिए । घिउ र बासमती चामलचाहिं उसकी आमाले आफ्नै ज्ञानगुनले हाल्दिएकी थिइन् । विश्वामित्र र उसका काका बनारसमा रेलबाट ओर्लेर सरासर दूधविनायक गल्लीस्थित हरिशङ्करका घरमा पुगेका थिए । पुग्नासाथ विश्वामित्रका काकाले हरिशङ्करकी आमालाई नेपालबाट आफूले ल्याएको कोसेलीको पोको बुझाएका थिए । त्यस बेला विश्वामित्रलाई चाहिं अनौठो लागिरहेको थियो, ‘चामल, चिउरा, अचार, घिउ काकाले के ल्याइदिएका होलान् !” हुन पनि विश्वामित्रका घरमा यस्ता चीजबीज अर्कले ल्याएको थाहा छैन उसलाई । घरभरि चामल, घिउ, चिउरा र अचार देख्दै आएको विश्वामित्रलाई काकाले यहाँ यस्ता जाबो चीज कोसेली के ल्याएको होला भन्ने लाग्नु अस्वाभाविक पनि थिएन ।

तर त्यस बेला विश्वामित्र छक्क पर्‍यो, जब हरिशङ्करकी आमा हर्षले गद्गद भएर “बेटे तुम लोग नहाँ धोकर उपर खाना खाने के लिए आ जाना” भन्दै मास्तिर उक्लन लागिन् । “चाचीजी, हम लोग बाहर खा लेंगे, नाहक मे आप क्यों तकलिफ करेंगी” काकाले प्रतिवाद गरेका थिए ।

“अरे काहेका तकलिफ बिट्वा, हरिशङ्कर के दोस्त होकर ऐसन वात करते हो !” उनले बडो प्रेमसँग भनेकी थिइन् ।

"देख्यौ, बुढिया कति खुशी भई, अब दुई दिन यहीं खानुपर्छ । अनि आफ्नो छुट्टै व्यवस्था गरौंला" काकाले दङ्ग परेर उसलाई सुनाएका थिए । भारतीयहरू कोसेलीको सानो अंशले पनि ज्यादै धेरै खुशी व्यक्त गर्दा रहेछन् । त्यसवेला विश्वामित्रलाई लागेको थियो । बनारस एक महिना बसुन्जेल हरिशङ्करकी आमाले साह्रै माया गरिन् । त्यहाँ उनीहरूले खाए-नखाएको विचार गर्ने त्यस बेला एक मात्र उनै थिइन् । अहिले पनि विश्वामित्रलाई बनारस भन्यो कि तिनै मायालु चाचीजीको छवि आँखामा आउने गर्छ ।

हरिशङ्करका घरको एउटा कोठामा काकाभतिजले मिलीजुली भातभान्सा गर्ने गरेको एक-दुई दिन भएको थियो । कोठाभित्र अचाक्ली गर्मी हुने भएकाले उनीहरू घरका प्राय: सबै नै जसो छतमा पानी पटाएर आ-आफ्ना बोराका खटिया वा बाबियोको गुन्द्री ओछ्याएर लस्करै सुत्ने गर्दथे । बिहानीपख निकै शीतल हावा आउँथ्यो । त्यस दिन बिहानचाहिं विश्वामित्र पिसाब लागेर बिउँझिएको थियो । आँखा खोलेपछि बिस्तारै उठेको थियो । रातभरि गर्मीले आक्रान्त भएकाले यस बेलाको शीतल पवन पान गर्दै सबै नै मस्त निदाएका थिए । उज्यालो र अँध्यारो छुट्टिने बेलाको मायापिर्तीमा थिए । त्यसै बेला उसले छतको पल्ला किनारमा एउटा छाया तलमाथि गर्दै गरेको देख्यो । मान्छे चिनेन । डर डर पनि लाग्यो । तर आँट गरेर नजिक गयो । हरिशङ्कर रहेछ । "ए ! बबुआ, दण्डबैठक करोगे" नजिक पुगेको विश्वामित्रलाई हरिशङ्करले भन्यो । पिसाबले गान्निएर पनि विश्वामित्रले हरिशङ्करले गरेको दण्डबैठक हेरिरह्यो । त्यसपछि एकैछिनमा पिसाब गरेर ऊ आइपुगिहाल्यो । कालो शरीर भएको हरिशङ्करले कछाड मात्रै लगाएर दण्डबैठक गरिरहेको थियो । सुगठित शरीर भएको हरिशङ्कर कालो भए पनि राम्रो थियो । अझ ऊ फुर्तिलो थियो र बलियो पनि देखिन्थ्यो । भर्खरै बाल्यावस्था पार गर्दैगरेको विश्वामित्रलाई हरिशङ्करको कसिलो शरीर देखेर लोभ लाग्ने गर्थ्यो ।

कुन्नि त्यस बेला उसलाई किन निद्रा लागेन, थाहा छैन । सुत्न जानको साटो ऊ हरिशङ्करले व्यायाम गरेको हेरिरहेको थियो । हरिशङ्करले पनि व्यायाम गरिरह्यो । व्यायाम सकेपछि हरिशङ्कर भगवान्‌का अगिल्तिर भक्तले तपस्या गरे जसरी नै पलेंटी कसेर गालामा हात लगाएर एकनास आफ्नो ध्यान गरिरहेको विश्वामित्रलाई देखेर खुशी भयो ।

“रे बबुआ, कैसन लगी रे, तुम भी मेरे साथ दण्ड पेलो, फिर भिगी चना खाएंगे । एक महिने मे तुम्हारा ये दुब्ला पत्ला शरीर खास बन जाएगा । फिर लड्की लोग मर जाऐंगे । हा....हा..... । हरिशङ्कर उसका ढाडमा मज्जाले धाप मारेर हाँस्यो । उसको मुटु नै थर्कियो । तर उसलाई नमज्जाचाहिँ लागेको थिएन ।

“मैं को सिकाएगा भाइसाहेब !”

विश्वामित्रले भर्खरै सिक्न लागेको आफ्नो हिन्दी भाषामा भनेको थियो ।

“अरे लड्का हम तेरे चाचा के दोस्त हैं, हम कैसे तेरे भाइसाहेब हुएँ, अरे भतिज, मैं तेरा चाचा, साले चाचाजी बोल चाचाजी ।” हरिशङ्करले सर्वप्रथम विश्वामित्रसँग आफ्नो साइनो सच्याएको थियो । त्यसपछि भोलि होइन, आजैदेखि अर्थात् तत्काल हरिशङ्कर गुरु बन्यो र विश्वामित्र चेलो । व्यायाम शुरु गर्नुअघि एक गिलास पानी, व्यायाम शुरु, व्यायाम सकेपछि विश्राम र पसिना राम्ररी ओबाएपछि स्नान, स्नानपछि भगवान्‌को ध्यान र ध्यान सकेपछि भिजेका चनाका एक मुठी दाना र एक गिलास पानी पिउने नियम हरिशङ्करले विश्वामित्रलाई सिकायो । आफूले दुई-चार दिन व्यायाम गरेपछि विश्वामित्रले काकालाई पनि व्यायाम गर्न कर गर्‍यो । अनिच्छापूर्वक नै भए पनि विश्वामित्रको मन राख्न उसका काकाले पनि व्यायाम गर्न थाले । बनारस बसुन्जेल उनीहरू तीनै जना संयुक्त व्यायाम,

स्नान, ध्यान र चाचीजीले भिजाइदिएका चनाका दाना चपाउँथे र गङ्गाजीको पवित्र जल पिउँथे ।

त्यसपछि काकाको परीक्षा सकिएको थियो र उनीहरू काठमाडौं फर्किएका थिए । त्यसरी फर्केपछि विश्वामित्र बनारस कहिल्यै गएको थिएन । हरिशङ्कर र उसका मातापितालाई पनि फेरि भेटेको छैन । एकपटक हरिशङ्कर उसका काकाको निमन्त्रणामा काठमाडौं आएको रहेछ तर त्यस बेला विश्वामित्रचाहिं व्यापारिक सिलसिलामा बैंकक गएको थियो । जे होस्, त्यसपछि आजसम्म हरिशङ्करसँग भेट भएको छैन । तर उसले सिकाएको व्यायाम भने विश्वामित्रले एकै दिन पनि छोडेको छैन ।

उसका काकाले चाहिँ यता आएपछि व्यायाम गर्दै गरेनन् । पाँच वर्षअघि मात्र उनको हृदयरोगका कारण अचानक अल्पायुमै निधन पनि भइसक्यो । 'काकाले नियमित व्यायाम गर्न अल्छी नगरेको भए मुटुको रोग हुने थिएन' जस्तो लागेको थियो विश्वामित्रलाई । तर 'व्यायाम गरिदैमा मरिंदैन भन्ने कहाँ छ र ! सबै थोक नियतिमा निर्भर गर्दछ । काकाको भोग सकिएको हुनुपर्छ, त्यसैले गए ।' यसरी चित्त बुझाएको थियो विश्वामित्रले त्यस बेला ।

तर अहिलेसम्म विश्वामित्रलाई कुनै रोग थिएन । पचासको विश्वामित्रलाई सबैले पैंतीस वर्षको जस्तो अन्दाज गर्छन् । उसको शारीरिक सुगठनप्रति सबै छक्क पर्छन् । तर विश्वामित्रलाई चाहिं आफ्नो यो स्वास्थ्य र शारीरिक सुगठनको स्रोत हरिशङ्करबाट जीवनको प्रारम्भिक अवस्थामै पाएको गुरु-ज्ञान हो जस्तो लाग्छ । हुन पनि विश्वामित्रले पैंतीस वर्षअघि हरिशङ्करले दिएको निर्देशनअनुसार हरेक दिन व्यायाम, विश्राम, स्नान, काँचो चना र शुद्ध पानी पिउन अहिलेसम्म बिराएको छैन । परदेश गएका बखतमा काँचो चना खान नपाए पनि पानी मात्रै पिएर पनि अहिलेसम्म उसले नियम भङ्ग गरेको छैन ।

विश्वामित्रलाई अहिले बनारसको एउटा अर्को घटना पनि स्मृतिमा ताजा भएर आयो । हरिशङ्करकी बहिनी थिई, यस्तै तेह्र-चौध वर्षकी । नाम थियो मुन्नी । त्यस्ता काला आमाबाबुकी छोरी र कालो दाजुकी बहिनी मुन्नीचाहिँ दूधले नुहाएजस्तै गोरी थिई ।

विश्वामित्रको कुखुरे बैंसका बेला थियो । उसलाई मुन्नी औधी राम्री लाग्थी । तर चाचीजीले मुन्नीलाई उनीहरूसँग हेलमेल गर्न दिएकी थिइनन् । मुन्नी लुगा सुकाउने बेलामा उनीहरू बसेको कोठाका अगिल्तिर भएर आउने गर्थी । लुगा राम्ररी सुकाइसकेको पनि हुँदैनथ्यो, चाचीजीले मुन्नीलाई बोलाइसक्थिन् । मुन्नी भान्सामा चाचीजीसँगसँगै काम गर्थी । सम्पूर्ण गृहकार्य मुन्नी नै गर्थी । चाचीजी निर्देशन मात्रै दिन्थिन् । कहिलेकाहीं विश्वामित्रहरूप्रति चाचीजीको दयाका कारण मुन्नी उनीहरूका लागि कचौरामा तरकारी पुऱ्याउन आउँथी । तर ऊ आइपुगेर उनीहरूले तरकारी समाउन पाएको पनि हुँदैनथ्यो तलबाट चाचीजीको कर्कश आवाज आउँथ्यो । विश्वामित्रलाई अचम्म लाग्थ्यो, तिनै चाचीजी उसका काका र ऊ स्वयंसँग कस्तो मीठो बोली बोल्थिन् तर आफ्नी छोरी मुन्नीसित चाहिं जुन बेला पनि कर्कश व्यवहार गरिरहेकी हुन्थिन् ।

त्यो एक महिनाका बसउठमा मुन्नीका मुखबाट 'जी, माँ, आइ' बाहेक अर्को कुनै लवज पनि विश्वामित्रले सुनेन । तर मुन्नीका ठूल्ठूला काला आँखाहरू भने विश्वामित्रसँग बात मार्न तम्सन्थे । ती आँखाले पनि मुन्नीले झैं मुन्नीसँगसँगै उसकी आमाको आदेश मान्नुपर्दथ्यो । त्यसैले विश्वामित्रले चाहेर पनि ती आँखासँग धीत मरुन्जेल बात मार्न सकेको थिएन । तर त्यस बेला विश्वामित्रलाई मुन्नी असाध्य मन पर्थी । उसको मुन्नीप्रति माया पलाउँदै गएको थियो । त्यस बेला मुन्नीलाई बिहा गरेर आफ्नो घरमा लगी यो दुष्ट चाचीजीका बन्धनबाट मुन्नीलाई मुक्त पार्ने इच्छा पनि विश्वामित्रलाई हुने गर्दथ्यो ।

त्यस बेलाका हरेक रात सपनामा विश्वामित्र मुन्नीलाई देख्ने गर्दथ्यो । ऊ सपनामा मुन्नीका तेल लगाएर बाटेका लामा दुई चुल्ठाहरू खोल्दिन्थ्यो । ती खुलेका केशराशिहरू हावामा उड्थे । यस्तै केके देख्ने गर्थ्यो विश्वामित्र ।

कसरत गर्न थालेको पन्ध्र दिनपछि एक बिहान उनीहरू तीनै जना विश्राम गरिरहेका थिए । "रे परशुराम, इसवार तेरी घरवाली तो बहुत खुश हो जाएगी यार" विश्वामित्रको विवाहित काकाका तिघ्रामा हिर्काएर हरिशङ्करले आफ्नो साथीलाई जिस्काएको थियो । त्यस बेला हरिशङ्करले के भनेको होला ! काकी किन खुशी हुनु र ! उसले केही पनि अर्थ लगाउन सकेको थिएन । ऊ रनभुल्लमा परिरहेको थियो त्यस बेला ।

"रे बबुआ तोहर मेनका के मिलवो रे !" विश्वामित्रलाई पनि उसको पुरातन नाम र जोडीसँग मिलाएर हरिशङ्कर एकपल्ट आफ्नो ठटेउलो हाँसोमा ओर्लदा एक किसिमको रोमाञ्चकता छरिएको थियो त्यहाँ ।

हरिशङ्करले आफूलाई त्यसरी जिस्क्याउँदा विश्वामित्रलाई भित्रैसम्म काउकुती लागेर आएको थियो । उसले त्यस रात धेरैबेरसम्म मुन्नीलाई सम्झिरह्यो । 'मुन्नी नै उसकी मेनका !' जिब्रो टोक्यो उसले । हरिशङ्करलाई थाहा छैन । ऊ मुन्नीलाई भगाएर लैजाने कल्पनामा डुब्न थाल्यो, त्यसपछि । 'आहा ! मुन्नी कस्ती राम्री !' निद्रा नपरेसम्म बिछ्यौनामा सपनाको राजकुमार भएर सोचेको थियो उसले ।

भोलिपल्ट मुन्नी कचौरामा तरकारी पुऱ्याउन आएकी थिई । उसले मुन्नीलाई तरकारी खन्याएर कचौरा दिने निहुँमा मुन्नीको हात च्याप्प समातेको थियो । मुन्नीले बिजुलीका तेजमा उसको हात छुट्टचाई । कचौरा भुइँमा झऱ्यो । उत्तिनैखेर तलबाट चाचीको कर्कश

आवाज आयो, मुन्नी भुइँमा उछिट्टिएको कचौरा टचाप्प टिपेर "आइ माँ" भन्दै हतारहतार कुदी । अर्को दिनदेखि मुन्नीले तरकारी लिएर आए पनि खाली कचौरा पर्खेर बसिन । त्यसपछि कचौरा उसले पुऱ्याउन थाल्यो ।

तैपनि विश्वामित्रका सपनामा चाहिँ मुन्नी आइरहन्थी । मुन्नी उसकी आमासँग छतमा सुत्ने गर्थी । विश्वामित्र परबाट उसकी आमाको आँखा छलेर सुतिसकेकी मुन्नीलाई नै हेरिरहेको हुन्थ्यो । तर मुन्नीले चाहिँ उसलाई एकैपटक पनि हेर्दिनथी ।

बनारस छोड्नुभन्दा एक दिनअघि विश्वामित्रले लुगा सुकाउन आएकी मुन्नीलाई धेरैबेरसम्म मायालु दृष्टिले हेरिरह्यो । मुन्नी अप्ठेरो मानेर लुगा सुकाइरहेकी थिई त्यस बेला ।

"मुन्नी !" भावविव्हल भएर विश्वामित्र मुन्नीको नजिक पुगेको थियो । आफूनजिक आइपुगेको विश्वामित्रलाई देखेर मुन्नी बाँकी लुगा नसुकाई नै भऱ्याङतिर कुदी । "उई माँ" उसको मुखबाट, सङ्कोचले शायद यो शब्द निस्केको थियो त्यस बेला । दिउँसो कुन बेला कसले बाँकी लुगा सुकाएको थियो, विश्वामित्रलाई थाहा भएन ।

त्यस रात पनि विश्वामित्रका सपनामा मुन्नी आएकी थिई । तर त्यस रात सपनामा मुन्नी उससँग हाँसिन, ऊ त रोइरही । बिहान विश्वामित्रलाई नरमाइलो लागिरह्यो । उसलाई घर जाने उत्साह पनि खास थिएन । तर घर जानैपर्दथ्यो ।

अहिले सम्झन्छ विश्वामित्र, बनारसको त्यो प्रचण्ड गर्मीले पनि खास सताएको रहेनछ उसलाई । मुन्नीसितको मौन प्रेम-सञ्चारले नै शीतलता प्रवाह गराएको रहेछ त्यसवेला उसलाई ।

नेपाल आएको एक वर्षपछि उसले काकाबाटै थाहा पाएको थियो, मुन्नीको बिहा कुनै धनी मान्छेसँग भएछ । काकाले खुशी भएर

यो कुरा सुनाएका थिए । सुनेर नरमाइलो अनुभव गर्न पुगेको थियो ऊ । त्यसको दुई वर्षपछि अर्को समाचार सुनाएका थिए काकाले, मुन्नी बच्चा पाएर मरी । उसको बच्चा चाचीजीले ल्याएर पालेकी छन् आदि इत्यादि ।

उसलाई यो समाचार सुनेपछि धेरै दिनसम्म अत्यन्त नरमाइलो लागिरह्यो । मुन्नीलाई उसैले भगाएर ल्याएको भए मुन्नी मर्नेथिइन होला । विश्वामित्रलाई त्यस बेला मुन्नीलाई आफूले भगाएर ल्याउन नसकेकामा पछुतो पनि भइरह्यो तर मुन्नी पनि त उससँग बोल्दिनथी । प्रेमप्रदर्शन गर्न जान्दिनथी । त्यसपछि विश्वामित्रलाई निकै दिनसम्म मुन्नीको सम्झना आइरह्यो । उसले बनारसमा अन्तिम रात देखेको सपना पनि दोहोरिएर आयो । सपनामा मुन्नी रोइरही ।

विश्वामित्रले मनतरङ्गहरूमा बग्दाबग्दै पनि आफ्नो नित्यकर्म सकिसकेको थियो । एकपटक शयनकक्षमा पुगेर हेर्‍यो । मेनवि उठिसकेको रहेछ । उसलाई गीताले लगिसकेकी थिई । मेनका अझै मस्त निद्रामा थिई । त्यसै पनि मेनका बिहान निकैबेरसम्म सुत्ने गर्थी । झन् आज राति धेरै अबेर निदाएकी थिई । विश्वामित्रले मेनकालाई उठाएन । बरु आफू बगैंचातिर निस्क्यो ।

जाडो भए पनि बिहानको मीठो हावा थियो । ऊ चुपचाप एउटा पुरानो गीत मनमनमा खेलाउँदै बगैंचामा टहलिइरहचो । विश्वामित्रको शरीर चङ्गा भए पनि आँखाचाहिँ पोलिरहेको थियो । आजको रात ऊ जम्मा एक घण्टा निदाएको थियो । चौकीदार आफ्नो ड्युटी सकेर हिंड्ने सुरसारमा थियो शायद । “मनजङ्ग दाइ, जाने बेला भयो ?” विश्वामित्रले आदरपूर्वक सोध्यो । यो चौकीदार मनजङ्ग राणालाई विश्वामित्र आदर गर्ने गर्थ्यो । विश्वामित्रको आवाज सुनेर चौकीदार झस्कियो । हत्तपत्त अभिवादन गर्‍यो । विश्वामित्रले पनि अभिवादनको जवाफ शालीनतापूर्वक फर्कायो । “अब जानैपर्‍यो नि हजुर, घरमा गएर दुई घण्टा आराम

गर्छु । त्यसपछि एघार बजेदेखि चार बजेसम्म मारवाडीको माल गोदाम रुङ्नुपर्छ । हजुरलाई मेरो कथा थाहै छ नि" मनजङ्गले आफ्नो रुटिन प्रस्ट पार्दै भनेको थियो ।

त्यसपछि आफ्नो सानो झोला बोकेर, टोप र बुटजुत्ता लगाएको मनजङ्ग विश्वामित्रलाई पुनः अभिवादन गर्दै बिदा भएको थियो, त्यस बेला ।

# नौ

विश्वामित्रले चौकीदारको कोठाका भित्तेघडी हेऱ्यो ; सवा छ बजिसकेको थियो । जाडो महिना भएकाले बाहिर धुम्म परेको थियो । अझै राम्ररी उज्यालो हुन सकेको थिएन । उसलाई अखबार पढ्ने तलतल लाग्यो । आठ नबजी अखबार आइपुग्दैनथ्यो । ऊ बैठककोठामा पुग्यो, कौचमा बस्यो । यस बेला उसलाई त्यसैत्यसै थकाइ लागेजस्तो भएर आयो । उसका आँखा ऊट्ट बैठकमा सजाइएका एक जोडी भव्य तरबारमा गएर अल्झिए ।

यी तरबार मनजङ्ग राणा अर्थात् उसको चौकीदारप्रदत्त थिए । यस बैठककोठामा रङ्गरोगन सकिएपछि, नयाँ कौच, गलैंचा इत्यादि साजसज्जा भइरहेको थियो । एक दिन आफ्नो ड्युटीमा आउँदा मनजङ्ग यी तरबार लिएर उपस्थित भएका थिए । त्यस बेला विश्वामित्र र मेनका बैठकका कुन कुनामा के सजाउने भन्नेबारे छलफल गर्दै थिए । अचानक ढोकामा तरबार लिएर उभिएका मनजङ्गलाई देखेपछि दुवै छक्क परेका थिए । "मैले हजुरहरूलाई यी तरबार बैठकमा सजाउन ल्याइदिएको, हजुर नजरहोस् त यो तरबार असाध्यै राम्रो छ । यसको जोडी ढाल पनि साह्रै राम्रो थियो हजुर, चोरी भयो । यी मेरा बाजेले विदेशबाट झिकाएका अरे । यी दुवैको यो सेतो बिंड सक्कली हात्ती-दाँतको हो । मैले कस्तै दुःख पर्दा पनि यो तरबार बेचिनँ । बाबुबाजेको सारा सम्पत्ति ता सकियो पुगेन, अब यो तरबार पनि किन बेचौं ! मलाई यो बेचे पनि पुग्ने हैन । पुर्खाको चिनो

थियो । आफैंसँग राख्ने थिएँ, छोरो जँडचाहाले कुन दिन कसलाई यसैले मार्छ कि जाँडसँग साट्छ टुङ्गो भएन । यहाँ हजुरहरूले राखिदिनुभयो भने मेरा पुर्खाको चिनो, बाँचुन्जेल मनलाग्या बखतमा हेर्न पाउँछु, छुन पाउँछु ।"

मनजङ्गले सासै नरोकी तरबारको कथा सुनाएका थिए । त्यसपछि त्यहाँ विश्वामित्र र मेनकाले अचम्म मानेर तरबार र बूढो मनजङ्गलाई हेरेका थिए । विश्वामित्र उठेर मनजङ्गनजिक गएको थियो । मनजङ्गले आफ्नो सन्तान अर्काका हातमा हाल्दिएको झैं अनुहार पारेका थिए त्यस बेला । तर त्यो तरबार बडो सम्मानका साथ दुवै हातले विश्वामित्रलाई जिम्मा लगाएका बेला मनजङ्गका अनुहारमा सन्तोषका रेखाहरू देखा परेका थिए । विश्वामित्रले पनि श्रद्धापूर्वक आफ्ना दुवै हात थापेर तरबार ग्रहण गरेको थियो । त्यस बेला त्यो दृश्य एउटा सेनापतिले अर्को सेनापतिलाई ससम्मान आफ्नो रणक्षेत्रको कार्यभार सुम्पिएको जस्तो देखिएको थियो । तरबार लिएर विश्वामित्र मेनकानजिक पुगेको थियो । विश्वामित्रले सुन्दर म्यानभित्र रहेका तरबारहरू झिकेर मेनकालाई देखाएको थियो । नजिकैबाट कहिल्यै तरबार नदेखेकी मेनका तरबारको चम्किलो धार देखेर झस्किएकी थिई, एकपल्ट । वास्तवमा तरबार अत्यन्तै सुन्दर थिए । मनजङ्ग ढोकामा उभिएर हेरिरहेको थियो । आफ्ना मालिकको शालीनता र सदाचारबाट ऊ पनि रमाएको थियो त्यस बेला । "मनजङ्ग दाइ, तरबार साह्रै राम्रो रहेछ, मलाई तरबार किन्ने इच्छा पनि थियो । तर तपाईंले यसको कुनै मूल्य त लिनैपर्ने..." विश्वामित्रले कुरा पूरा गर्न पाएको थिएन । "होइन, मैले हजुरलाई बिन्ती गरिसकें, यो बेच्ने भएको भए उहिल्यै बिकिसक्थ्यो, जसरी अहिले मसँग केही छैन, त्यसरी नै यो तरबार पनि मसँग हुने थिएन । यो हजुरको बैठकमा राखिदिइस्योस्, मैले पनि यसको इज्जत हेर्न पाउँछु । मबाट यसका इज्जत भएन ।" त्यसपछि मनजङ्ग दाइ रुन थाले । बूढो

शरीर, त्यो पनि लोग्नेमानिस रोएपछि वातावरण साह्रै नरमाइलो हुन्छ । त्यस दिन त्यस्तै भएको थियो । विश्वामित्रले मनजङ्गलाई कौचमा ल्याएर आफूसँगै बसाउन खोजेको थियो तर उनी भुइँका गलैंचामा बसेका थिए । एकैछिन आर्द्र देखिएको मनजङ्ग झट्टपट्ट आफूलाई सम्हालेर आफ्नो कामतिर लागेका थिए । मेनका र विश्वामित्रलाई मनजङ्ग दाइ गएपछि पनि धेरैबेरसम्म नरमाइलो लागिरहयो । त्यसपछि उनीहरू दुवैका सल्लाहले ती सुन्दर तरबार भित्ताको एक निर्धारित ठाउँमा सजाउने निधो गरेका थिए त्यस दिन ।

विश्वामित्रले कौचमा बसेर एकनास ती तरबारहरूतर्फ केन्द्रित तुल्याइरह्यो आफूलाई । उसलाई ती सुन्दर तरबारहरू कुनै युगान्त व्यथामा भावार्द्र भएर छटपटाइरहेको जस्तो भान भइरहयो निकैबेरसम्म ।

मनजङ्गको व्याख्या गर्नुपर्दा, रणशमशेर ज.ब.रा.को छोरा सुन्दरशमशेर ज.ब.रा. र सुन्दरशमशेर ज.ब.रा.को छोरा मनशमशेर ज.ब.रा. अर्थात् मनजङ्ग दाइले कहिल्यै पनि आफ्नो नामका पछिल्तिर शमशेर र ज.ब.रा. राख्न चाहेका थिएनन्, त्यसैले उनको नाम मनजङ्ग राणा मात्र थियो ।

नेपालमा राणाशासन सत्तासीन भएका बखत रोलवाला राणाजीकै सन्तानमा पर्थे मनजङ्ग दाइका बाजे । बाजेका पालाको राजसी ठाँटबाँट बेग्लै थियो । त्यस बेलाको त्यो शान वा त्यो रवाफ यिनै तरबारबाट अनुमान गर्न सकिन्थ्यो । त्यसपछि बाबु सुन्दरशमशेरको पालो आयो । सुन्दरशमशेर ज.ब.रा.का पालामा राणाजीहरूको सत्ता गइसकेको थियो । केही दिन राजनीतिक रूपले हल्ला-आतङ्क मच्चिए पनि राणाजीहरूको भित्री शानशौकतमा फरक आएको थिएन । मनजङ्ग दाइका पिता ऐयासी हुनाका साथसाथै स्त्रीगामी पनि थिए । उनका शयनागारमा हरेक रात नयाँ र कलिली स्त्री उपस्थित हुनैपर्दथ्यो । यस किसिमको व्यवस्था गर्नका लागि दुई दलाल किसिमका

मानिसहरू सधैंजसो उनका चाकरीमा तैनाथ थिए त्यस बेला । ती दलालहरू अहिले यसै समाजका प्रतिष्ठित र सम्पन्न व्यक्ति भएका छन् । अर्थात् समाजसेवी चन्द्रेश्वरप्रसाद र सूर्यप्रसादका रूपमा रूपान्तरित यी दुई व्यक्तिहरू हिजोआज मनजङ्ग दाइलाई चिन्न गाह्रो मान्छन् । तर त्यस बेला मनजङ्ग दाइका बाबुका यी दुई चाकरीदारले कति घरका छोरीबुहारीलाई झुक्याएर फकाएर मनजङ्गका पिताका कामवासनाको शिकार तुल्याए, त्यसको खास लेखाजोखा राख्न मनजङ्ग दाइ पनि सक्तैनन् । ती दलालहरूले कामलोलुप मनजङ्ग दाइका पितासँग कति धन कुम्ल्याए बालख मनजङ्गले पत्तो पाएनन् ।

यो त पिताको कथा थियो । तर आमाको कथा पनि पिताको भन्दा त्यति फरक छैन । मनजङ्ग दाइकी आमा पनि ऐयासीकी पराकाष्ठा थिइन् । मनजङ्ग दाइका पिता मनजङ्ग जन्मेपछि मनजङ्गकी माताका शयनकक्षमा कहिल्यै प्रवेश गरेनन् । मनजङ्गले होश सम्हालेदेखि कहिल्यै आमाको अनुहार पनि राम्ररी देखेनन् । स्कूल पढ्ने बेला भएपछि उनकी आमाले मनजङ्गलाई देहरादूनको राम्रो स्कूलमा भर्ना गराइदिएकी थिइन् । स्कूल छुट्टी भएर घर आएका बेला मनजङ्ग आमाबाबुका यी करतुत देखेर छक्क पर्ने गर्थे । पिताका कोठामा पराई स्त्री र माताका कोठामा पराई पुरुषहरूको बसउठ भएको देखिन्थ्यो । उनले आफ्ना आमाबाबुलाई सँगै बसउठ गरेको कहिल्यै देखेनन् ।

मनजङ्ग बिदा सकिएपछि स्कूल फर्कन्थे । पछि उनले थाहा पाएअनुसार उनकी आमासँग सल्किएको उनका बाबुको फुपूका छोराले उनकी आमालाई आफ्नो वशमा पारेर सकेसम्म चल र अचल सम्पत्ति कुम्ल्याएको थियो । त्यसपछि एक दिन आमाका शयनकक्षमै त्यो मानिस र आमाका बीच कुटाकुट भएको थियो । त्यस मानिसले पित्तलका फूलदानले झटारो हानेपछि त्यस फूलदानले उनकी आमाका

आँखामै नराम्रो चोट लागेको थियो । उपचार गर्दा पनि एउटा आँखाचाहिँ ठीक भएन । पिताको आदत पूर्ववत् थियो । त्यस घटनापछि मनजङ्गकी आमा त्यस मानिससँग त अलग भएकी थिइन् तर सम्पत्तिको ठूलो भाग त्यसैलाई जिम्मा लगाइसकेकी थिइन् । यसबाहेक दैनिक पुरुष-स्वादमा लागिसकेकी उनलाई कुनै पनि शर्तमा पुरुषको आवश्यकता पूरा गर्नैपर्दथ्यो । उनका पतिले उनको त्यो आवश्यकता पूरा गर्ने कुरा त परै थियो, पतिपत्नीले एकअर्काका अनुहारसम्म नदेखेको पनि महिनौं भएको हुन्थ्यो । अब उनलाई पनि पतिको खास आवश्यकता थिएन । नामका लागि पति छँदै थिए र पत्नी पनि ।

मनजङ्गकी आमालाई जसरी पनि आफ्नो दैनन्दिनीमा फरक पार्नु थिएन र पितालाई पनि आफ्नो ऐसमा कमी ल्याउन कुनै हालतमा मन्जुर थिएन । बरु उनीहरूले ऋण काढे, तर ऐस गर्दै गए । ऋण थपिँदै गयो र ऐसआराम पूर्ववत् चलिरह्यो, त्यसपछि बरु रोगहरू आए ।

त्यस बेला मनजङ्गका आमाबाबु दुवै सिकिस्त भएका थिए र घर धितो राखेका साहूले घर खाली गराउन अदालतबाट आदेश पठाइसकेको थियो । त्यसै बेला छैटौं कक्षामा पढ्दै गरेका मनजङ्गलाई स्कूलबाट झिकाइयो । मनजङ्ग आएपछि आफ्नो घरमा धेरै दिन बस्न पनि पाएका थिएनन्, एक दिन साहूले अदालतको मानिस र आदेशसँगसँगै आएर घरका सारा सामानहरूसहित उनीहरूलाई पनि बाहिर निकालेर घरमा ताल्चा मारिदियो । त्यस दिन मनजङ्गले पहिलोपटक धेरै दिनपछि आफ्ना बाबुआमा दुवै एकसाथ देखेको घटना थियो यो । त्यसपछि पुस्तैनी अथाह मालमत्ता कति सम्हाल्दै कति हराउँदै उनीहरू भाडाको एउटा सानो घरमा बस्न पुगेका थिए । त्यसपछिका दिनहरूमा उनीहरूले पुराना बहुमूल्य भाँडाकुँडा र सरसामानहरू बिक्री गर्दै जीवन धान्दै लगिरहेका थिए । मनजङ्गका मातापिता दुवै अब रोगले ग्रसित हुँदै गइरहेका थिए ।

आफ्नो घर छोडेको दुई वर्षपछि पिताले इहलीला त्यागेका थिए भने आमाले चाहिँ कानो जीवन लिएर र दीर्घरोगी भएर पनि एउटा भारमय जीवन भोग्दै आइरहेकी थिइन् । मनजङ्गले सत्र वर्ष टेक्तानटेक्ता आयआर्जनमा लाग्नुपर्ने भयो । अब उनले सानातिना काम गरेरै भए पनि आमा पाल्नुपर्ने थियो । विगतलाई छातीभरि लुकाएर बीभत्स वर्तमान स्वीकार्न आमाछोरा दुवै बाध्य थिए त्यस बेला ।

आमाकै करमा परेर आमाकै धनी फुपूकी एक मात्र छोरीसँग मनजङ्गका बिहाको टुङ्गो लगाइएको थियो । त्यस बेला मनजङ्गलाई बिहा गर्ने इच्छा थिएन । त्यसमा पनि उनलाई धनीकी छोरीसँग नाता जोड्ने इच्छा भएन कहिल्यै । तापनि आमाको जिद्दी र जीवनमरणको धम्कीका अगाडि मनजङ्गको केही लागेन । अन्ततोगत्वा बिहे भयो । दोहोरी खर्च लगाएर भव्यतापूर्वक सम्पन्न गरिएको थियो त्यो बिहे । मनजङ्गकी आमा पनि निकै लामो समयपछि मन खोलेर हाँसेकी थिइन् त्यस बेला । यसरी मनजङ्ग र चन्द्रकलाको बिहे तय भएपछि चन्द्रकलाकी आमाले एउटा राम्रो भाडाका घरमा यी दुई आमाछोरालाई बस्ने व्यवस्था मिलाएकी थिइन् । छोरीको शानशौकतका लागि आमाचाहिँले पनि पैसा पानीजस्तै बगाएकी थिइन् ।

त्यही भाडाका घरमै दुलही अन्माइयो । मनजङ्गले आमाका इच्छामा बिहे गरेको भए पनि स्वाभाविक रूपमा सुहागरातका बेला एउटा नौजवान तनमनको उन्माद चढ्दै थियो त्यहाँ । तत्कालीन समयसँग आफूलाई पूर्णतया ढाल्दै गइरहेको मनजङ्ग आफ्नी नवविवाहिता पत्नीसँगको प्रथम मिलनका लागि मीठा कल्पनाहरू सजाउँदै कोठामा पुग्नु स्वाभाविक थियो ।

कोठामा अवस्थित भव्य बिछ्यौनामा चन्द्रकला मस्त निदाएकी थिई । उसका शरीरमा दुलहीको कपडा पनि थिएन । उसले पारदर्शी नाइट गाउन लगाएकी थिई । मनजङ्गलाई कोठामा एक किसिमको अप्रिय गन्ध आएजस्तो लाग्यो । त्यसै बेला कोठामा राखिएको टिटेबुलमा

पुगेर उनका आँखाहरू अडिए । चुरोटका केही ठुटा र खरानी पनि टेबुलभरि छरिएर रहेका थिए । मनजङ्गलाई अब एकदम नरमाइलो लागेर आयो । मस्त निदाएकी आफ्नी पत्नीलाई नजिकै पुगेर हेर्दा मान्छे नराम्री लागिन । तर उमेर भने मनजङ्गभन्दा पाँच वर्षजति पक्कै पनि बढ्ता हुनुपर्छ । ‘उमेर केही जेठी हो कि, तर बाबु, पाँच-सात वर्षको जेठकान्छीले केही फरक पर्दैन । एउटी मात्र छोरी उसकी आमाकी त्यति एउटी सन्तान । त्यत्रोबिधि सम्पत्तिकी मालिक्नी त्यही केटी । बिन्ती बाबु हुन्न नभनिदेऊ, मैले आफैंले तिम्रो सम्पत्ति सिद्ध्याएकी छु, अब फेरि तिम्रो राम्रो व्यवस्था भयो भने मलाई मर्ने बेलामा ढुक्क हुन्छ ।’ यसो भनेर मनजङ्गकी आमा रोएकी थिइन् छोरासित । आमासँग मनजङ्गलाई हुनसम्म रिस उठे पनि आमा रोएको मन परेन मनजङ्गलाई । उनलाई आमा रोएको सहन गाह्रो पर्थ्यो । त्यसैले यो बिहे भएको थियो ।

मनजङ्गले निदाएकी चन्द्रकलालाई हेर्दै गएपछि मनमा अनगिन्ती भावहरू आउँदै-जाँदै गरे । कुनै पनि युवा-युवतीले आफ्नो बैंसको प्रारम्भ हुनासाथैदेखि आजको रातका बारेमा कल्पना गरेर रमाउने गर्छन् । धेरै दुःख र कष्टपूर्ण समय बिताए पनि मनजङ्गका कल्पनामा यस रातले एउटा सुखद अनुभूति तयार गर्दै थियो त्यस बेला । यो भव्य कोठा, कोठामा अवस्थित भव्य कौच, आलमारी, आरामदायी बिछ्यौना, रङ्ग मिलेका तन्ना र पर्दाहरू मनजङ्गका ती कल्पनामा आएका थिएनन् । तर एउटी आफ्नो दौतर मिल्ने, मायालु युवतीका अँगालामा जीवनभरिको थकाइ मेट्ने विश्रामको कल्पना गर्नु मनजङ्गका चेतनामा पनि स्वाभाविक थियो त्यहाँ । जे होस्, मनजङ्गको मन नरमाइलो भएर आयो । आमाले यो कस्तो इच्छा गरिन् । म आमाका इच्छाअगिल्तिर बलि नै चढेछु । मन अमिलिइरह्यो धेरैबेरसम्म । एकमन मनजङ्गलाई त्यस कोठैमा नसुतौं जस्तो पनि लागेर आयो । तर आमाले थाहा पाएपछि फेरि अर्को थप अशान्ति र

रुवाबासी पनि शुरु हुन सक्थ्यो त्यहाँ । चुपचाप एक छेउमा निदाउनुमा हानि नै के छ र ! आदि इत्यादि सोच्न थाल्यो उनका मनले ।

त्यसपछि ठूलो बिछ्यौनाका एक छेउमा मनजङ्गको शरीर पनि टाँसियो, त्यहाँ । कसोकसो निद्रैमा चन्द्रकला पनि मनजङ्ग भएपट्टि फर्की । मनजङ्गका नाकमा ह्वास्स रक्सीको गन्ध आयो । फेरि उनले राम्ररी सुँघ्दा चन्द्रकलाका सासबाट रक्सीको प्रचण्ड गन्ध आइरहेको थियो । अब चाहिँ मनजङ्गको मन झनै धमिलो भएर आयो । नर्कबाट महानर्क पुगेको अनुभूति भइरह्यो मनजङ्गलाई ।

मनजङ्गलाई त्यस रात निकैबेरसम्म निद्रा परेन । अब कसरी यस आइमाईसँग जीवन बिताउने होला ! मनजङ्गलाई औडाहा भइरह्यो । मनजङ्गका बाबु चुरोट र जाँड दुवै खान्थे । पछिपछि जाँडले नै उनलाई खान पनि थालेको थियो । आमालाई पनि चुरोट जाँड दुवै खान मन पर्ने । तर बाबुका मृत्युपछि मनजङ्गले घर चलाउन थाले यता आमासित बिन्तीभाउ गरेर यी दुवै लतबाट आमालाई मुक्त पार्न मनजङ्गलाई अति कठिन भएको थियो । मनजङ्गले चाहिँ जाँड र चुरोट दुवै कहिल्यै मुखमा हालेका होइनन् । मनजङ्गका लागि यी दुवै गन्ध अप्रिय थिए । आमा कहिलेकाहीं आँखा छलेर चुरोट पिउने गर्थिन् । पहिले बसेको भाडाका संयुक्त कोठामा मनजङ्ग कहींबाट कोठामा पस्नेबित्तिकै चुरोटको गन्ध नाकमा ठोक्किने गर्थ्यो । त्यस बखत आमासँग कतिपल्ट झोक्किनुपरेको थियो । आमा 'पीर काट्न खाएको, अब कहिल्यै खान्नँ' भन्थिन् र छोरोलाई फकाउँथिन् । "हे भगवान् ! यो आइमाई त चुरोट रक्सी दुवै खान्छे, यस्तीसँग कसरी जीवन बिताउने होला !" मनजङ्गका तर्कनामा आइरहे अनेक कुराहरू । त्यसपछि उनलाई कतिखेर निद्रा पऱ्यो थाहै भएन ।

"मनजङ्ग, डार्लिङ !" अनायास बिहान एउटा अप्रत्याशित शब्द मनजङ्गका कानमा पऱ्यो । मनजङ्गले आँखा खोलेर हेर्दा चन्द्रकला नजिकै बसेर कोट्टयाइरहेकी थिई । मनजङ्गका आँखाले

पनि एकटक लगाइरहेको थियो, चन्द्रकलालाई । बिहानीका उज्यालामा पनि चन्द्रकलाको सौन्दर्य चित्ताकर्षक लागेन उनलाई । "ए, के हेरेको ? तिमी राति किन ढिलो आएको ? म त तिमीलाई पर्खंदापर्खंदै निदाएछु । बोलाऊँ कि जस्तो लाग्यो तर फेरि तिम्री आमाले के भन्लिन् भनेर चुप बसें" चन्द्रकलाले आफ्नो शरीर मनजङ्गसँग टाँस्न खोज्दै भनी । उसका पारदर्शी गाउनबाट भित्री लुगाहरू देखिइरहेका थिए । चन्द्रकला मनजङ्गसँग झनै टाँस्सिन खोजी । मनजङ्गलाई रोमाञ्च हुनुपर्ने, अहँ, त्यस्तो अनुभूति भएन । बरु घिन पो लागेर आयो । 'यो आइमाईलाई लाज लाग्दो रहेनछ !' मनजङ्गलाई एक किसिमको शरम भइरह्यो त्यहाँ ।

"यो कस्तो केटाकेटी मान्छे रहेछ !" चन्द्रकला हाँसी । त्यो हाँसो, उत्ताउलो हाँसो, मनजङ्गलाई मन परेन । चन्द्रकलाले आफ्नो सम्पूर्ण शरीरको भार मनजङ्गलाई बोकाएर ऊ मनजङ्गसँगै सुती । क्रमैले उसले मनजङ्गका ओठसम्म आफ्ना ओठ पुऱ्याई । चन्द्रकलाका मुखबाट सासका गन्धमा रक्सी र चुरोटको गन्ध मिसिएर हुनसम्मको दुर्गन्ध आइरहेको थियो त्यस बेला । मनजङ्गको श्वासप्रश्वास नै रोकिएला जस्तो भएर आयो । उनी चन्द्रकलाका शरीरलाई हुत्त्याएर उठे र बाहिरतिर बढ्न थाले ।

चन्द्रकलाले उनलाई विस्मित भएर हेरिरही । अर्थात् ऊ छक्क परी "ए बालख, स्वास्नी चाहिएको थिएन भने बिहा किन गरेको ?" चन्द्रकलाले रिसाएर सोधी ।

"रक्सी र चुरोटको गन्ध मलाई मन पर्दैन" मनजङ्गबाट अनायास यी शब्द फुत्किए । "साधु बाबा ! मलाई त रक्सी र चुरोट नभई हुन्न, मेरो माम्माले त मलाई आफैं किन्दिन्छ" चन्द्रकलाले दम्भका साथ भनी ।

"अनि म मन पर्छु कि पर्दैन ?" चन्द्रकलाले अलि पर उभिएका मनजङ्गलाई गएर अँगालामा कसी । "यु माई हयान्डसम, आई

लाइक यू, प्लीज लभ मी, डार्लिङ मनजङ्ग, प्लीज, लभ मी ।" चन्द्रकलाले मनजङ्गका घाँटीमा दाँतले अलिअलि टोकी र कानमा साउती मार्न थाली । त्यसपछि चन्द्रकलाले मनजङ्गलाई जतातत्तै सुमसुम्याउन थाली । जीवनमा पहिलोपटक स्त्री-सामीप्य पाएका मनजङ्गलाई मदहोश भएर आयो । यस बेला केहीबेरअघिको चुरोट र रक्सीको सबै दुर्गन्ध पनि बिर्से मनजङ्गले ।

मनजङ्गले त्यसै दिन जीवनमा पहिलोपटक स्त्री-सुख अनुभव गरेका थिए । उनलाई यो अनुभव खूबै रमाइलो लागेको थियो । त्यस बेला मात्रै उनलाई चन्द्रकला औधी सुन्दरी लागेकी थिई । जीवनको यस्तो सुखभोग गराउने चन्द्रकलासँग मनजङ्ग प्रसन्न पनि भएका थिए । 'धनी घरकी छोरी, खराब आदतमा परी । बिस्तारै छुटाउँछु । बनाउँदा नबन्ने के छ र !' मनजङ्गले आशावादी हुँदै सोचेका थिए, यो कुरा पनि ।

जीवन उनले सोचेजस्तो भयो । त्यसपछि चन्द्रकलाले चुरोट र रक्सी केही पनि खाएको कहिल्यै थाहा भएन मनजङ्गलाई ।

उनीहरूको मधुमास रमाइलो बितिरह्यो । मनजङ्गले पनि यस जीवनलाई रमाइलो मानेर स्वीकारिरहे । त्यसैबीच एक दिन चन्द्रकलाकी आमा छोरीलाई भेट्न आएकी थिइन् । आमाछोरीबीच गोप्य वार्ता भए । त्यस दिन चन्द्रकलाकी आमाले मनजङ्गलाई भोलिपल्टदेखि आफ्नो व्यापार रेखदेख गर्ने काम सुम्पिएकी थिइन् । यस कुराले मनजङ्गकी आमा खुशी हुनु स्वाभाविक थियो । मनजङ्ग पनि खुशी भएका थिए ।

त्यसपछि मनजङ्ग अफिस जान थाले । चन्द्रकला र उनकी आमा घरै बस्न थाले । तर चन्द्रकला घरमा मात्रै रमाउने जीव थिइन शायद । ऊ मनजङ्ग अफिस हिंडेपछि लगत्तै बाहिर निस्कन्थी र मनजङ्ग घर आउने बेलामा दुरुस्त भएर बस्थी । मनजङ्गकी आमालाई

बुहारीको यो चाला मन परेको थिएन । बुहारीका सम्पत्तिले थिचेकाले आफू केही बोल्न सक्ने स्थितिमा पनि थिइनन् उनी । अऊ यस घरमा बुहारी भित्रिएयता आफ्ना पुराना ऐयासीका दिनहरू उनले पनि फर्काइसकेकी थिइन् । यस घरमा आएपछि चन्द्रकलाकी आमाले पठाइदिएको चाकर युवकले उनको मनोरथ पूर्ण गर्न थालेको थियो । ऐसका लागि सम्धिनी भेट गर्दा पाएका असर्फी र रुपैयाँहरू अहिलेलाई पर्याप्त थिए । यही बुहारीका कारण उनको बितेको जवानी फर्केको थियो र दरबारिया सुख पनि दोहोरिएर आएको थियो । त्यसैले बुहारीका चाला बुझेर पनि नबुझेझैं गर्दै गइरहेकी थिइन् उनी ।

चन्द्रकला भारी जीउकी भएकी थिई । उसलाई बच्चा पाउने पटक्कै इच्छा थिएन । उसले बच्चा खसाल्ने उपाय पनि गरी, तर बेला हुइँकिइसकेको थियो । चन्द्रकलाले गर्भ बोक्नैपरेको थियो । पेट देखिन थालेपछि अनिच्छापूर्वक भए पनि चन्द्रकला घरबाहिर हिंड्न छोडेकी थिई । त्यसपछि चन्द्रकलाका शयनकक्षमा एउटा अधबैंसेको आगमन शुरु भयो । चाकर केटाले मनजङ्गकी आमालाई सुनाएअनुसार त्यो मानिस मुसलमान व्यापारी थियो । मनजङ्गसँग बिहा हुनुभन्दा धेरैअघिदेखि चन्द्रकलाको त्यस पुरुषसँग सम्बन्ध रहेछ । यो विवाहित बूढो मुसलमानसँगबाट छुटाउनका लागि नै चन्द्रकलाकी आमाले चन्द्रकलाको बिहा मनजङ्गसँग सजिलै गरेर एउटा जुवा खेलेको कुरा मनजङ्गकी आमाले थाहा पाएकी थिइन् । “बुहारी D यो ठीक भएन, मनजङ्गले थाहा पायो भने के गर्ला ?” एक दिन मनजङ्गकी आमाले चन्द्रकलासँग डराउँदै भए पनि भनेकी थिइन् ।

“आमा हजुर, के ठीक के बेठीक D त्यो विष्णुसँग ढोका लगाएर हजुर घण्टौं के गरिसिन्छ भन्ने कुरा मनजङ्गले थाहा पाए के होला नि D हजुरलाई खर्च चाहियो भने मागिस्योस् । बाँकी चिन्ता हजुरले लिइरहन उपयुक्त नहोला पनि । जुन दिन मनजङ्गलाई थाहा होला । देखा जाएगा ।”

चन्द्रकलाको यस प्रकारको जवाफ आउला भन्ने मनजङ्गकी आमाले सोचेकी पनि थिइनन् । 'बेकारमा किन बुहारीसँग मुख लागेछु D' उनलाई आफ्नो गल्ती महसुस भएर आयो ।

महिना पुगेपछि चन्द्रकलाले छोरो जन्माई । छोरो हृष्टपुष्ट र उज्यालो थियो । आफ्नो संसार मनजङ्गले रमाइलो देखे । उनले सासूबज्यैको व्यापार पनि राम्ररी सम्हालेका थिए । अब उनका दु:खका दिन पनि हट्तै गएका थिए । त्यस दिन उनकी सासूबज्यैले नाति जन्मेका खुशीयालीमा भव्य भोजको आयोजना गरेकी थिइन् । बुढिया खूबै रमाएकी थिइन् । तर त्यसै रात 'हर्ट एटचाक' ले उनको मृत्यु भयो । जसोतसो मनजङ्गले सारा व्यवहार सम्हाले । बुढियाले आफ्नो सारा सम्पत्तिको उत्तराधिकारी छोरीलाई नै बनाएकी थिइन् । मनजङ्गले अड्डाअदालत गएर सबै कागजात चन्द्रकलाका नाममा बनाइसकेका थिए । अब ऊ मनोयोगले व्यापारमा लागेर धन अभिवृद्धि गर्नेबारे मात्र सोचिरहेका थिए त्यस बेला ।

•

छोरो पनि टुकुटुकु हिंड्ने भैसकेको थियो । एक दिन दिउँसो अप्रत्याशित मनजङ्ग आफ्नो घरमा आइपुगेका थिए । उनीहरूका शयनकक्षका ढोका भित्रबाट लगाइएको थियो । उनले ढोका ढकढकाए । भित्रबाट कुनै आवाज आएन । उनले विष्णुलाई बोलाए । विष्णु निकैबेरमा आयो ।

"दुल्हैसाब खोई ?" मनजङ्गले विष्णुसँग सोधे । विष्णुले मुखले नबोलेर इशाराले बन्द कोठातिर देखायो । "अनि सानुराजा नि D" मनजङ्गले आमाछोरा सुतेको अनुमान गरेपछि विश्वस्त हुन प्रश्न गरेका थिए ।

"राधा दिदीले खेलाउन लग्नुभा'छ ।" विष्णुले यथास्थिति बताइदियो ।

"आमा खोई त ?" मनजङ्गले आमाका कोठातिर बढ्दै विष्णुलाई सोधेका थिए ।

"सुतिस्या छ ।" विष्णुले यी शब्द प्रकट गर्दानगर्दै मनजङ्गले ढोकैबाट चियाएर हेरे । उनकी आमा सिरक ओढेर सुतिरहेकी थिइन् । त्यसपछि उनी पुन: आफ्नो कोठाका ढोकामा आएर उभिए । भित्रबाट कुनै सामान भुइँमा खसेको आवाज आयो ।

"चन्द्रा D ढोका छिटो खोल, म जरुरी कागजात चाहिएर आएको मलाई हतार छ" मनजङ्गले चन्द्रकलालाई प्रेमपूर्ण आदेश दिएका थिए । तर ढोका खुलेन । "किन ढोका खोल्दिन D" मनजङ्गको मन चिसो भएर आयो । उनले एकमन अपशकुन पनि सम्भन पुगे । तर एकनास ढोका भने ढकढकाइरहे ।

धेरैबेरपछि ढोका उघ्रियो तर ढोका उघ्रिने बेलासम्म पनि मनजङ्गलाई यी कुरा थाहा थिएन । अर्थात् यही उघ्रिएका ढोकाले नै उनका भाग्यको ढोका बन्द गर्नेछ भन्ने अलिकति पनि आशङ्का थिएन उनलाई । एउटा अधबैंसे पुरुष र चन्द्रकला साथसाथै ढोकामा उभिएका थिए । पुरुषको शिर केही निहुरिएको थियो र अनुहारमा पनि डरका अंशहरू देखापरेका थिए । तर चन्द्रकलाले भने एकनास मनजङ्गका आँखामा आफ्ना आँखाका बाटाबाट दम्भलाई पोखिरहेकी थिई । ती आँखामा लज्जा, पछुतो, ग्लानि केही थिएन, लेस मात्र पनि थिएन । मनजङ्ग आकाशमा उड्दाउड्दै पखेंटा चुँडिएर जमीनमा पछारिएको पन्छीसरह भएका थिए त्यस बेला । उनी किंकर्तव्यविमूढ भएर उभिइरहे केहीबेर । त्यसपछि चन्द्रकलाले त्यस पुरुषलाई त्यहाँबाट मौन बिदाइ गरेकी थिई ।

चन्द्रकला पूर्वशानमै आफ्ना कोठामा पसेकी थिई । मनजङ्गले केही सोच्नै सकिरहेका थिएनन् । 'यो के भयो, मैले आज के देखें, अब म के गरूँ ?' उनलाई आफ्नो मस्तिष्क फुट्लाजस्तो भएर आयो ।

उनले आफ्नो शरीर कोठाका कौचमा लगेर फाले । चन्द्रकला बिछ्यौनामा ढल्केकी थिई । उसको मुख भित्तापट्टि फर्किएको थियो ।

“चन्द्रा D तिमीले यो के गरेकी, यस्तो नर्कको जीवन म कसरी बाँचूँ ? हे भगवान् D” कारुणिक स्वरमा बोल्दै गए मनजङ्ग । भित्तापट्टि फर्केर ढल्केकी चन्द्रकला जुरुक्क उठेर बसी ।

“के रे, नर्कको जीवन D तिमी कुन स्वर्गका जीव हौ ? मलाई केही भन्नुअघि आफ्नी आमालाई गएर भेट” चन्द्रकलाले डरलाग्दो आँखा पार्दै अनुहारको भाव विकृत पारेर भनी । “हेर चन्द्रा, कुरा तिमी र मेरो बीचमा छ, मेरी बूढी भएकी आमालाई यहाँ ल्याउँदै नल्याऊ तिमी” केही आक्रोशित भएर मनजङ्गले भनेका थिए ।

“हो, त्यही बूढीको करामत हेर्न जानू भनेकी, मेरा कुरा नपत्याए राधालाई बोलाएर सोधन, दिनरात तिम्री आमाका कोठामा विष्णु र तिम्री आमाको स्वर्ग कस्तो हुन्छ D” चन्द्रकलाले हातमुख नचाउँदै भनेकी थिई त्यस बेला ।

“चन्द्रकला D तिमी के भन्दैछ्यौ ? हेर, ठीक हुने छैन, आफू चरित्रहीन भएपछि आफ्नो चरित्र सुद्धचाउनका लागि मेरी आमाका चरित्रमाथि प्रश्नचिन्ह ठडचाउन शरम लाग्दैन तिमीलाई ? अब एक शब्द पनि यस्ता कुरा गर्‍यौ भने ठीक हुने छैन, बुझ्यौ ?” मनजङ्गलाई हुनसम्म रिस उठिसकेको थियो । उनले कौचका हत्तामाथि आफ्नो दाहिने हात जोरले ठोकेर भने ।

“ए D तिमीले के गर्छौ हेरौं त, तिम्री सतीसावित्री आमाको कुरा सुन्दा चित्त दुख्यो । म चरित्रहीन, तिम्री आमा देवी । पख, म तिमीलाई देवी-चरित्र सुनाउँछु” चन्द्रकलाले साक्षात् रणचण्डीको अवतार लिइसकेकी थिई । झाँक्रो फिजाएकी, रिस र आक्रोशले विदीर्ण भएकी चन्द्रकलाको अनुहार साँच्चै कुरूप लाग्यो मनजङ्गलाई । “विष्णु D ए विष्णु D, राधा D ए राधा D तिमीहरू दुवै जना यहाँ

आओ, छिट्टो आओ" चन्द्रकला चिच्च्याएकी थिई । नभन्दै विष्णु र राधा दुवै केहीबेरमा कोठाका ढोकानिर उभिएका थिए । "ए विष्णे बजिया D भन् छिटो भन्, तँ मोरो बुढियासँग दिनका दिन ढोका लगाएर के गर्छस् ? सुना बुढियाको चरित्र-कथा श्रवणकुमारलाई । ए मोरा, तँ दिनमा कतिपटक सुत्छस् भन्दे त बुढियासँग ?" चन्द्रकलाले विष्णुलाई गएर गलहत्त्याएर झकझकाउँदै भनेकी थिई । विष्णु कालोनीलो भएर रुँला जस्तो गरेर उभिएको थियो त्यहाँ । तर ऊ एकै शब्द पनि बोलेन । चन्द्रकलाले रिसका झोंकमा दुई थप्पड पनि हानी विष्णुलाई । उसले अझै एकै शब्द पनि निकालेन । त्यसपछि चन्द्रकला प्रमाण प्रस्तुत गर्न राधाका अगिल्तिर पुगेकी थिई

"ए राधे D तँ भन्दे, यो विष्णे मोरो बुढियासँग सुत्न जान्छ कि जाँदैन ? हेर् डराउनु पर्दैन म छु । तँलाई कसैले केही गर्दैन, साँचो कुरा, थाहा पाएको कुरा भन्दे त, सतीसावित्री आमाको कुरा सुनाइदे" चन्द्रकलाले एकै सासमा राधाका ढाडमा थपथपाएर भनेकी थिई ।

"विष्णु आमाहजुरका कोठामा जान्छ, ढोका लगाउँछ, सधैं त्यसै गर्छ । अर्थोक मैले क्यै देखेकी छैन हजुर । विष्णुसँग आमाहजुरको सुनको सिक्री छ, असर्फी पनि छ । आमाहजुरले दिस्सेको भनेर मलाई देखाएको थियो" राधाले डराउँदै एकपल्ट मनजङ्गका अनुहारमा हेरेर अड्कीअड्की भनेकी थिई ।

राधाका कुरा सुनेर मनजङ्गलाई आफ्नो कानमा कुनै तीखो कीर रोपिएको अनुभूति भयो । आफ्नी जन्मदातृका विषयमा यस्तो कुरा सुन्नुअघि किन उनको प्राण उडेर गएन D त्यस बेला उनलाई आफू जीवित भएकामा पछुतो लाग्यो ।

मनजङ्ग केही बोलेनन् । त्यसपछि चन्द्रकलाले विष्णुलाई घोक्र्याएर लगेर सुनको सिक्री र असर्फी लिएर आएकी थिई । यी दुवै सामान चन्द्रकलाकी आमाले मनजङ्गकी आमालाई सम्धिनी भेट

गर्दा दिएकी थिइन् । मनजङ्गले ती दुवै सामान प्रस्ट चिने । उनी भित्रभित्रै उम्लिरहेका थिए । त्यसपछि उनी जुरुक्क उठे र बैठककोठामा पुगे । त्यहाँ भित्तामा सजाएर राखिएका बाजेका पालाका दुई तरबारहरू थिए । उनले एउटा तरबार झिके र दापबाट तरबार थुते । हस्तीहाडका बिंडमा बलियोसँग समातेर उनी बैठकका ढोकामा पुगे । 'पहिले आमा, त्यसपछि चन्द्रकला र पछिबाट आफैं सेरिनेछु' उनले सोचे । अचानक उनका आँखामा बालख छोराको छवि आएकाले रन्थनिए उनी । मोहले चुर्लुम्म पाऱ्यो उनलाई । मनजङ्गले समातेका तरबारको बिंड खुकुलो भयो । झनै खुकुलो भयो र तरबार भुइँमा खस्यो । अनि उनी कौचमा बसेर मुन्टो घुँडामा लुकाएर रुन थाले । "कस्तो जीवन, किन यस्तो जीवन, हे ईश्वर D" एक्लै फतफताए मनजङ्ग । त्यस रात मनजङ्ग बैठककै कौचमा सुते । उनले भुजा पनि खाएनन्, त्यस रात । राधा बोलाउन आएकी थिई तर उनले नखाने भनेर पठाए । त्यस रात उनलाई आमा र स्वास्नी दुवैको मुख पनि हेर्ने इच्छा भएन ।

भोलिपल्ट राधाले आएर भनी, "आमाहजुरले फींज काढिबक्सेको छ, छटपटाउँदै होइसिन्छ" मनजङ्ग आत्तिएर आमाका कोठामा पुगे । आमा अन्तिम सास फेरिरहेकी थिइन् शायद । उनी आमानजिक पुगे । पलङबाट झुन्डिरहेको आमाका टाउकालाई आफ्नो काखमा राखे । "आमा यो के गरेको D ए विष्णु ड्राइभरलाई गाडी ठीक पार्नू भन्" मनजङ्गले अत्तालिएर विष्णुलाई बोलाएका थिए ।

"हजुर, गाडी राति नै दुल्हैसाहेबले लगिबक्सेको थियो, विष्णु पनि हिजैदेखि घरमा छैन" राधाले जवाफ दिएकी थिई ।

"राधा D तँ आमासँग बस्, म गाडी लिएर आउँछु, आमालाई अस्पताल लैजानुपर्छ" उनले आमाको टाउको सिरानीमा राख्न खोजेर आफू उठ्न खोज्दै भने ।

"बाबु D अब मलाई नबचाऊ, म धेरै बाँचें । अब मलाई माफ गरिदेऊ । मलाई माफ गर्देऊ बाबु..." उनकी आमाले मनजङ्गको

हात च्याप्प समातेर भनिन् । उनी एकतमासले रोइरहिन् र छटपटाइरहिन् । मनजङ्गले बडो मुस्किलले आमाको हात आफ्नो हातबाट छुटाए र राधालाई आमासँग राखेर उनी मोटर लिन सडकतिर दौडे । तर उनी मोटर लिएर आइपुग्दा उनकी आमाले अन्तिम सास लिइसकेकी थिइन् । उनको निस्तेज शरीरनजिकै राधा हक्क न बक्क परेर उभिइरहेकी थिई । आमाका नजिकै उभिएको चन्द्रजङ्ग पनि छक्क परेर घरी राधालाई घरी आफ्नी आमाहजुरलाई पालैपालो हेर्दै थियो ।

"बाबा, आमाहजुर तिन नबोलिसेको.... ?" मनजङ्गलाई कोठामा देख्नेबित्तिकै चन्द्रजङ्गले कुद्दै पितानजिक पुगेर आफ्नो तोतेबोलीमा सोधेको थियो ।

त्यसपछि चन्द्रकला फर्केर पनि आइन । ऊ कहाँ गई मनजङ्गले पनि खोजी गरेनन् । अब बालख चन्द्रजङ्गको लालनपालन गर्दै आफ्नो जीवनयापन गर्नु नै उनको लक्ष्य थियो । आमाको किरिया सकेपछि उनी त्यस घरबाट आफ्ना निजी सरसामान मात्र लिएर फेरि पुरानै एककोठे डेरामा आइपुगेका थिए । त्यसरी निजी सरसामान मात्र बोकेर लगेका बेला उनले ती तरबार त्याग्न सकेका थिएनन् । उनले पुर्खाबाट जोडिँदै आएको शमशेर ज.ब.रा.को पुच्छरचाहिँ त्यसै बेलादेखि त्यागेका थिए तर ती तरबार फाल्न सकेका थिएनन् । त्यसो त त्यस तरबारको धर्म निर्वाह गर्न पनि असमर्थ भएका थिए उनी । ती तरबार देखेपछि उनलाई आफ्नो कायरताको सम्झना पनि हुने गर्दथ्यो । मनजङ्गलाई पुरानो ठाउँमा बसिरहन मन लागेन र उनी अर्कै नौलो गाउँमा गएर बस्न लागे । अब सानोतिनो जागिर खाएर पेट पाल्नुका साथै चन्द्रजङ्गको भविष्य निर्माण गर्ने धोको मात्रै थियो उनीसँग ।

तर दैवले सुखको सास फेर्न मनजङ्गका खप्परमा लेखेका नै रहेनछन् । उनले पिउन र चौकीदारको जागिर खाएर भए पनि

छोरालाई पढाउन खोजेका थिए । तर छोरोचाहिं दिनदिनै बदमास र झन्झन् आवारा भएर गएको थियो । कतिपटक बलात्कार र कतिपटक चोरीकाण्डमा पुलिसले चन्द्रजङ्गलाई पक्रिसकेको थियो । रक्सीका लतमा लागेर उसले सयकडौं नराम्रा कामहरू पनि गरिसकेको थियो । रक्सी नखाएका बेला चन्द्रजङ्ग साक्षात् देवपुत्र भएर पिताको अनन्य भक्त हुन्थ्यो, तर उसलाई हरेक रात रक्सी नभई हुँदैनथ्यो । रक्सी खाएर आएपछि ऊ पितालाई देख्नै सक्तैनथ्यो । कतिपटक त्यही तरबारसमेत उज्याएको छ चन्द्रजङ्गले आफ्ना पितालाई तर पनि मनजङ्ग मरेका छैनन् ।

# दस

'ओहो D मनजङ्ग दाइको सिङ्गो कथा सम्झेर पो बसेंछु म', विश्वामित्र झस्किएको थियो । उसले घडी हेऱ्यो, बिहानको नौ बज्नै लागेको थियो । झन्नै तीन घण्टासम्म एकै थलामा बसेर विश्वामित्रले मनजङ्गका कथाको साङ्गोपाङ्ग सोच्न पुगेछ । उसलाई भोक लागेजस्तो भयो । 'मेनका उठिहोली' सोच्तै ऊ शयनकक्षतिर लाग्यो । मेनका बाथरूम पसेकी रै'छ । ऊ शयनकक्षकै कौचमा थचक्क बसेर मेनकाको प्रतीक्षा गर्न थाल्यो ।

केहीबेरपछि मेनका नुहाएर बाहिर निस्की । सुन्दरी मेनकाको चिसो फिंजिएको केशराशि र गुलाफी गाउन पनि राम्रोसँग नबाँधिएर त्यहाँबाट चियाउन खोजेका उसका ज्वालामुखी देखेर विश्वामित्र उत्तेजित हुन पुग्यो । ऊ जुरुक्क उठेर मेनकाको नजिक पुग्यो ।

"मेनु D कतिबेरदेखि प्रतीक्षा गरिरहेको छु, किन मलाई यसरी तड्पाएकी D" विश्वामित्रले मेनकालाई अँगालामा बाँधेर भन्यो । मेनका पनि आन्दोलित भई ।

"मेरो पूजा गर्नुपर्छ, एकैछिन पर्ख है D" मेनकाले विश्वामित्रलाई अनुनयको स्वरमा भनी ।

"नाइँ, छिट्टै आऊ है त D" विश्वामित्रले अधीर भएर भन्यो । मेनकाले टाउको हल्लाई, आफ्नो लुगा राम्ररी मिलाएर उसले सिरानीमुन्तिरबाट हनुमान् चालीसाको किताब झिकी र ढोकातिर

लागी । "मेनु D  मलाई भोक लाग्या छ" विश्वामित्रले ढोकाबाट बाहिर निस्कन लागेकी मेनकालाई भन्यो । 'म पूजा सकिहाल्छु अनि सँगै खाजा खाउँला D' मेनकाले विश्वामित्रका अनुहारमा हेरेर भनी र ढोका उघार्न लागी ।

"मेनु D मलाई उमेशले बिहानै सोधेको थियो, आज छिट्टै भुजा तयार गर, खाएर नै जान्छु, भनेको थिएँ" विश्वामित्रले जानकारी दियो । "ल त्यसो भए..., ए पख है" एकैछिन मेनका अलमलिन खोजी । त्यसपछि उसले ड्रेसिङ टेबुलका दराजबाट एउटा बट्टा झिकेर विश्वामित्रका हातमा राखिदिई ।

"धेरै नखाऊ नि, त्यसै त तिमीलाई......, झन् यो धेरै खानु हुन्न के D" मेनकाले आँखा सन्काउँदै विश्वामित्रलाई भनी । बट्टामा काजु र हाडे बदाम थिए ।

"किन हुन्न प्यारी, मलाई के, किन म कस्तो छु हँ ?" विश्वामित्रले मेनकालाई अँगालो हालेर भन्यो । मेनकाका कोमलाङ्गमा काउकुती लगाउँदै उसले आन्दोलित पार्न खोज्यो ।

"छिः.... तिमी पनि कस्तो मान्छे, म पूजा सकेर आउँछु भनेको होइन ? अर्कालाई सताउन मात्र जान्या छ ठूलोराजाले" मेनकाले रिसाएको जस्तो नाटक गरी । विश्वामित्र मसला खान थाल्यो, मेनका पूजाकोठातिर लागी ।

विश्वामित्रलाई मेनकाको पूजाअवधि लामो लाग्यो । ऊ छटपटिएर मेनकालाई पर्खिरह्यो । दस मिनेटमै पूजा सकेर मेनका हाजिर भएकी थिई । तर उसलाई चाहिँ धेरै समय बितेको जस्तो लागेको थियो । मेनकाले कोठाभित्र पसेर सरक्क ढोकाको छिट्कनी लगाएकी थिई ।

"मेनु D  सानुराजा खोई त ?" विश्वामित्रले सम्भाव्य बाधा हटाउने पूर्वतयारीका लागि सोधेको थियो । "मैले गीतालाई राम्ररी

खेलाउन र झगडा गऱ्यो भने बगैंचातिर घुमाउनू भनेर आएकी छु ।" सधैं झैं मेनकाको समझदारीपूर्ण व्यवहारको विश्वामित्रले मनमनै प्रशंसा गरेको थियो । मेनका पूर्ण तयारीका साथ बिछ्यौनामा पर्खिरहेकी थिई ।

"तिमीलाई भोक लाग्दैन ?" विश्वामित्रले एक मुठी मसला मेनकाका मुखमा कोचिदियो । त्यसबिधि मुखमा मसला हाल्दिएकामा मेनकाले विश्वामित्रलाई रिसाएर हेरी । हुन पनि चपाउन पनि नहुने र बोल्न पनि नहुने गरी विश्वामित्रले मुखमा मसला कोचिदिएको थियो । मेनका रिसाएर चुप लागेर बसी, चपाइन पनि, थुकिन पनि । विश्वामित्रले आफ्नो मुख लगेर मेनकाका मुखबाट अलिकति मसला झिक्यो । अब अलि सजिलो भयो मेनकालाई । मेनकाका नाटकको रिस पनि तुरुन्त प्रेम र समर्पणमा संस्थापित भइहाल्यो । विश्वामित्रले अझ अलिकति मुखले तानेर खाइदियो । मेनका झन् खुशी भई ।

"अब त खाऊ मेरी महारानी D" विश्वामित्रले आफ्ना हातले मेनकाका शरीरमा आगो बाल्दै भन्यो ।

"मैले यसरी मसला खानु हुन्न क्या ? तिमीलाई अप्ठेरो पर्छ । मसला नखाँदा त तिमीलाई गाह्रो पर्छ D" मेनकाले विश्वामित्रलाई सुऱ्याएर भनी ।

"कसरी अप्ठेरो पर्दो रहेछ, आज हेरौं है त मेरी रानी D" विश्वामित्र प्रेममा डुब्यो । मेनका डुबी । यो सम्पूर्ण सुखमा डुबेपछि विश्वामित्रले संसार बिर्स्यो । मेनकाले बिर्सँदै गई त्यसरी नै ।

एक अप्रत्याशित आँधीबेहरी शान्त भएको थियो त्यहाँ । प्रेमका चरमतृप्तिबाट फर्केका उनीहरू दुवै एकअर्काप्रति कृतज्ञता प्रकट गरिरहेका थिए । यस्ता समयमा विश्वामित्रका छातीमा टाँसिएर उसको रौं मुसार्न मेनकालाई साह्रै नै मज्जा लाग्थ्यो । यस्ता बेलामा मेनकालाई लखतरान भएको विश्वामित्र संसारको सबैभन्दा सुन्दर

पुरुषमा रूपान्तरित हुन्थ्यो । उनीहरू सदाझैं धेरैबेरसम्म एकअर्कालाई अँगालेर ढल्किरहे । कसैले ढोका उघार्न खोजेको आवाज आयो । मेनका जुरुक्क उठेर लुगा लगाउन थाली । विश्वामित्रले पनि आफ्ना पोशाक पहिरिन थाल्यो । मेनकाले सुस्तरी ढोका उघारी ।

"उमेश D भुजा तयार भयो ?" मेनकाले ढोकैबाट सोधी ।

"दुल्हैसाब D सबै ठीक पारिसकें, ज्यूनार गरिस्सिने होइन ?" उमेशले नजिकैबाट जवाफ दियो ।

"ल हामी आयौं" मेनकाले भनी ।

केहीबेरमा उनीहरू डाइनिङ कक्षमा पुगेका थिए । सदाझैं उमेशले हट पटमा खाना राखेर टेबुलमा सजाएको थियो । मेनकाले विश्वामित्रका थालमा भुजा पस्कन थाली ।

"आज त मेनु D खूबै भोक लागेको छ है" विश्वामित्रले मेनकालाई जिस्क्याउँदै भनेको थियो । उमेशको उपस्थितिका कारण मेनकाले केही नबोली चुपचाप खाना पस्किरही । टमाटरको पिसेको चटनी, काउली तारेको, चम्सुर पालुङको साग, जीरा झानेको रहरको दाल, गाजर, मूला, टमाटर, प्याज काटेर बनाएको हरियो सलाद । दुवै खाना खान थाले त्यसपछि ।

"यो उमेश त साँच्चै गज्जबकी बुहारी पो भयो, कस्तो मीठो पकाएको यसले D" विश्वामित्रले नजिकै उभिएको उमेशलाई जिस्क्याएर भन्यो ।

"सबै दुल्हैसाहेबले सिकाइबक्सेर त जानेको हुँ नि हजुर, मलाई पहिले केही आउँदैनथ्यो" उमेशले मेनकाप्रति कृतज्ञताज्ञापन गर्दै भन्यो । "सिकाएर मात्र कसले जान्दछ र ? तँलाई र गीतालाई सँगसँगै सिकाएको, गीताले पकाई भने मुखमा हाल्न सक्दिन" मेनकाले पनि उमेशको प्रशंसा गरी । वास्तवमै उमेशले खाने कुरा मीठो पकाउँछ, आज झनै स्वादिलो लागेको थियो दुवैलाई । सँगै बसेर

खाएकाले हो या पर्याप्त भोक लागेपछि खाएकाले हो अथवा खानाकै स्वादले हो ।

भोजनबाट सन्तुष्ट भएर दुवै उठे । मेनकाले मेनविलाई बोलाई । गीताले बोकेर ल्याई । "म सानुराजालाई भुजा खुवाउँछु है, ठूलोराजा D हजुर आराम गर्दै गरिस्योस् D" मेनकाले बेसिनमा मुख कुल्ला गरिसकेका विश्वामित्रलाई हेर्दै भनी ।

"आज गीतालाई खुवाउन लाऊ न मेनु D म एकैछिनमा गइहाल्छु" विश्वामित्रले अनुरोधपूर्ण स्वरमा भन्यो । मेनकाले नकार्न सकिन । ऊ गीतालाई मेनविको रुचिअनुसार फकाउँदै भात खुवाउने निर्देशन गरेर विश्वामित्रसँगै शयनकक्षातिर लागी ।

विश्वामित्र उसभन्दा अघि नै आएर कौचमा ढल्केको थियो । मेनकाले कोठामा पसेपछि साइड टेबुलमा राखेको चाँदीको बट्टा झिकेर विश्वामित्रका अगाडि पुऱ्याई । विश्वामित्रले बट्टामा विभिन्न कोठामा भएका सुपारी, ल्वाङ, सुकमेल, दालचिनी, नरिवल र मिश्रीका टुक्राहरूमध्ये सुपारी र दालचिनी झिक्यो । मेनकाले त्यो बट्टा थन्क्याएर अर्को त्यस्तै बट्टा ल्याई र उघारी । त्यसमा भुटेको सुप राखिएको थियो । विश्वामित्रलाई सुप मन पर्दैनथ्यो, मेनकालाई चाहिँ औधी मन पर्ने, त्यसैले एक मुठी झिकेर मुखमा हाली उसले ।

मेनकालाई आजको बिहान असाध्यै रमाइलो लागिरहेको थियो । तर त्यस्तोबिघ्न रमाइलोभित्र पनि कताकता भित्र कतै गह्रौं केही अड्केको जस्तो चाहिँ भइरहेकै थियो उसलाई । मेनका पनि विश्वामित्र बसेकै कौचमा टाँसिएर बस्न आइपुगेकी थिई । अरु एकैछिनपछि उसले आफ्नो आधा शरीरको भार विश्वामित्रकै शरीरमा बिसाइदिएकी थिई ।

"ठूलोराजा, एउटा कुरा सोध्छु नरिसाऊ है D" मेनकाले विश्वामित्रका छातीको रौं मुसार्दै भनेकी थिई । विश्वामित्रले आँखा

चिम्लेको थियो । केही सोचिरहेको थियो, अथवा मेनकाको शरीर-गन्धमा रमाइरहेको थियो, एउटा चित्ताकर्षक मनस्थितिचाहिँ थियो त्यहाँ ।

"तिमी निदाएको कि क्या हो ?" आफ्ना कुराको कुनै प्रतिक्रिया नपाएपछि मेनकाले विश्वामित्रलाई अलि ठूलो आवाजमा भनी ।

"ए, भनन किन रिसाउनु, म तिमीसँग पनि रिसाएँ भने कसरी कोसँग खुशी हुन्छु भन त D" विश्वामित्रले ऊस्केर आँखा खोलेपछि मेनकाका ओठ र गालामा आफ्नो ओठ दल्दै भनेको थियो ।

'आ, नभनौं कि, मैले मेरो यस्तो मायालुसँग शङ्का गरेको थाहा पाउँदा उसले कत्ति चित्त दुखाउला' मेनकाको एउटा मनले सावधान गर्न खोज्यो । त्यसैले ऊ चुप लागी । अब मेनकाले आँखा चिम्लेकी थिई । तर विश्वामित्र मेनकाका मनको कुरा सुन्न अब उत्सुक भइसकेको थियो ।

"ल भन, मेरी मेनु D  तिम्रा मनमा के कुरा छ, छिट्टो भन प्यारी" ऊ आफ्नो स्वभाववश हतारियो । मेनका एकैछिन चुप्प लागिरही । उसले विश्वामित्रका मुखमा हेरी, उसले सोधेका प्रश्नको जवाफ निश्चित रूपले नकारात्मक आउनेछ, ऊ ढुक्क हुन खोजी । त्यसपछिको उसको आनन्दका लोभमा ऊ परी । "ठूलोराजा D तिमी सुमित्रालाई भेट्न गएका थियौ ?" मेनकाले छिटोछिटो भनेर सिद्ध्याई । विश्वामित्रले 'गएकै छैन, काँ जान्छु र D' भन्नेछ भनेर उसले एकनास विश्वामित्रका अनुहारमा हेरिरही ।

उता विश्वामित्रचाहिँ अप्रत्याशित मेनकाबाट यस्तो प्रश्न आउँछ भन्ने पूर्वतयारीमा थिएन । त्यसैले मेनकाले यो प्रश्न सोध्नासाथ उसको कतिबेरदेखिको सम्पूर्ण आनन्द भङ्ग भयो । निद्रालु आलस्यले छोपेको उसलाई एकाएक घडौं पानी खन्याएजस्तै भयो । मेनकालाई के जवाफ दिने हो उसले टुङ्गो गर्न सकेन । 'ढाँटौं D' आजसम्म

कहिल्यै उसलाई ढाँटेको छैन, 'साँचो बोलौं' यसको के प्रतिक्रिया पर्ने हो । बडो धर्मसङ्कटमा पऱ्यो विश्वामित्र । तर सत्यबाट टाढा भाग्न उसका विवेकले उसलाई अनुमति दिएन ।

"म गएको थिएँ मेनु D तिमीलाई भन्छु भन्ठानेको थिएँ । सुमित्रा असाध्य बिरामी भएकी रै'छ ।" विश्वामित्रको जवाफ सुन्नुअघि नै मेनकाले अप्रिय आशङ्का गरिसकेकी थिई । मेनकाले एकनास विश्वामित्रको अनुहारका भावहरू अध्ययन गरिरहेकी थिई । विश्वामित्रले तुरुन्तै जवाफ नदिएर अबेरसम्म चिन्तन गर्दा नै मेनकाले जवाफ पाइसकेकी थिई । अरु वाक्यका साथ निस्केका विश्वामित्रको यस्तो जवाफ मेनकाका लागि अकाल्पनिक थियो ।

मेनकालाई सारा संसार अँध्यारो लाग्यो । आफ्नो भवनको छत गर्ल्यामगुर्लुम्म ढलेर उसलाई किचेको जस्तो लाग्यो । ऊ भावशून्य भई । मेनका आँखा चिम्लेर त्यसै कौचमा ढचास्स अडेस लागी ।

"प्यारी D मैले उसलाई भेटेर आएको कुरा ठीक साँचो हो । एउटा मानवताका नाताले पनि बिरामी हेर्न जानैपर्दथ्यो । ऊ त जे भए पनि तीस वर्षभन्दा बढी समय सँगै बिताएकी पत्नी पनि हो । तिमीले चित्त दुखाउनु हुँदैन । उसको दोष नै के छ र, उसले हाम्रो के बिगारेकी छ र ?"

विश्वामित्रले मेनकाको अनुहारका भावलाई जवाफ दिइरह्यो । विश्वामित्र जतिजति सुमित्राका विषयमा केही व्यक्त गर्दै गइरहेको थियो मेनकालाई उतिउति आफू रसातलतिर धसिँदै गइरहेको अनुभूति भइरह्यो । उसले विश्वामित्रलाई एक वचन पनि फर्काइन । बोल्ने वाणी नै आएन । बरु मेनकाका आँखा रसाएर आए, मुटुका कापमा पीडाले रन्थनिएकी थिई ऊ । उसका आँखाबाट भल बगिरह्यो । विश्वामित्रले यसअघि पनि मेनकाका आँखामा आँसु देखेको थियो । त्यसरी आँसु देख्दा सहन सक्दैनथ्यो र हत्तपत्त मेनकाको आँसु पुछेर उसलाई खुलाउने प्रयत्न गर्ने गर्दथ्यो । आज पनि विश्वामित्र मेनकाका

आँखामा आँसु देखेर केही मर्माहतचाहिं अवश्यै भएको थियो । तापनि उसले आफ्ना हात बढाएर हत्तपत्त मेनकाको आँसु पुछ्न सकेन । चुपचाप नदेखेजस्तै गरेर बसिरह्यो ऊ ।

“मेनकाले मलाई कस्तो नबुझेकी हो, म उसलाई सर्वस्व प्रेम गर्छु, तर सुमित्रा र उसबाट जन्मिएका सन्तानप्रति पनि त मेरो कर्तव्य छ । आखिर म नै प्रेमका लागि भौंतारिएको हुँ, उनीहरूको केही दोष थिएन । म मेनकालाई यी कुरा कसरी बुझाऊँ ?”

विश्वामित्रले आफ्ना मनमा कुरा खेलाइरह्यो । मेनकासँग केही भन्न सकेन । अब बल्ल उसले हात बढाएर मेनकाको आँसु पुछ्यो । मेनका अझै आँसु बगाइरहेकी थिई ।

“मेनु D मेरी प्यारी, तिमी मलाई बुझ्ने कोशिश गर । यता हेर, मेरो अनुहारमा हेर” विश्वामित्रले मेनकालाई फकाउन खोज्यो । त्यसै बेला ढोकामा आवाज आएकाले विश्वामित्रले गएर ढोका खोल्यो, मेनविलाई लिएर गीता ढोकामा उभिएकी थिई ।

“सानुराजा मान्दै मानिस्सेन, मामु D मामु D गरिस्यो, रोएर कस्तो गरिस्यो D” विश्वामित्रले मेनविका गालामा हेर्‍यो । आँसुको डाम थियो, आँखा पनि भर्खर रोएका जस्ता थिए ।

“मसँग आऊ राजा, पापासँग” विश्वामित्रले गीतासँगबाट मेनविलाई लियो । कोठाको ढोका पूर्ववत् ढप्काएर मेनवि बोकेको विश्वामित्र मेनकानजिक पुग्यो । मेनकाको नजिक पुग्नेबित्तिकै मेनवि “मामु D मामु D” भन्दै मेनकाका काखमा फालहान्यो । अब मेनकाका आँखामा आँसु बगिरहेका थिएनन् । पहिले बगेका आँसु पनि थन्को लागिसकेका थिए ।

विश्वामित्रले मेनकाका खुल्ला केशराशिभित्र आफ्नो हात घुसारेर औंलाहरूले कपालमा काउकुती लगाउन खोज्यो । मेनकाका अनुहारमा हेरिरहेको उसले मेनकाको दृष्टि सदाभन्दा आज फरक देख्यो । त्यहाँ

हल्का वितृष्णाका लक्षण देखापरेका थिए । विश्वामित्रलाई नरमाइलो लागेर आयो । मेनवि मेनकाका छातीमा टाँसिएको थियो । अब उसको दिउँसोको निदाउने समय पनि भएको थियो । विश्वामित्रले घडी हेर्‍यो, बाह्र बज्न लागेको थियो । "मेनु D अब म जान्छु, तिमी आराम गर ।" मेनकासँग बिदा मागेर विश्वामित्र ड्रेसिङ कक्षमा गएर बाहिर हिंड्ने पोशाक पहिरेर आयो । आकाशे रङ्गका सुटमा सजिएको विश्वामित्रलाई मेनकाले पहिलोचोटि राम्रो देखिन । विश्वामित्रलाई हेरिरहन पनि मन लागेन उसलाई । ऊ निदाएको छोरो बोकेर बिछ्यौनामा पुगी । छोरो सुताएर आफू पनि दोलाईं ओढेर सुती ।

विश्वामित्र पूर्णतयारीका साथ एकपल्ट पुन: मेनकानजिक पुग्यो । मेनकाले भित्तापट्टि फर्केर आँखा चिम्लिएकी थिई ।

"मेनु D म जौं, मलाई बिदा गर्दिनौ आज ?" विश्वामित्रले फकाएका स्वरमा मेनकासँग भन्यो । तर मेनका केही बोलिन । विश्वामित्र मेनकाकै छेउमा अडेस लागेर बस्यो र मेनकाका केश सुमसुम्याइरह्यो ।

"मेनु प्यारी D एकपल्ट यता फर्क मात्र, नबोले पनि एकपल्ट मलाई हेरिदेऊ, म दिनभरि तिमीलाई सम्झेर तिम्रो प्रेममा डुबेर काम गरिरहन्छु । प्लीज मेनु D" विश्वामित्रले भावविव्हल भएर अनुनय गर्‍यो । त्यसपछि मेनका विश्वामित्रपट्टि फर्किएकी पनि थिई । विश्वामित्रलाई हेरेकी पनि थिई । तर डबडबाएका मेनकाका ती आँखा विश्वामित्रलाई आफ्ना भएर पनि पराईजस्ता लागे । उसले मेनकाको निधार, गाला र ओठमा धेरैपटक चुम्यो तर मेनकाले उसलाई एकैपटक पनि चुमिन । ऊ आँखा चिम्लैरै सुतिरही । विश्वामित्र भारी मन लिएर कोठाबाट निस्क्यो । मेनकासँग बिहा गरेपछि विश्वामित्रको नरमाइलो मन भएको यही पहिलो दिन थियो, शायद ।

# एघार

विश्वामित्र गएपछि पनि आज मेनकालाई बिछ्यौनाबाट उठ्न मन लागेन । मन एकतमाससँग दुखिरहेको थियो । मेनकालाई आज आफ्नो सारा संसार नरमाइलो लागेको थियो । विश्वामित्र, विश्वामित्रले उसलाई प्यारो गरेर बनाइदिएको यो भव्य भवन, अरू मेनकाका आलमारीभरी भएका कपडाहरू र सेफमा भएका गहनाहरू सबैसबै नराम्रा लागे उसलाई ।

उसले आफूनजिक भएका छोरालाई हातले बिस्तारै छोई । यो छोरो उसलाई विश्वामित्रको जस्तो लागेन, 'त्यो परिवर्तित भएको विश्वामित्रको छोरो नभएर मेनकाको मात्रै छोरो हो मेनवि', मेनकाले यस्तै सोची । अब यही एउटा छोरो मात्र छ मेनकाको, मेनकाले यसैका लागि बाँच्नुपर्छ, हाँस्नुपर्छ । 'मेरो छोरा' मेनकाको मुटु भित्रबाट निचोरिएर आयो । ऊ निदाएका छोरालाई अँगालो हाल्न पुगी । निद्रामा भएको मेनविका निधारमा चुमी । 'मेरो छोरो कस्तो राम्रो छ D मेनकालाई छोराको उज्यालो अनुहार हेरेपछि संसार पनि केही उज्यालो लागेर आयो । ऊ पुन: आफ्नै पूर्वस्थानमा ढल्की ।

आज मेनकालाई निद्रा पटक्कै लागेको थिएन । मन त्यसैत्यसै थाकेर आएको जस्तो, शरीर पनि लखतरान भइरहेको थियो । अब उसले के गर्ने होला D  मेनका आफैंले आफूसँग प्रश्न गरी । 'विश्वामित्रले यसरी छल गर्छ भन्ने मेनकाले एकमन पनि सोचेकी थिइन ।' मेनकाको एउटा मनले भन्यो ।

“विश्वामित्रले छल गरेको होइन, ऊ कुनै नवयुवतीसँग गएको छैन, उसकी विवाहिता पत्नी, उसका छोराछोरीकी आमासँग गएर कसरी छल भयो ?” मेनकासँग पराई हुन खोजेको मनले सोध्यो ।

“छल हो छल । विश्वामित्रले स्वास्नीसँग पारपाचुके पनि गर्छु भनेको थियो, फेरि उसैले भनेको थियो ‘मेरो सुमित्रासँग कुनै सम्बन्ध हुने छैन । सुमित्रालाई मेरो आवश्यकता छैन, पारपाचुके गर्न समय धेरै लाग्छ आदि आदि” तर आज उसैले अर्कै कुरा गर्‍यो । कति भिन्नै भएको छ विश्वामित्र । “सुमित्राको दोष छैन”, “उसले हाम्रो के बिगारेकी छ ?” “उनीहरूप्रति पनि मेरो कर्तव्य छ ।” “विश्वामित्रले मेनकालाई यसरी उपदेश दिन मिल्दैनथ्यो” मेनकाको आफ्नो हुन खोज्ने मनले आफ्नो असन्तुष्टि प्रकट गरेको थियो ।

“होइन, विश्वामित्रको गल्ती छैन, हेर आफ्ना छोराछोरी र स्वास्नीलाई भेटेर उसले कुनै अपराध गरेको छैन” सम्झाउन खोज्दै मेनकाको पराई मनले दोहोर्‍याएर भन्यो ।

तर मेनकालाई पनि यस मनको कुरा चित्त बुझेन । “कसरी जान सकेको होला विश्वामित्र, हिजो मसँग चाहिँ कसरी ‘स्वास्नीसँग प्रेम छैन, जीवन भार भएको छ’ भनेर रुन सकेको होला । विश्वामित्र कस्तो नाटककार रहेछ ।” मेनकालाई विश्वामित्रका कुरा सम्झेर भाउन्न होला जस्तो भएर आयो । “कस्तो कपटी कुरा गरेकी मेनका D सुमित्रा बिरामी भएकी थिई, त्यसैले विश्वामित्र गएको हो, तीस वर्षभन्दा बढी समय सँगै बिताएका छन् उनीहरूले, उसलाई कसरी माया लाग्दैन ? विश्वामित्र नि:स्वार्थी रहेछ भन्न, ऊ आफ्नी उमेर ढल्किसकेकी स्वास्नीलाई पनि भेट्न गयो । विश्वामित्रका मनभित्र माया नै माया भरिएको रहेछ । उसले तँजस्ती सुन्दरी नवयौवना स्वास्नी पाएर पनि आफ्ना छोराछोरी र

स्वास्नीप्रतिको कर्तव्य बिर्सेन" मेनकालाई मेनकाको पराई मनले हप्काउन खोज्यो ।

"मलाई खण्डित विश्वामित्र चाहिँदैन, म उसको एक अंश पनि बाँड्न सक्तिन, अरू केही पनि होइन, मैले सिङ्गो विश्वामित्रसँग प्रेम गरेकी थिएँ र सिङ्गो विश्वामित्रसँग मात्र प्रेम गरिरहन्छु । उसको बाँडिएको प्रेम मलाई रुचिकर छैन" मेनकाले आफ्ना मनहरूसमक्ष आफ्ना कुरा प्रस्ट राखी ।

उसका दुवै मन स्तब्ध भए । "यो कसरी सम्भव छ मेनका D" पराई मनले दु:खी भएर सोध्यो ।

"विश्वामित्रलाई मेनका चाहिन्छ भने सम्भव तुल्याउनुपर्छ" मेनकाको अर्को मनको तर्क थियो । त्यसपछि धेरैबेरसम्म चकमन्नता छायो । "जिद्दी नगर् मेनका, विश्वामित्रलाई बुझ्ने कोशिश गर्, तैंले एउटा विवाहित पुरुषसँग बिहा गरेकी होस्, उसका तीन जना छोराछोरी पनि छन् । आखिर उनीहरूलाई पनि त आफ्नो बाबु चाहिन्छ । सुमित्रालाई पनि लोग्ने चाहिन्छ । लोग्नेस्वास्नीको सम्बन्ध अन्योन्याश्रित हुन्छ । के बिग्रेको छ र ? विश्वामित्रले तँलाई जस्तो प्रेम सुमित्रालाई पक्कै गर्दैन । हेर्, विश्वामित्रका मनप्राणमा तँ मात्र बसेकी छस् । विश्वामित्रभित्र माया नै माया भरिएको छ । उसले अलिकति माया सुमित्रालाई गरे पनि तेरो भाग मायामा पटक्क अन्तर पर्ने छैन" पराई मनले बुज्रुग भएर मेनकालाई सम्झाउन खोज्यो । "यही कुरा विश्वामित्रले मेनकालाई प्रेम गरेको बखत किन भनेन, किन विश्वामित्रले मेनकालाई आफ्नो सग्लो रूप देखायो ? यदि त्यसै बेला विश्वामित्रले "म सुमित्रासँग अलिकति प्रेम गर्छु, छोराछोरीको पनि माया लाग्छ" भनेको भए मेनकाले विश्वामित्रसँग प्रेम गर्ने थिइन अथवा प्रेम गर्थी पनि त विश्वामित्रको खण्डित प्रेमको मात्र आकाङ्क्षा राख्ने थिई । तर त्यस बेला विश्वामित्रले आफूलाई बाँड्ने कुरा गरेन । अब मेनका विश्वामित्रलाई बाँड्न सक्तिन ।" मेनकालाई सहन्याएर उसको हिमायती मनले भन्यो ।

“हो, म विश्वामित्रलाई एक रत्ती पनि बाँड्न सक्तिनँ, विश्वामित्र सम्पूर्ण मेरो हो, म उसको एक अंश पनि कसैलाई दिन सक्तिनँ ।” मेनकाले आफ्नो हिमायती मनसँग कुरा मिलाई ।

एकैछिन पराई मन ठुस्स पर्‍यो । “हेर् मेनका D तैंले मूर्खता गर्नु हुन्न, अब तँ आफैं भन्, तँ कसरी विश्वामित्रसँग सुमित्रा र उसका छोराछोरीसित भेट्न नजा भन्छेस् ? तैंले भनेपछि पनि विश्वामित्रले उनीहरूलाई भेट्ने छैन भनेर तँ कसरी पत्याउन सक्छेस् ? हेर्, सम्झौता गर्, अब विश्वामित्रको मन उतापट्टि पनि फर्किसकेको छ, तैंले विरोध गर्दा विश्वामित्रलाई अशान्ति मात्र हुन्छ ।” पराई मन पुन: मेनकाको हिमायती बन्न खोजेको थियो ।

“यो वाहियात कुरा हो, मेनकाले सम्झौता गर्नेछैन, मेनकाले यो घर तथा सारा सम्पत्ति उनीहरूलाई दिनुपरे सम्झौता गर्न सक्छे तर ऊ आफ्नो विश्वामित्रलाई अलिकति पनि बाँड्नेछैन । विश्वामित्रलाई बाँडेर ऊ रमाउन सक्तिन ।” मेनकाको हिमायती मनले पराई मनलाई झम्टेर भन्यो ।

“हो, म सारा सर्वस्व विश्वामित्रले मलाई दिएको सम्पत्ति सुमित्रा र उसका छोराछोरीलाई दिन सक्छु । मलाई केही चाहिँदैन तर ‘विश्वामित्र’, ऊचाहिँ अलिकति पनि बाँड्न सक्तिनँ ।” मेनकाले आफ्नो हिमायती मनसँग सहमति गर्दै भनी ।

“मेनका D अब विश्वामित्र खण्डित छ, हिजो पनि खण्डित नै थियो तर तेरो प्रेममा अन्धो भएको उसले उचित निर्णय लिन सकेको थिएन । ऊ विवेकशील छ, त्यसैले अब तैंले विश्वामित्र खण्डित मात्र भोग्नुपर्छ ।” पराई मनले आफ्नो निर्णय सुनायो । त्यसपछि हिमायती मन पनि पराई मनका कुराले दु:खी भएर चुप लागेको थियो ।

“म खण्डित विश्वामित्र भोग्दिनँ ।” मेनकाले नै बरु पराई मनलाई जवाफ दिएकी थिई ।

"दुल्हैसाहेब खाजा के बनाऊँ ?" ढोकामा उभिएर उमेशले सोधेको थियो । तीन बज्न लागिसकेको थियो । तर मेनकालाई अलिअलि पनि भोक थिएन । "मलाई केही पर्दैन, तिमीहरू जे खान्छौ खाओ D" मेनकाले उमेशलाई भनी ।

त्यसपछि मेनवि पनि उठेको थियो । आज मेनकालाई मेनवि आफैं स्याहार्न मन लाग्यो । उसले धेरै दिनपछि आज छोरालाई आफ्नै हातले जुश बनाएर खुवाई । लिटो पनि आफैंले खुवाई । त्यसपछि मेनविले खेल्ने रहर गऱ्यो । बैठककोठामा मेनविका खेलौना राखेर आमाछोरा खेल्न लागे । मेनविको छुट्टै कोठा बनाइएको थियो । त्यस कोठामा निमोपार्केट लगाउने भएकाले तयार भैसकेको थिएन । एउटा ठूलो कोठा मेनविका लागि छुट्टयाइएको थियो । अहिले सानो हुन्जेल मेनविका खेलौना, स्कूल जान थालेपछि पढ्ने किताब र टेबुल कुर्सी र अझ ठूलो भएपछि सुत्नका लागि पलङ आदि पनि राख्ने योजना गरिएको थियो । त्यसैले मेनकाका शयनकक्षसँगै टाँसिएको त्यस कोठामा मेनकाकै कोठाबाट पनि एउटा ढोका राखिएको थियो ।

मेनविका खेलौनामा बस, कार, जीप, ट्रक, रिक्सा, साइकल, मोटरसाइकल, ठेलागाडा, रेल, हवाईजहाज सबैजसो सवारीसाधन थिए । उससँग खेल्ने मानिसले ती सबै कुदाउन उसलाई मद्दत गर्नुपर्दथ्यो । मेनकाले पनि त्यसै गरेर छोरालाई सहयोग गरिरहेकी थिई ।

यसैबीच एकपटक गीता आएकी थिई । तर मेनविले गीतालाई "त्यहाँ नबस्" भनेर धपाएको थियो । आज मेनविलाई पनि आफ्नी आमासँगै खेल्न मन थियो । त्यसै बेला फोनको घण्टी बज्यो, उसलाई फोन उठाउन मन पनि लागेको थिएन । फोनको घण्टी धेरैपटक बजेपछि मात्र उसले फोन उठाएकी थिई । उताबाट विश्वामित्रको आवाज आएको थियो । मेनकालाई बोल्न मन लागेन । तर फोनमा कुरा नगरी फोन राख्नु अशिष्टता थियो । त्यसैले उसले आफ्नो आवाज विश्वामित्रलाई सुनाई । "मेनु D म अब एकैछिनमा आउँछु,

तिमी तयार भएर बस है, आज सपिङ जानुपर्छ ।" विश्वामित्रले प्रेमपूर्ण आवाजमा भनेको थियो ।

"होइन, आज नजाने ।" मेनकाले निरुत्साहित भएर भनेकी थिई ।

"के भनेकी तिमीले त्यस्तो, आज जानैपर्छ, भृकुटीमण्डपमा व्यापार मेला पनि लागेको छ, त्यहाँ पनि घुम्नुपर्छ । मेनु D म आउँदा तिमी एकदमै तयार भएको हुनुपर्छ ल ।" त्यसपछि विश्वामित्रले कुनै कुरा नगरी लाइन काटेको थियो ।

मेनकालाई कहीँ जान मन थिएन । अऋ विश्वामित्रसँग हिंड्न मनै थिएन । तर विश्वामित्रका अनुरोधलाई लत्याउन पनि ऊ सक्तिनथी । त्यसैले उसले गीतालाई बोलाएर छोरा जिम्मा लगाई । त्यसपछि ऊ तयार हुन थाली । ड्रेसिङ कक्षमा पसेर कपडाको आलमारी हेरी, खचाखच कपडा थिए । आज उसलाई सारी लगाउन मन लागेन । उसले कुर्तासुरुवाल झिकी । नीलो रङ्गको यो कुर्तासुरुवाल उसले बिहे हुनुअघि नै किनेकी थिई । अऋ त्यस बेला विश्वामित्रसँग चिनजान पनि भएको थिएन । मेनवि जन्मेपछि उसले यो कुर्तासुरुवाल एकैपटक पनि लगाएकै थिइन । त्यसो त उनीहरू मेनवि जन्मेपछि घरबाट बाहिर ज्यादै थोरैपल्ट गएका थिए । तर धेरै दिनपछि उसलाई यो लुगा लगाउन मन लागेको थियो । त्यो लुगा त्यति कमसल त थिएन तर विश्वामित्रले किनेका लुगाहरूका तुलनामा भने यो न्यून हैसियतको लुगा देखिन्थ्यो । दराज राम्रा र धेरै मोलका लुगाले टन्न भरिएको भए पनि आज उसलाई यही लुगा लगाउन मन लागेको थियो । पराई कपडाहरूका भीडमा यस कपडाले आज आत्मीयताको अङ्कमाल गर्न खोजेको मेनकाले अनुभूति गरी ।

आज पनि उसले ऐनाअगाडि बसेर नै आफ्ना पोशाक उतार्ने र पहिरिने क्रम गरी । यसो गर्दा आफ्नो सुन्दर शरीरमा उसको आँखा एकैछिन अडिएको थियो । तर आज उसलाई सधैंजस्तो आफ्नो शरीरको उन्माद लागेन । बरु उसलाई कसोकसो ऋनै नरमाइलो लागेर आयो ।

त्यसपछि ऊ शयनकक्षमा पुगी । ड्रेसिङ टेबुलअघि बसेर मेकअप गरी । तर मेनकालाई आज मेकअप गर्ने पनि कुनै उत्साह थिएन । यन्त्रवत् उसका हातहरू चलिरहे । लिपिस्टिक पनि आज उसले मासुरङको अत्यन्तै मधुरो लगाई । त्यसपछि गहनाको सेफ खोली । मेनकासँग गहनाको कुनै कमी थिएन । सेफ सुनका, हीराका, मोतीका र गिन्नीका समेत गहनाहरूले भरिएको थियो ।

“मेनु D  अब गहना राख्ने अर्को सेफ किन्नुपर्छ, थप गहना कहाँ राख्छचौ ?” मेनकालाई विश्वामित्रले जिस्क्याउने गर्दथ्यो ।

सेफबाट पनि मेनकाले आफ्नो पुरानो सिक्री, कानपासा र औंठी झिकी । यो पनि उसले आफैंले जागिर खाएका बेला किनेकी थिई । मेनकालाई आज सेफभरीका गहना पनि विश्वामित्रजस्तै पराई लागेका थिए ।

अब मेनका तयार भैसकेकी थिई । त्यसै बेला प्रवेशद्वारमा मोटरको हर्न सुनियो । मेनकाले घडी हेरी, साढे पाँच बजेको रहेछ; मनजङ्ग दाइ आइपुगेका थिएनन् । उमेशले गएर गेट खोल्यो । त्यसपछि विश्वामित्रका पदचापमा उसको ध्यान केन्द्रित भइरहे पनि ऊ भने कौचमै आलस्यपूर्वक बसिरही । आज ऊ सदाझैं विश्वामित्रको स्वागत गर्न मूल ढोकामा पनि गएकी थिइन ।

त्यसपछि विश्वामित्रले कोठामा प्रवेश गरेको थियो । मेनकालाई देखेर ऊ छक्क पऱ्यो । उसका आँखा आश्चर्यले घरी केही ठूला र घरी केही साना हुन खोजिरहेका थिए । तर विश्वामित्रले केही भनेन । मेनका कौचको बिजोडी एक मुखमा बसेकी थिई । सँगै टाँसिएका जोडी कौचमा विश्वामित्र मेनकाको सामीप्य पाउने गरी बस्यो । मेनकालाई आज विश्वामित्र त्यसरी टाँस्सिन आएको मन परेन ।

“मेनु D” मेनकाका काननजिकै मुख लगाएर विश्वामित्रले साउतीमा सम्बोधन गरेको थियो ।

"आज त तिम्रो मसँग बिहा नभएको जस्तै लाग्यो । मेरी मेनु फेरि कुमारी भएकी जस्तो छ नि ?" विश्वामित्रले साउती गरेर नै मेनकालाई जिस्क्याउन खोज्यो । मेनकालाई यसरी विश्वामित्रले जिस्क्याएको मन परेको थिएन । तर उसले कानमा साउती गर्दा विश्वामित्रको तातो सास घाँटी र घाँटीभन्दा तल पनि दगुर्न खोजेको थियो । अलि अघिसम्म शिथिल भएको उसको शरीर विश्वामित्रको स्पर्श पाउँदानपाउँदै सनन्न तातेर आएको थियो । त्यसै बेला विश्वामित्रले मेनकाका ओठमाथि आक्रमण गऱ्यो । मेनकाले केही बोल्नै पाएकी थिइन । अब बोल्नुको साटो ऊ आन्दोलित भएर अङ्गअङ्गले विश्वामित्रमा समर्पित हुन पुगेकी थिई । आफ्नो धीत मारेपछि विश्वामित्र अलग्गिएर मेनकालाई विजयी मुस्कानका साथ हेर्न लाग्यो । "अर्काको जम्मै लिपिस्टिक" मेनकाले रिसाएको जस्तो गरी भनी । विश्वामित्रले ऐनामा आफ्नो मुख देखेर हाँस्यो । टिस्यूपेपर झिकेर मेनका र आफ्ना दुवैका ओठहरू पुछ्यो । त्यसपछि मेनकालाई उसले बोकेर बिछ्यौनामा पुऱ्यायो ।

"आज किन हत्तपत्त लिपिस्टिक लगाएकी मेरी महारानी ?" विश्वामित्रले प्रश्न मात्र सोध्यो र पुन: मेनकाका अधरहरूमा स्वादिएका उसका अधर डुबायो ।

आज मेनकाले जानीजानी विश्वामित्रलाई रिस उठाउनका लागि नै हत्त न पत्त लिपिस्टिक लगाएकी थिई । विश्वामित्र घर आउनासाथ अथवा घरबाट बाहिर जाने बखत पनि मेनकाका ओठहरूले नै स्वागत र बिदाइ गर्नुपर्ने प्रचलन विगत तीन वर्षदेखि चल्दै आएको थियो । अब एउटा आदत भइसकेको अधरपानको नियम भङ्ग गर्ने पक्षमा विश्वामित्र कदापि थिएन । त्यसो त विश्वामित्रको यस्तो व्यवहार मेनकालाई पनि औधी मन पर्थ्यो ।

बिहानदेखि त्यतिबिघ्न असन्तुलित भएकी मेनका यस बेला विश्वामित्रका अँगालामा मस्त डुबेकी थिई । विश्वामित्रका प्रेममा

डुबेकी उसलाई यसअघिका नुनिला आँसुको पटक्कै सम्झना भइरहेको थिएन ।

'विश्वामित्र मलाई कत्ति धेरै प्रेम गर्छ D' मेनकाले रमाएर मनमनै भनी ।

त्यसपछि उनीहरू बाहिर निस्कने तयारी गर्न लागे । विश्वामित्रले पनि हातमुख धोएर ड्रेसिङ कक्षबाट अर्को लुगा पहिरियो । मेनका बिछ्यौनामै ढल्किरहेकी थिई ।

"मेरी प्यारी D एउटा कुरा भन्छु, मान्छयौ ?" विश्वामित्रले अनुनय गऱ्यो । मेनका प्रसन्न थिई । स्वीकारोक्तिको टाउको हल्लाई ।

"आज धेरै दिनपछि हामी बाहिर जान लागेका छौं, त्यो मैले हाम्रो विवाह वर्षगाँठमा ल्याइदिएको सुन्तले रङ्गको सारी र त्यससँगै ल्याएको हीराको सेट लगाऊ न है D" विश्वामित्रले मेनकाका छेउमा पुगेर उसका गालामा आफ्नो हात पुऱ्याएर भन्यो । मेनका केही पनि बोलिन । ऊ एकैछिन त्यत्तिकै सुतिरही ।

"विश्वामित्रले मेरो कतिबिघ्न वास्ता गर्छ, उसले नभनेको भए पनि हुन्थ्यो । तर ऊ मलाई राम्री बनाएर घुमाउन चाहन्छ । साँच्चै विश्वामित्रले मलाई माया गर्छ ।" मेनका मनमनै दङ्ग परी । त्यसपछि ऊ जुरुक्क उठेर पहिले विश्वामित्रका घाँटीमा झुन्डिई र विश्वामित्रको निधार, आँखा, गाला र ओठ जतातत‍ै चुमिरही । विश्वामित्र विभोर भयो । उसले मेनकालाई अँगालामा कस्नै लागेको थियो । मेनका चञ्चल हरिणीजस्तै फुत्त निस्केर ढोकातिर गई ।

"मेनु D" विश्वामित्र तड्पिन खोज्यो । तर मेनका ढोका उघारेर बाहिर निस्कीसकेकी थिई ।

मेनका ड्रेसिङ कक्षमा पुगी । उसले आलमारी उघारेर विश्वामित्रले भनेको सारी र त्यससँग मेल खाने पेटीकोट चोलो झिकी । त्यसपछि ढोकाको छिट्कनी लगाएर अघि मात्र लगाएको कुर्तासुरुवाल खोली ।

ऐनामा प्रतिविम्बित आफ्नो सुन्दर रूपसँग मेनकालाई अहिले शरम लाग्यो । कतिबेर उसले आफ्नो शरीर हेरिरही, उसलाई आफैं काउकुती लागेर आएपछि केही उत्तेजित भई । 'यहाँ विश्वामित्र पनि भएको भए' उसले कल्पना गरी । एकमन विश्वामित्रलाई ढोका उघारेर बोलाइहालूँ जस्तो पनि लाग्यो । तर अहिले बाहिर जान लाग्या बेला, विश्वामित्रले पोशाक पनि पहिरिसकेको छ । आफ्नो मनलाई मेनकाले तह लगाउन खोजी । त्यसपछि मेनकाले पेटीकोट र चोलो लगाई । सारी लगाइसकेपछि पुनः ऐनामा आफूलाई नियालेर हेरी । अलि अघि नीलो कुर्तासुरुवाल लगाएकी मेनका र यो सुन्दर सारीमा सजिएकी मेनकामा ठूलो अन्तर देखिएको थियो । उसलाई त्यो नीलो कुर्तासुरुवाल दराजमा राख्न पनि मन लागेन । उसले बाहिरपट्टिको ढोका उघारेर गीतालाई बोलाई, गीता मेनविलाई बोकीबोकी हाजिर भएकी थिई ।

"गीता D यो कुर्तासुरुवाल तैंले लगाउनू ।" मेनविले मामु D मामु D गर्न लागेको थियो । गीता कुर्तासुरुवाल पाएर ज्यादै खुशी भएकी थिई । मेनविलाई अलमल्याएर उसले लगिहाली । मेनकाले सुनिरही, मेनवि रोएको थिएन । त्यसपछि उसलाई ढुक्क लाग्यो ।

यो सारी लगाएपछि उत्साहित भएकी मेनका शयनकक्षमा पुगेकी थिई । विश्वामित्र टेलिभिजनको कुनै च्यानल हेरिरहेको थियो । मेनका भित्र पसेकी देख्नासाथ उसले हत्तपत्त टी.भी. बन्द गरेर मेनकालाई हेरिरह्यो । मेनकालाई नयाँ दुलहीजस्तै लाज लागेर आयो ।

"मेरी अप्सरा D ऐना हेर त, अघिकी मेनका कता गई ?" विश्वामित्रले टाढैबाट जिस्क्यायो । मेनकाले सेफ खोली, हीराका गहनाहरू झिकी र केहीबेरअघि आफूले लगाएका गहनाहरू थन्क्याई । अब ड्रेसिङ टेबुलअगिल्तिर बसेर ती गहनाहरू लगाई । विश्वामित्र चुपचाप मेनकालाई हेरिरहेको थियो । यसरी विश्वामित्रले एकनास आफूलाई मात्र हेरिरहँदा मेनका शर्माइरही, ऊ मेकअप सबै थपेर एकदम तयार भएकी थिई । उसले विश्वामित्र भएतिर लाज मानीमानी

हेरिरही । विश्वामित्रले आफ्नो अँगालो फैलाएर मेनकालाई आमन्त्रण गऱ्यो । मेनका टाउको निहुराएर विश्वामित्रका अँगालामा पुगेकी थिई । विश्वामित्रले मेनकालाई आफैंभित्र निलेर लुकाउने प्रयत्न गऱ्यो । ऊ अत्यन्तै उत्तेजित भइसकेको थियो त्यस बेला ।

"मेनु D अहिले कि भरे ?" कामुक प्रश्न गरेर जिस्क्याउन खोज्यो विश्वामित्रले ।

"छिः... कस्तो मान्छे होला, अर्काको जम्मै लुगा बिग्रिसक्यो ।" मेनकाले लाडिएर रिसाएको जस्तै गरी ।

"ल, अब गइहाल्ने है त, छिट्टो गयो भने भरे छिट्टै आइन्छ, अनि छिट्टै आएपछि के हुन्छ ?" विश्वामित्रले पुनः मेनकाका ओठमाथि राज्य गऱ्यो । मेनकाले मन पराएर पनि नपराएजस्तो गरी । विश्वामित्रबाट अलग भएर मेनका पुनः ड्रेसिङ टेबुलअघि पुगी । अब लिपिस्टिक लगाइहाल्नुपर्ने थियो । 'नत्र विश्वामित्रले फेरि पनि सताउन थाल्छ" मेनकाले मनमनै भनी र लिपिस्टिक झिकी, संयोग थियो कि के पुरानै सुन्तले लिपिस्टिक हातमा परेको थियो । लिपिस्टिक हातमा लिएर मेनकाले एकपल्ट विश्वामित्र भएतिर अर्थपूर्ण दृष्टि दिई । तर विश्वामित्रले लिपिस्टिकको खोल चिनेन । उसले पूर्ववत् हेरि मात्र रह्यो । अब मेनकाले लिपिस्टिक खोलेर ओठमा राम्ररी मिलाएर दली । लिपिस्टिक लगाइसकेर ऊ विश्वामित्र भएतिर फर्की । विश्वामित्र लिपिस्टिकको रङ्ग देख्नासाथ जुरुक्क उभियो । मेनकानजिक आयो । मेनकालाई अँगालामा हालेर विश्वामित्रले जोरले कसेको थियो ।

"मेनु, लिपिस्टिक एकपल्ट पुछ्न मिल्दैन ?" विश्वामित्रले अनुनय गर्न खोज्यो ।

"त्यसो भए म लुगा पनि खोल्छु है त, सपिङ जाने रे, बाहिर साँझ परिसक्यो । आज कहीं नजाने है त D" मेनकाले रिसाएजस्तो गरेर ड्रेसिङ टेबुलमा भएको टिस्यूपेपर ओठसम्म पुऱ्याउन खोजी ।

"मैले यसै जिस्क्याएको पो त लाटी, कस्ती लाटी, अब गइहाल्ने ।" विश्वामित्रले मेनकाका हातबाट टिस्यूपेपर खोसेर पूर्वस्थानमा राख्यो । त्यसपछि परैबाट मेनकाका ओठमा चुम्बन गरेको भान गऱ्यो । मेनकाले पनि त्यसै गरी । दुवै कोठाबाट बाहिर निस्किए ।

"उमेश, आज हाम्रो लागि खाना नबनाउनू । तिमीहरूले नपर्खनू । हामी बाहिरै खाएर आउँछौं ।" विश्वामित्रले उमेशलाई बेलुकीको सूचित गर्दै भनेको थियो । मेनकाले छक्क परेर विश्वामित्रका मुखमा हेरेकी थिई । त्यसो त यसरी बाहिर निस्किएको साँझ उनीहरू जहिले पनि कुनै राम्रो होटलमै डिनर गरेर फर्कने गर्दथे ।

"गीता D सानुराजालाई राम्ररी खुवाउनू है D ए उमेश D सानुराजाको मुङको खिचडी पाक्यो ?" मेनकाले छोराको थान्कोमुन्को गर्न लागी । "दुल्हैसाब, पाकिसकेको छ, एकैछिन भर्सेपछि ख्वाउँदा हुन्छ ।" उमेशले जानकारी दियो । "गीता D सानुराजालाई पहिले खुवाइहाल्, नत्र निदाउँछ । खिचडी खुवाइसकेपछि दूध खुवाउन नबिर्सनू है D" उसले गीतालाई सम्झाउँदै भनी । गीताले सानुराजालाई अलमल्याउन बैठकका खेलौना भएतिर पुऱ्याई ।

"उमेश D तैंले विचार गर्नू है, मलाई गीताको मात्र भर लाग्दैन ।" मेनकाले उमेशले मात्र सुन्ने गरी बिस्तारै भनेकी थिई ।

विश्वामित्रले गाडी स्टार्ट गरिसकेको थियो । मनजङ्ग दाइले गेट उघारिसकेका थिए । मेनका गएर गाडीमा बसी । बाहिर साँझ बितिसकेको थियो । घडीमा साढे छ मात्र बजेको भए पनि जाडो महिनाको समय भएकाले रात परिसकेको थियो ।

आज धेरै दिनपछि विश्वामित्र र मेनका घरबाट रमाएर बाहिर निस्केका थिए ।

# बाह्र

विश्वामित्रले गाडी विशालबजारतिर नलगेर होटल एभरेस्टतिर मोडयो । यस बेला सपिङ गर्नुभन्दा मेनकासँग होटलमा एक-दुई घण्टा बिताउने रहर लाग्यो उसलाई ।

"मेनु D आज सपिङ नजाने है, अर्को दिन जौंला ।" विश्वामित्रले सँगै बसेकी मेनकालाई फकाउन खोजेझैं गरेर भन्यो ।

"आफैंले त जाने भनेको नि, मलाई त केही किन्नु नै पर्ने थिएन । यति बेला सपिङ गयो, बत्ती निभ्यो भने यताको उता पर्छ ।" मेनकाले भनी । विश्वामित्रले, हङकङ, बैङ्कक, सिङ्गापुरमा आफूले राति गरेका सपिङ सम्झ्यो । "त्यहाँ दिनरातको अन्तर नै छैन । हाम्रो देशमा त्यहाँको जस्तो विकास कहिले हुने होला D" विश्वामित्र मनमनै कल्प्यो ।

"मेनु D म मेनविलाई बोर्डर्स गरेपछि तिमीलाई सिङ्गापुर लैजान्छु, बुझ्यौ D तिमीलाई यहाँ फर्केर आउन मन लाग्दैन ।" विश्वामित्रले मेनकालाई हेर्दै भन्यो । मेनकाले केही भन्न लागेकी थिई, त्यति बेलासम्म मोटर एभरेस्ट होटलका पार्किङमा पुगिसकेको थियो ।

अब उनीहरू होटलभित्र पसेर हलको एउटा कर्नरमा आमुन्नेसामुन्ने भएर बसेका थिए । वेटर हाजिर भइसकेको थियो । गोरो, उज्यालो र दोहोरो कदको अग्लो वेटरलाई देखेर मेनकालाई

आफ्नो भाइको सम्झना आयो । उसको भाइ शैलेन्द्र पनि यस्तै थियो शायद ।

"मेनु D आज मलाई अनुमति दिन्छचौ होइन ? तिम्रो रसमा सोमरस घोलेपछि यस्तो नशा लाग्छ कि D एक पेग मात्रै ।" विश्वामित्रले उत्ताउलिएर उससँग रक्सी खाने अनुमति मागेको थियो । ऊ हाँसिरही ।

विश्वामित्रले आफ्नो लागि रेडलेवलको डबल पेग, मेनकाका लागि सफ्ट ड्रिङ्क र केही स्न्याक्सहरू मगायो । वेटर फर्क्यो । विश्वामित्र मेनकालाई हेरेर होटलको मादक वातावरणमा मेनकाको सुन्दरता पान गर्दै आल्हादित भइरहेको थियो, तर मेनका भने त्यस बेला आफ्नो भाइलाई सम्झिरहेकी थिई । उसभन्दा मुन्तिरको उसको भाइ शैलेन्द्र पैसा कमाउन विदेशिएको पाँच वर्ष भइसकेको थियो । हुन त यहाँ पनि उसले राम्रै पढिरहेको थियो । आइ.एस्सी. पास गरेपछि राम्रो नम्बर आएर पनि टेक्निकल लाइनमा सीट नपाएपछि ऊ बरालिएको थियो । बि.एस्सी. पढ्दापढ्दै साथीहरूका सङ्गतमा परेर विदेश जाने भयो । अहिले कोरियाको कुनै फ्याक्ट्रीमा साधारण कामदार भएर काम गरिरहेको होला । आमा सधैं उसको नाम लिएर रुन्छिन् । उसले बा-आमालाई उताबाट पैसा त निकै पठाइदिएको छ तर ऊ भने पाँच वर्षदेखि आएको छैन । अस्ति उससँगै गएको उसको एउटा साथीको एउटा हात मेशीनमा परेर काटिएकाले फर्केर आएको कुरा आमाले सुनाउँदै थिइन् । त्यसपछि झन् अब कुन दिन उसको पनि कुन दशा हुने हो भन्ने पीरले आमा झन् पिरिएकी थिइन् । मेनकाले त त्यसै बेला भाइलाई विदेश नजान प्रबल विरोध जनाएकी थिई तर उसले मान्दै मानेन । "पैसा कमाउने मान्छेले यहीं पनि प्रशस्त कमाएका छन्, भारतीयहरू यहाँ आएर पैसा कमाइरहेछन्, हामीले चाहिँ किन कमाउन विदेश जानुपर्‍यो D" मेनकाले भाइलाई सम्झाउँदै भनेकी थिई । तर शैलेन्द्रलाई विदेश र विदेशमा कमाउन

सकिने मोटो पैसाको नशा लागिसकेको थियो । आखिर ऊ गयो र अहिलेसम्म आएको छैन ।

“ए मेनु D के भयो, तिमी कता हराएजस्ती भएकी ?” विश्वामित्रले मेनकालाई कल्पनाबाट ब्यूँताइदिएको थियो । मेनका पनि झस्केर यथार्थका धरातलमा उभिएकी थिई ।

“मेनु, तिमी किन उदास भएकी प्यारी D” विश्वामित्रले मेनकालाई स्नेहसाथ खोतल्न खोज्यो ।

“ए D केही होइन, शैलेन्द्रलाई सम्झन पुगेछु । त्यो अहिले आएको वेटरलाई देखेपछि उसको सम्झना आयो, कस्तो उस्तै परेको रैछ हैन ?” मेनकाले विश्वामित्रसँग सहमति माग्न खोजी ।

“ए D तिमीले त देखेकै छैनौ, फोटो मात्र देखेको हैन ?” मेनकाले आफ्नो गल्ती तुरुन्त स्वीकार गरी ।

“मेनु D मैले शैलेन्द्रलाई देखेको त छैन, तर तिमीले उसका बारेमा कुरा गरिरहेकी हुनाले, मैले उसलाई देखेको, भेटेको, बोलेको जस्तो लाग्छ ।” विश्वामित्रले भन्यो ।

बेराले अर्डरअनुसारका सामानहरू लिएर आएको थियो । विश्वामित्र मेनकाका नशामा रेडलेवलको नशा घोल्न थाल्यो; मेनकाचाहिँ सफ्ट ड्रिङ्कका चुस्कीमा विश्वामित्रको आनन्दकी सहभागी भइरही ।

ड्रिङ्क सकिएपछि विश्वामित्रले खानाको अर्डर गऱ्यो । रुचिअनुसारको रात्रिभोजन सकेर विश्वामित्रले बिल बुझायो । त्यसपछि विश्वामित्रले मेनकालाई आफैंसँग झन्नै टाँस्दै उसका कम्मरमा एउटा हातले समातेर दुवै बाहिर निस्केका थिए । चिसो निकै बढिसकेको थियो । विश्वामित्र रक्सीका तापमानमा भएकाले उसलाई त्यत्ति फरक परेन तर मेनका बाहिरका चिसोमा निकै चिसिई । गाडीमा पस्नेबित्तिकै विश्वामित्रले हिटर खोल्यो । एकैछिनमा वातावरण तात्यो ।

मेनकाको शरीर पनि बिस्तारै तात्न थालेको थियो । रक्सीको नशा हल्का लागेपछि विश्वामित्र साह्रै रमाइलो गफ गर्थ्यो । त्यसै त विश्वामित्र झन् रक्सी लागेपछि अत्यन्तै चञ्चल हुने गर्थ्यो । अहिले पनि मेनकालाई आफू विश्वामित्रभन्दा बीस वर्ष जेठी हुँ जस्तो लागिरहेको थियो ।

विश्वामित्रले बाटाभरि मेनकालाई छोरो बोर्डर्स गरेपछि हनिमूनमा जाने योजना सुनायो । नेपालको पोखरा, भारतको मसुरी, नैनीताल, दार्जीलिङ र सिङ्गापुरसम्म पुऱ्याउने वचन दोहोऱ्यायो । मेनका रमाएर हाँसिरही ।

उनीहरू घर पुग्दा राति साढे दश बजिसकेको थियो । मनजङ्ग दाइले गेट खोले, मोटर भित्र पस्यो, मनजङ्ग दाइले गेट बन्द गरे । कलबेल बजाउनुपरेको थिएन, किनभने उमेशले आफैं ढोका खोलिदिएको थियो । ऊ डाइनिङ टेबुलमा कापीकिताब राखेर पढिरहेको थियो । गीता कुन बेला निदाइसकेकी थिई, पत्तो भएन ।

उनीहरू ड्रेसिङ कक्षमा पसे, विश्वामित्रले बत्तीका उज्यालामा ड्रेसिङ कक्षको ठूलो ऐनामा मेनका र आफ्नो प्रतिच्छाया हेऱ्यो । विश्वामित्रलाई मेनका आज अत्यन्तै सुन्दरी लागी । विश्वामित्रले आफ्नो बाहिरी पोशाक खोल्यो, मेनकाले हेरिरहेकी थिई । विश्वामित्रले नै मेनकाका पनि सबै बस्त्र खोलिदियो । विश्वामित्र ऐनाभित्रकी मेनका र बाहिरकी मेनकालाई पालैपालो हेर्न थाल्यो । मेनकाले लजाएर हत्केलाले मुख छोपी । मेनकाले ड्रेसिङ कक्षको एउटा कुनाको सानो ढोका उघारी । यस ढोकाबाट शयनकक्षमा पुगिन्थ्यो ।

त्यसपछि उनीहरूको स्वर्णिम रात बित्यो । रक्सीका नशामा डुबेपछि विश्वामित्रलाई प्रेम पनि दुईपटक गर्नैपर्ने । मेनकालाई विश्वामित्रको यस्तो व्यवहार झनै मन पर्थ्यो । ऊ विश्वामित्रले रक्सी खाएको मन नपराएजस्तो गरिदिन्थी, तर हल्का मातेको विश्वामित्र असाध्यै मन पर्थ्यो मेनकालाई । तर उसले यो कुरा विश्वामित्रलाई

भनेकी छैन । किनभने उसलाई मन पर्छ भनेपछि विश्वामित्रले दिनदिनै रक्सी खान थाल्यो भने ऊ जँडचाहा हुने डर थियो । जँडचाहाहरू विवेकहीन हुन्छन् त्यसैले विश्वामित्रको यो रूप र स्वाद मेनकालाई खूबै मन परेको भए पनि उसले विश्वामित्रलाई यो कुरा लुकाएकी थिई ।

त्यस रात पनि मेनकाको सुखद रात बित्यो । त्यस बिहान विश्वामित्र आफ्नो सधैंका समयमै बिउँझेको थियो । मेनका मस्त निदाएकी थिई । उसले मेनकालाई ओढ्ने ओढाइदियो र आफू आफ्ना नित्यकर्मका लागि उठ्यो ।

उमेशले नास्तामा बनाउनुपर्ने खानेकुराका विषयमा सोध्यो । उसले उसिनेको अन्डा, सेकाएर नौनी दलेको पाउरोटी र कफीको फेहरिस्त दियो । आज आठ बजे नै उसले जानुपर्ने समय पनि भन्यो । आफ्नो नित्यकर्म सकेपछि विश्वामित्रले मेनकाका निधारमा र ओठमा बिस्तारै चुम्यो । मेनकाले आँखा खोली । मेनकाका आँखाबाट रातिको नशा अझ ओर्लिएको थिएन । मेनकाले विश्वामित्रलाई आफूनजिक तानी । विश्वामित्र नजिक पुग्यो । विश्वामित्रको हात लगेर मेनकाले आफ्नो छातीमा टाँसी । विश्वामित्रले त्यहाँ ससानो हलचल शुरु भएको महसुस गर्‍यो । तर विश्वामित्रले घडी हेर्‍यो सात बजिसकेको थियो । आफूमा मेनकाको स्पर्श मात्रले पनि हुन गएको तीव्र रक्तसञ्चारलाई विश्वामित्रले संयमित तुल्यायो ।

“मेनु प्यारी D हामी सँगै नास्ता गर्ने, आज मलाई आठ बजे नै जानुपर्छ, धेरै काम छ, केही दिनदेखि काम भइरहेकै छैन । उठ प्यारी D” विश्वामित्रले मेनकाको खुल्ला केशराशि सुमसुम्याएर भन्यो । मेनका केही बोलिन । उसले अझ एकैछिन विश्वामित्रका हातलाई आफ्नो छातीमा टाँसिरही । विश्वामित्रले कुनै प्रतिक्रिया देखाएको थिएन । अन्तमा विश्वामित्रका हात चुमेर मेनका बिछ्यौनाबाट उठेकी थिई । मेनका बाथरूम पसी ।

मेनवि अझ निदाइरहेको थियो । विश्वामित्र बगैंचातिर टहलिन निस्क्यो । जाडो यामको कोमल सूर्य छरिन सकिरहेका थिएनन् । मनजङ्ग दाइ गइसकेका थिए । माली आएर फूलबारीका फूलहरू गोडमेल गर्दै थियो । विश्वामित्रलाई देख्नासाथ अभिवादन गऱ्यो र पुन: आफ्नो काममा व्यस्त रह्यो ।

विश्वामित्रलाई फूलहरू मन पर्छन् तर उसलाई फूलको नाम, फूल स्याहार्ने तरीका केही पनि आउँदैन । बगैंचा होस्, सुन्दर फूलहरू हुन्, आकर्षक क्याक्टस हुन् बस्, विश्वामित्रलाई यत्ति मात्र चाहिन्छ । उता घरमा सुमित्राले नै बगैंचा सजाएकी थिई र यहाँ पनि सबै मेनकाकै निर्देशन र इच्छाअनुसार फूलहरू सजिएका छन् ।

विश्वामित्र बाहिरबाट भित्र पस्दा मेनकाले आफ्नो नित्यकर्म सकेकी थिई । अहिले ऊ भान्सामा उमेशलाई नास्ताका लागि सहयोग गर्दै थिई । मेनवि उठिसकेको थियो । गीताले मेनविलाई उसका नित्यकर्ममा सहयोग पुऱ्याइरहेकी थिई ।

"ए, ठूलोराजा D  आइस्योस्, हजुरलाई ढिला होला भनेर छिटोछिटो गर्न लागेकी ।" मेनकाले विश्वामित्रलाई भनी । मेनका विश्वामित्रलाई नोकरचाकर र बाहिरी मान्छेका अगिल्तिर शिष्टाचार राखेर कुरा गर्छे तर एकान्तमा भने विश्वामित्रसँग शिष्टाचार राखेर बोल्नै सक्तिनँ । विश्वामित्र पनि मेनकाले उसप्रति शिष्टाचारका शब्दहरू प्रयोग गर्दा खुशी भएको मेनकाले महसुस गरेकी थिई । त्यसो त विश्वामित्रले मुखले "मलाई शिष्टाचारका शब्द प्रयोग गर" भनेर मेनकालाई कहिल्यै भनेको छैन ।

बिहानका खाजाको कार्यक्रम सकियो । विश्वामित्रले अलि हतार गरेर बाहिरी पोशाक पहिरियो । अब ऊ बाहिर निस्कन एकदमै तयार भइसकेको थियो । मेनका उसकै नजिक बसेर उसका सहयोगमा लागिरहेकी थिई ।

“मेनु D अब म जान्छु, लन्च बाहिर नै हुन्छ होला । सधैंका समयसम्म आइनँ भने नपर्खनू । आज एयरपोर्टमा निकै समय लाग्छ जस्तो छ । तिमी राम्ररी खाएर आराम गर्ने है, प्यारी D” विश्वामित्रले सदाझैं मेनकाको बिदाइ कोसेली आफूले पनि लियो र मेनकालाई पनि दियो । त्यसपछि ऊ निस्क्यो । मेनका मूल ढोकासम्म पुऱ्याउन आई र उभिइरही । विश्वामित्रले गाडी स्टार्ट गऱ्यो, उमेश गेट उघारेर गेटमै उभिइरहेको थियो । गाडी अगाडि बढाउने बेलामा विश्वामित्रले मेनकासँग टाउको फर्काएर हात हल्लाउँदै बिदा मागेको थियो, मेनकाले पनि जवाबी हात हल्लाएकी थिई ।

विश्वामित्रको मोटर फाटकबाट बाहिर निस्केपछि मेनका पनि घरभित्र पसेकी थिई । उसलाई किन हो आज अनायासै नरमाइलो लाग्यो । सधैं विश्वामित्र त्यसरी नै जाने गर्दथ्यो तर पहिलेपहिले मेनकालाई त्यस्तो नरमाइलो केही लाग्दैनथ्यो । अऊ मेनवि जन्मनुअघि उमेशसँग मात्र दिनभरि र साँझभरि पनि बिताउनुपर्दथ्यो । त्यस बेला पनि मेनकाले नरमाइलो मान्दिनथी ।

तर आज विश्वामित्र फाटकबाहिर निस्कनासाथ मेनकाका मुटुमा एउटा भारी वस्तु आएर अड्किएजस्तो, मनमा कतै नमीठो गरी कसैले सुटुक्क चिमोटेजस्तो भएर अप्ठचारो भइरह्यो ।

ऊ सरासर शयनकक्षमा पुगी । पलङ र कोठालाई व्यवस्थित तुल्याई । अब उसको केही काम थिएन । मेनवि पनि गीतासँग रमाइरहेको थियो । ऊ चुपचाप कौचमा अडेस लागेर बसी । उसलाई आँखा चिम्लन मन लाग्यो ।

‘विश्वामित्र आज पनि सुमित्राको घर जान्छ होला D’ उसको हिमायती मनले प्रश्न गऱ्यो ।

“गएर के बिगार्छ त ? आफ्नी स्वास्नी, आफ्ना छोराछोरीलाई गएर भेटे नै पनि के आपत्ति भयो र ?’ पराई मन सुरिएर बोल्यो ।

"मेनकालाई मन पर्दैन भनेर ऊ नजान पनि सक्छ D आखिर विश्वामित्र मेनकासँग प्रेम गर्छ, उसको खुशीका लागि पनि विश्वामित्र सुमित्रालाई भेट्न जाने छैन ।" हिमायती मनले मेनकालाई सुमसुम्याउँदै भनेको थियो ।

"ए सुन, एउटा कुरा तिमी किन बुझ्दिनौ, विश्वामित्रले मेनकासँग प्रेम गरेको सत्य हो तर विश्वामित्रले सुमित्रालाई पनि घृणा गर्दैन । मेनका विश्वामित्रकी प्रेम हो भने सुमित्रा विश्वामित्रकी कर्तव्य । विश्वामित्र एउटा असल प्रेमी हो भने कर्तव्यनिष्ठ पति पनि । त्यसैले म त किटान गरेरै भन्छु 'विश्वामित्र सुमित्रालाई भेट्न जान्छजान्छ', अझ म त भन्छु उसले झन् जानुपर्छ ।"

पराई मनले जोशपूर्ण आवाजमा भनेपछि हिमायती मन चुप लागेर बसेको थियो । 'मलाई विश्वामित्र सुमित्रालाई भेट्न गएको मन पर्दैन, विश्वामित्र मेरो मात्र हो, म विश्वामित्र बाँड्न सक्तिनँ' मेनका आफैंसँग बुदबुदाएकी थिई । भावावेशमा उसका आँखा पनि रसाएका थिए । उसलाई आफ्नै व्यवहारप्रति अचम्म लागेर आएको थियो त्यस बेला ।

'मैले किन अन्यथा सम्झेको होला विश्वामित्रलाई D कतिबिघ्न काम छ भन्दै थियो ऊ, किन गइरहला र त्यहाँ । एकपटक गइसक्यो । अब ऊ जाँदैन ।'

मेनकाले आफूलाई आफैंले आश्वस्त पारेकी थिई । त्यसपछि ऊ शृङ्गार टेबुलअगिल्तिर बसेर आफूलाई सजाउन व्यस्त भई ।

मेनकाका घरबाट अफिसका लागि निस्केको विश्वामित्रले हातमा बाँधेको घडी हेर्‍यो, सवा आठ भैसकेको थियो । त्यहाँबाट सीधै एयरपोर्ट जाने उसले निर्णय लियो । तर नौ नबजी एयरपोर्टमा सम्पर्कको कर्मचारी आइपुग्दैनथ्यो । एयरपोर्ट पुग्न पन्ध्र मिनेट मात्रै लाग्ने भएकाले पुगनपुग आधा घण्टाको समय उब्रेको जस्तो लाग्यो उसलाई । 'सुमित्रालाई कस्तो

भयो होला, उसले मलाई के सम्झिहोली, एकपटक भेटेर गए राम्रै होला' विश्वामित्रले गाडी सुमित्राका घरतिर मोड्यो ।

सुमित्रा अझसम्म शयनकक्षमै थिई । विश्वामित्र सरासर शयनकक्षतिर बढ्यो । सुमित्राले विश्वामित्रलाई देख्नासाथ उज्यालो अनुहार लगाई । ऊ बिछ्यौनाबाट उठ्न खोजी । तर विश्वामित्र बिछ्यौनामै पुगिहाल्यो । विश्वामित्रलाई आज सुमित्राको असाध्यै माया लागेर आयो । सुमित्राको अनुहार मलिन पनि थियो । विश्वामित्रले सुमित्राको अधर चुम्यो ।

"बाबुराजा, हिजो किन नआइस्सेको, बाटो हेरिरहें ।" सुमित्राले विश्वामित्रको हात समातेर आफ्नो गालामा टाँस्दै भनेकी थिई ।

"सुमु" विश्वामित्रले बाँकी केही भन्न सकेन । सुमित्राका आँखामा टुलुटुलु हेरिरह्यो । ती अतृप्त आँखाहरूले उसलाई आमन्त्रण गरिरहेका थिए । तर सुमित्राप्रति माया र स्नेहले मुटु भरिएको भए पनि उसको रक्तसञ्चार शिथिल भएको थियो । उसलाई अचम्म पनि लागेर आयो आफैंसँग, मेनकासँग छुट्टिने बेलामा उत्तेजित उसका अवयवहरू सुमित्राका शयनकक्षमा प्रवेश गरुन्जेलसम्म पनि यथावत् थिए तर सुमित्राको चुम्बन र स्पर्श हुनासाथ ऊ शिथिल, झन् शिथिल हुँदै गयो । 'मलाई के भन्छे होली सुमित्राले ? मलाई नपुंसक भन्छे होली । म आफ्नै स्वास्नीका अघिल्तिर कस्तो नामर्द हुन पुगें D' विश्वामित्रले सुमित्राका हात सुमसुम्याएर पश्चात्ताप गरिरह्यो ।

"सुमु D म तिमीलाई हेर्न मात्र आएको थिएँ, अहिले मलाई हतार छ । तिमी आराम गर म जान्छु ।" विश्वामित्रले सुमित्राका हातलाई चुम्यो, ओठ चुम्ने आँट उसले गर्न सकेन । सुमित्राको हात विश्वामित्रले छोएपछि तात्दै आएको जस्तो उसलाई लाग्यो ।

"म हजुरलाई पुऱ्याउन तलसम्म जान्छु ।" सुमित्राले बिछ्यौनाबाट उठ्न खोजेर भनी ।

"पर्दैन सुमु, म गइहाल्छु, तिमी आराम गर ।" विश्वामित्रले सुमित्रालाई बिछ्यौनाबाट उठ्न दिएन । त्यसपछि विश्वामित्र हतारिएर तल ओर्लिएको थियो । उसले मोटर स्टार्ट गरेपछि सम्झ्यो 'जा ओजस्वीसँग त भेट्नै बिर्सेंछु, सोध्न पनि बिर्सेछु ।' उसले घडी हेऱ्यो, पौने नौ बज्न लागिसकेको थियो । ऊ फाटकतिर बढ्यो । उसको पुरानो चौकीदार श्यामबहादुरका अनुहारमा आत्मसन्तोषको मुस्कान थियो । श्यामबहादुरले बिदाइ अभिवादन गऱ्यो । सुमित्राका अतृप्त आँखाहरूसँग डराएर विश्वामित्र भागिरहेको जस्तो लाग्यो स्वयं विश्वामित्रलाई ।

# तेह्र

एवंरीतले जीवन चलिरहेको थियो । मेनका खण्डित विश्वामित्र स्वीकार्ने पक्षमा कदापि थिइन भने सुमित्रालाई विश्वामित्रको सूक्ष्म अंश मात्रै भए पनि पुगेको थियो ।

धेरै दिनपछि एक दिन ओजस्वी मेनकाको घर पुगेकी थिई । मेनवि निदाएको थियो । मेनकाचाहिँ त्यसै अन्यमनस्क भएर बसिरहेकी थिई । पहिलेपहिले ओजस्वी आएका देख्दा मेनकालाई त्यति अप्रिय लाग्दैनथ्यो तर त्यस बेला मेनकालाई ओजस्वीको उपस्थिति पटक्कै प्रिय लागेन । ओजस्वी सधैँझैं शयनकक्षमै आइपुगेकी थिई । मेनवि निदाएको देखेर मेनकासँग गफ गर्न तम्सेकी थिई । आफ्नो परीक्षा बल्ल सकिएको, परीक्षाका कारणले गर्दा भाइ खेलाउन आउन नपाएका वृत्तान्तहरू एकैसासमा सुनाएकी थिई ओजस्वीले । मेनकाले उसका कति कुरा सुनी, कति कुरा बुझी, कतिचाहिँ उसले बुझ्न पनि खोजिन । आज मेनकालाई ओजस्वी अत्यन्त कुटिल स्त्री जस्तो लाग्यो, ओजस्वीको सुन्दरतामाथि पनि कुटिलताको बादल लागेको जस्तो लाग्यो । 'यो विश्वामित्रकी छोरी हो, विश्वामित्रले यसलाई पनि माया गर्छ । मेरो विश्वामित्र यसको पिता हो । विश्वामित्रको यो पहिलो सन्तान हो । यो विश्वामित्र र सुमित्राका प्रेमका परिणाम हो । मेरो सम्पूर्ण विश्वामित्रलाई यसले पनि खण्डित पार्छे । विश्वामित्रले यसलाई धेरै माया गर्छ ।' मेनका ओजस्वीका कुरा सुनिरहेकी भए पनि उसका मनभरि यस्ता विचारहरू मात्र आइरहे ।

"सानो मम्मी D  भाइ कतिखेर निदाएको हो, उठ्ने बेला भएन ?" ओजस्वीले निदाएको मेनवितिर हेरेर प्रश्न गरी ।

"तिमी आउने बेलैमा सुतेको, यो दिउँसो मज्जाले सुत्छ, अहिले उठ्दैन होला ।" आज मेनकालाई ओजस्वी बसुन्जेल मेनवि नउठोस् जस्तो लागेको थियो । मेनकालाई ओजस्वीको उपस्थिति नै भारी अनुभव भएको थियो त्यस बेला ।

तर ओजस्वीको जाने तरखर नै छैन । ऊ सदाझैं अत्यन्त सामान्य भएर गफको सिलसिला अगाडि बढाउन खोजिरहेकी थिई । ऊ आज पनि आफ्नी सानो मम्मीसँग सधैंझैं आत्मीय हुन खोजिरहेकी थिई ।

"सानो मम्मी D  अस्ति नै हजुरले पकाएको गाजरको हलुवाको स्वाद मेरो जिब्रामा झुन्डिरहेको छ ।" ओजस्वीले मेनकाको प्रशंसा गरेर उसलाई खुशी तुल्याउने उपाय झिकी ।

"तिमीलाई मैले पकाएको मीठो लाग्छ, त्यसैले त मैले बनाएकी नि । त्यस दिन मैले आफूले पनि नखाईनखाई तिमीलाई भनेर राखिदिएकी थिएँ । तीन दिनपछि उमेशले खायो । तिमीले त खाएकी पनि थिइनौ । सबै मेनविले नै खाएको होइन ?" मेनकाले पूर्वस्मृति ताजा पार्दै भनेकी थिई । "सानो मम्मी D  मैले दुई चम्ची चाखेकी त थिएँ नि, त्यसवेला परीक्षाका कारणले नआएकी । सानुराजालाई देखेपछि खेलाइरहन मन लाग्छ, त्यसैले नआएकी, अन्यथा नसोचिबक्सियोस् है सानो मम्मी D" ओजस्वीले अत्यन्त कोमलताका साथ अनुनयपूर्ण भावमा आफ्नी सानो मम्मीलाई स्पष्टीकरण दिन खोज्दै भनेकी थिई । ओजस्वीलाई आज उसकी सानो मम्मी झनै राम्री, असल र मायालु लागेकी थिई । 'मेरा बाबाले माया गरेकी, धेरै माया गरेकी आइमाई, सानो मम्मी, मेरो प्यारो सानो भाइकी मामु हो सानो मम्मी ।' ओजस्वीले मनमनमा सम्झी । उसले सानो मम्मीलाई हेरिरही । तर

आज सानो मम्मी किनकिन उदास देखिएकी थिइन् । ओजस्वीलाई नरमाइलो लाग्यो । तैपनि उसले आफ्नी सानो मम्मीलाई खुशी तुल्याउन खोजिरही ।

"सानो मम्मी D मैले पनि गाजरको हलुवा पकाउन सिकें नि, अस्ति नै पकाएकी थिएँ तर हजुरले पकाएको जस्तो मीठो त भएन ।" एउटा नवीन जानकारीका साथ ओजस्वी पुन: मेनकाकै प्रशंसामा ओहोरीदोहोरी चल्दै थिई, किन हो त्यस दिन D

"तिम्रो बाबालाई मीठो लाग्यो होला क्वैन ?" अचानक मेनकाका मुखबाट यस्तो प्रश्न आएपछि ओजस्वी हतप्रभ भई । सानो मम्मीलाई बाबाले भनिस्सेछ क्यार, यस्तै सोची ओजस्वीले । "बाबाले मीठो त भनिस्यो तर हजुरले पकाएको जस्तो कहाँ हुन्थ्यो र त्यो त बाबाले मलाई प्रोत्साहित पारिदिस्सेको मात्र हो सानो मम्मी ।" ओजस्वीले मेनकाको प्रशंसा गर्दै आफूले पकाएको गाजरको हलुवालाई निकृष्ट तुल्याउन खोजेकी थिई । ओजस्वीले मेनकाका अनुहारको भाव केही बेग्लै भएको महसुस गरी । 'आज सानो मम्मीलाई सन्चो छैन कि कसो, किन सधैंको जस्तो व्यवहार पनि गरिस्सेको छैन, बोल्न पनि राम्ररी बोलिस्सेन ।' ओजस्वीलाई मेनकाको त्यस दिनका व्यवहारले एक प्रकारको लागिरह्यो मनमनमा । मेनका पटक्क बोलेकी छैन, एकोहोरो बोलिरहँदा अब झर्को लाग्न थालेको थियो ओजस्वीलाई । मेनवि अझै मस्त निदाइरहेको थियो । अब मेनवि उठ्नुभन्दा अघि नै यहाँबाट निस्कनु बेस लाग्यो ओजस्वीलाई । मेनवि उठेपछि उसलाई खेलाउँदाको रमाइलोलाई अहिले सकस परेको समयका नरमाइलोले पराजित पार्न खोज्यो ।

"सानो मम्मी D भाइ पनि उठेन, अब म जान्छु ।" ओजस्वीले पराजित भएजसरी भनी ।

"ए अँ, हेरन D यो मेनवि यस्तै छ, दिउँसो पनि निकैबेर सुत्छ ।" मेनकाले हतपताएर भनी । मेनकालाई ओजस्वी हिंड्न लागेकी

र मेनवि अझसम्म नउठेकामा पनि आज मनमनै सन्तोष लागिरहेको थियो ।

ओजस्वीले पनि छक्क परेर मेनकाका अनुहारको भाव पढी । किनभने मेनकाका मनको त्यो सन्तोष अनुहारले प्रकट गर्दै थियो, त्यहाँ ।

मेनका ओजस्वीलाई बिदा गर्न मूल ढोकासम्म आएकी थिई । ओजस्वी आफ्नो स्कुटर चढेर हिंडिसकेकी थिई । 'ओजस्वीलाई जिन्स र टिसर्ट कति नसुहाएको D' मेनकाले मनमनै सोचिरही ।

ओजस्वीलाई बिदा गरेकामा नरमाइलो नभएर पन्छाएका आनन्दको जस्तो अनुभूति लिएर मेनका आफ्नो शयनकक्षातिर लागी । मेनवि मस्त निदाइरहेकै थियो । मेनका पनि उसैका छेउमा ढल्की । ओजस्वी भएका बेला मेनकालाई निद्रा लागेजस्तो भएको थियो । मेनका आँखा चिम्लेर निदाउन खोजिरहेकी थिई तर अब निद्रा ओजस्वीसँगै धपिइसकेको जस्तो महसुस गरी उसले ।

'विश्वामित्रका लागि त्यहाँ गाजरको हलुवा पनि पाकिसकेछ । विश्वामित्रले मलाई केही भनेको छैन । उसलाई उता पनि गाजरको हलुवा खान पुग्नुपर्दो रहेछ ।' मेनका ओजस्वीसँग भएका कुरा सम्झेर भित्रभित्र उम्लन थालेकी थिई । ओजस्वीले गाजरको हलुवा पकाएको कुरा गर्नासाथ मेनकालाई यसै सोध्न मन लागेको थियो । "तिम्रो बाबालाई मीठो लाग्यो होला" उसले यत्तिकै गरेको प्रश्नका जवाफमा यति तीतो सत्य आउनेछ भन्ने मेनकाले त्यस बेला सोच्न सकेकी थिइन ।

'विश्वामित्र उता गाजरको हलुवा खान पनि पुगिसकेको छ, उसको प्रिय खानेकुरा त्यहाँ पनि बनाउन थालिसकेछन् उनीहरूले । विश्वामित्रले मेनकालाई उता गएर गाजरको हलुवा खाएको कुरा पनि भनेन । किन लुकायो विश्वामित्रले D' मेनकाको मन, मुटु र भित्र कता हो कता डाहा भएर आयो । भित्रभित्रै पोलेर घाँटी सुकेजस्तो

भयो । उसले जुरुक्क उठेर साइड टेबुलमा राखेको चाँदीका करुवाको पानी घटघटी पिई । पानी घाँटीबाट भित्र पस्ता भुङ्ग्रामा पानी परेजस्तै लाग्यो मेनकालाई, तर करुवाको पानी जम्मै घाँटीबाट खन्याइसक्ता पनि उसको भुङ्ग्रो भने निभेको थिएन ।

"मामु D मामु D" मेनवि बिउँझेको थियो । ऊ आएर मेनकासँग अँगालो हालेर सुत्यो । एकछिनपछि 'बाहिर जान्छु' भन्यो । मेनकाले गीतालाई बोलाएर मेनवि जिम्मा लगाई । आज उसलाई छोराका लागि जुश बनाउन पनि जाँगर चलेन । मेनकाले उमेशलाई बोलाएर जुश बनाउन लगाई । "गीतादीले जुश बनाएर आफूले पनि खाएको देखें, सानुराजाले चाहिँ जुश नै खाइस्सेन ।" अस्तिको दिन उमेशले सुनाएको थियो । मेनकाले अर्थ निकालेकी थिई 'बेइमान गीताले आधा जुश आफैं पिएर, आधामा पानी मिसाएर मेनविलाई खुवाइहोली, खल्लो बेस्वादको जुश मेनविले खाएन ।' उमेशले सुनाएका कुराले मेनकालाई गीताप्रति हुनसम्म रिस उठेको थियो । 'कस्ती चण्डाल रहिछे, उसलाई खानलाउनको कुनै कमी गरेको छैन, त्यही पनि बालकको जुश चोरेर खाने कुजात रैछ यो ।' एकमन मेनकालाई यस्ती बेइमान केटी तुरुन्त निकालिदिउँ जस्तो लागेर आएको थियो । तर झट्ट गीताको घर सम्झी, आमा सानैमा मरेकी टुहुरी केटी । घरमा विकराल गरीबी छ, बाबु, सौतेनी आमा र सौतेनी आमाका छोराछोरी छन् । सौतेनी आमाले गीतालाई फुटेको आँखाले देख्न सक्तिन । बाबुलाई साँझ परेपछि सकेसम्म जाँड खानुपर्छ । जाँडका लागि स्वास्नी-छोरी बेच्नुपरे पनि तयार ऊ । गीताकी माइजूले गाउँबाट निरीह अवस्थाकी गीता ल्याएर मेनकाको जिम्मा लगाएकी थिई । सहकर्मी शिवाका घरमा वर्षौंदेखि काम गर्दै आएकी गीताकी माइजूले शिवाद्वारा मेनकाको छोरो हेर्ने मान्छे खोज्ने क्रममा गीतालाई आफैंले ल्याइदिएकी थिई । "हजुरलाई हाम्री शिवा दुल्हैसाहेबले साह्रै मन पराइबक्सन्छ, मैले त राम्ररी चिनेकी छैन हजुर । यो टुहुरी केटी हो ।

हजुरलाई जिम्मा लगाउँदैछु । पछि यसको बिहादान हजुरले नै गर्दिबक्सिएला हजुर । सिकाइस्योस्, सदाइस्योस् गाउँकी केटी अब हजुरकै भई । ढुक्क भएँ । यसको पीरले दिक्क थिएँ । आफूले ल्याएर भिर्न पनि नसक्नु । केटी जात, जताततै राख्न पनि नहुने ।" गीतालाई लिएर आएको पहिलो दिन उसकी माइजूले भनेका कुरा झलझली सम्झिरही मेनकाले ।

तर गीता इमानदार छैन, लगनशील पनि छैन । हेर्दा राम्री भए पनि बेहोरा राम्रो छैन । मेनकाले कतिपटक सम्झाइसकी, सिकाइसकी तर गीताको बानीबेहोरा सप्रने लक्षण छैन ।

एकपटक मनजङ्ग दाइसँग कुरा गरेर उनका छोरासँग बिहा गर्दिऊँ जस्तो पनि लागेको थियो मेनकालाई तर गीता नेवारनी हो र मनजङ्ग दाइ जे भए पनि राणा खानदानको मान्छे । आज दिनदशाले गरीबीमा बाँच्न बाध्य भए पनि उनी भनेको संस्कार भएका मानिस । त्यस्ता खानदानसित गीताका बिहाको कुरा गर्दा मनजङ्ग दाइको चित्त दुख्ला । मलाई गरीब भनेर हेपे, अपमान गरे भन्ने ठान्लान् उनले पनि । यस्तै सोच्न पुगेकी थिई मेनका त्यस बेला ।

आजकल मेनकालाई गीताको पनि चिन्ता थपिएको थियो । उसले विश्वामित्रलाई पनि "गीताका लागि अफिसतिर काम गर्ने कुनै पिउन-चौकीदार भए पनि असल केटो हेर्दै गर ।" भनेकी थिई कतिपल्ट । तर विश्वामित्रलाई खोई फुर्सत D

उमेशलाई मेनकाले जुश बनाएर ल्याउने आदेश दिइसकेकी थिई । केहीबेरपछि गीताले मेनवि लिएर आई । मेनकाले मेनविलाई काखमा राखेर जुश खुवाई । मेनविले घटघटी पियो । उमेश खुशीले दङ्ग थियो । गीता डराएकी थिई ।

"गीता D सानुराजाले जुश खाएन भनेको होइन ? छिः... तँलाई लाज लाग्दैन ? गाउँबाट आउँदा कस्ती थिइस्, अहिले ऐनामा

हेर्दा आफूलाई चिन्छेस् D हेर् नानी, अलिकति पाप-धर्मको पनि विचार गर्नुपर्छ । तैंले यस बालकसँग दुष्टचाइँ गरिस् भने तेरो भलो कसरी होला D"

गीता टाउको निहुराएर उभिइरही । एकै शब्द पनि बोलिन । उमेश गिलास बोकेर बाहिर निस्किसकेको थियो ।

"हेर् गीता, बेइमान मान्छे कहीं पनि टिक्तैन, एकपटक रमाइलो गरेर कतिन्जेल पुग्छ ? मैले तँलाई के कुरामा कम्ती गरेकी छु र मसँग पनि बेइमानी गर्छेस् । यस्तो गरिस् भने मैले तँलाई कसरी राख्नु । तेरी माइजूलाई बोलाएर जिम्मा लगाइदिन्छु । भोलि नै गाउँ पुऱ्याइदिन्छिन् ।" मेनकाले अलि आक्रोशित भएर भनी ।

"दुल्हैसाहेब, गल्ती भयो, माफ गरिदिस्योस्, अब यस्तो कहिले हुने छैन" गीताले हत्तपत्त मेनकाका खुट्टा समातेर भनी । मेनकाले देखी, गीताका चिम्सा दुई आँखामा आँसु पनि डबडबाएर भुइँमा खस्ने तयारीमा थिए ।

"कठै बिचरी D गरीबको बुद्धि हुँदैन, आमा छैन, मैले पनि निकालिदिएँ भने फेरि पूर्वदुर्दशा D उफ् D" मेनकालाई गीताप्रति तुरुन्तै दया पलाएर आयो । उसको मन कमलो भएर आयो । तर गीतालाई आफ्नो कमलोपन देखायो भने यसले हेप्छे, मेनकाले मनमनै ठहर गरी ।

"ल भैगयो, एकपल्टलाई मैले माफ गर्दिएँ, आइन्दा यसरी बेइमानी गरिस् भने राम्रो हुने छैन ।" मेनकाले आफूमा अस्वाभाविक कठोरता ल्याएर भनी । "सानुराजालाई लिटो खुवाउन नबिर्सनू ।" मेनकाले भनी ।

गीताले आफ्ना हत्केलाले दुवै आँखा पुछी र मेनविलाई बोकेर हिंडी । मेनवि धेरैबेरदेखि आफ्नी मामुको र गीताको कुरा सुनिरहेको थियो । उसले आफ्नी मामुले उसकी गीता दिदीलाई गाली गरेको

बुझेको थियो । किनभने उसकी मामुले धेरै कुरा भनेकी थिई र गीताले थोरै कुरा । अनि गीता दिदी रोएकी पनि थिई । मेनविलाई आफ्नी मामुले उसलाई खेलाउने, उसलाई माया गर्ने गीता दिदीलाई गाली गरेको पटक्कै मन परेको थिएन । "गीतादी D मामु छुच्चो, तिमीलाई दाली तिन दरेको, छुच्चो मामु D" आफूलाई बोकिरहेकी गीताका गालामा सुमसुम्याउँदै मेनविले भनेको थियो । "मेरो सानुराजा D" गीताले भावावेशमा मेनविका गालामा चुम्बन गरेकी थिई ।

त्यसपछि मेनकालाई शयनकक्षमा पनि बसिरहन मन लागेन । उसलाई कौसीमा जान मन लाग्यो । मेनकाका घरमा एउटा पश्चिम कौसी पनि थियो । यो खास घाम ताप्नकै लागि बनाइएको थियो । कौसीमा बेतका चारओटा आराम कुर्सी राखिएका थिए । कौसीको डिल पनि नबारेको हुनाले घाम नअस्ताउन्जेल त्यस कौसीमा भुइँसम्म घाम लागिरहन्थ्यो । त्यहाँ जाडो याममा घाम ताप्न रमाइलो हुन्थ्यो । कौसीसँगै जोडिएको सानो तरकारी बारी थियो, त्यहाँ कहिले ऊ आफैं, कहिले माली र कहिले उमेशले पनि मौसमअनुसारका एक-दुईओटा तरकारी रोप्ने गर्थे । खास गरेर त्यहाँ इस्कुस, फर्सीका मुन्टा, फर्सीका गट्टा, सिमी, लौका र घिरौंला हरेकपटक लटरम्मै फलेका हुन्थे । हरियो खोर्सानी र धनियाँका साग पनि उनीहरूले किनेर खानु पर्दैनथ्यो ।

"मेनु D तिम्रो यो तरकारी बारी त मलाई जादुको बारीजस्तो लाग्छ । यसभन्दा अगाडि यति थोरै बारीमा यति धेरै तरकारी पनि फल्न सक्छ भन्ने मलाई जानकारी थिएन । वास्तवमा मानिसले स्याहार गरे, मिहिनेत गरे दुःख पाउँदैनथे हैन ?"

कुनै दिन यही कौसीमा घाम तापेका बेला विश्वामित्रले गर्वित भएर भनेको थियो । हुन पनि त्यति थोरै माटामा पनि मेनकाले फलाएका तरकारीहरू आफूले खाएर पनि चारैतिर बाँड्न

पुग्थ्यो । मेनकालाई आफ्नो बारीमा फलेका तरकारी आफूले खाँदा भन्दा पनि बाँड्न पाउँदा अझ रमाइलो लाग्दथ्यो । तरकारीबाहेक मेनकाको त्यही बारीका एक छेउमा बाह्रमासे अम्बाको बोट, कागतीको बोट, मुन्तला र हलुवाबेदका पनि बोटहरू थिए । त्यसैले जो आउँदा पनि मेनकाले आफ्नो तरकारी र फलका बोट देखाउँथी र हरेकलाई फलेका र पाकेका तरकारी फलफूल बोकाएर नै बिदा गर्ने गर्थी ।

हरियाली भएका कारणले होला त्यहाँ चराचुरुङ्गीहरू पनि आइरहन्थे । मेनकालाई यसरी चराचुरुङ्गी आएर चलेको-खेलेको हेर्न रमाइलो लाग्दथ्यो । अझ मेनकाले उमेशलाई सधैं एक मुठी कनिका वा चामल नै भए पनि बिहान आफ्नो भात पकाउने बेलामा त्यही बारीमा छरिदिने आदेश दिएकी थिई । कहिलेकाहीं ऊ आफैं पनि छर्ने गर्थी । खास गरेर भँगेराहरू भुर्र उडेर ती चामल टिप्न आउँथे । उसलाई ती भँगेरा पनि आफ्नै परिवारका सदस्यजस्तै लाग्थ्यो । कुनै दिन उमेशले ती भँगेरालाई चामल हाल्न बिर्स्यो र राति उसलाई सम्झना भयो भने मेनकालाई आफूले पेटभरी खाएको पनि व्यर्थ लाग्दथ्यो । “तिनीहरूले बाटो हेरिरहे होलान्, आफैंले पनि सम्झनुपर्थ्यो, कस्तो नमज्जा भयो D” मेनकालाई पछुतो भइरहन्थ्यो । भोलिपल्ट सबेरै उसको पहिलो काम ती भँगेराका लागि चामल हाल्नु नै हुने गर्दथ्यो ।

यस बेला पनि मेनका त्यही कौसीमा आफूले रोपेका फलफूल र तरकारीका बोटमा लागेका फल हेरेर रमाउन खोजिरहेकी थिई । त्यत्तिकैमा एक जोडी भँगेराहरू उडेर आए, चारा टिप्ने क्रममा लागिरहे । त्यसै बेला कहींबाट एउटा भँगेरो उडेर उनीहरूसँग मिसिन आइपुग्यो । अब पहिलेको जोडीको एउटा भँगेराले नयाँ आएको भँगेरालाई सरर्र उडेर एकपल्ट छोयो; दुवै अलि पर गएर चारा टिप्न लागे । पहिलेको भँगेरो आफ्नै सुरमा चारा टिपिरह्यो ।

पर पुगेका ती जोडी भँगेरा उडेर कता गए मेनकाका आँखाले भ्याएनन् । एकैछिनमा उडेका जोडी भँगेरामध्ये एक्लै भँगेरो मात्र आइपुग्यो त्यहाँ । चिरर्र चिरर्र उसले केही भन्यो । पहिलेको भँगेरो एकनास उड्दै चारा टिप्तै गरिरहेको थियो । त्यसपछि दुवै सँगसँगै चारा टिप्न लागे । एकैछिनमा दुवै सँगै उडेर गए, कतै ।

मेनकाले त्यो पहिलेको एक जोडी भँगेरा विश्वामित्र र सुमित्रा, पछिआएका भँगेरालाई स्वयं मेनकाका रूपमा सम्झी । पछिल्लो भँगेराको अस्तित्व मेटिएजस्तै अब उसको पनि मेटिनेछ । मेनकालाई यस्तै केही नरमाइलो लागिरह्यो ।

'अब विश्वामित्र उता पनि जान थालेको छ, मैले उसलाई उता नजाऊ भन्न पनि नमिल्ने । विश्वामित्र मेरो मात्रै रहेनछ ।' मेनकाले छटपटाउँदै सोचिरही । उसलाई बितेका एउटा रातको कुरा सम्झना भएर आयो । त्यस रात मेनकाका प्रेमाकाङ्क्षालाई विश्वामित्रले पहिलोपटक लत्याएको थियो । त्यस बेला राति अबेर गरेर आएको ऊ पक्कै पनि सुमित्रासँग छुट्टिएर आएको हुनुपर्छ । तर त्यस दिन उसले यस्तो सोचेकी थिइन । ऊ अचम्मित मात्र भएकी थिई । त्यस बेलासम्म मेनकालाई विश्वामित्र सुमित्रालाई भेट्न जान्छ भन्ने कुरा थाहा थिएन ।

त्यस दिन 'सुमित्राको कुनै दोष छैन, उसले केही बिगारेकी पनि छैन' मेनकाको. प्रश्नका उत्तरमा विश्वामित्रले भनेको थियो । उसले यसो भनेर के भन्न खोजेको हो । सुमित्राले नबिगारेको कुरा 'नालिस हालिन' भनेको होला । सुमित्राले विश्वामित्रको मन जित्न थालिछे फेरि । विश्वामित्रले सुमित्रालाई सौता हाल्दिंदा पनि सुमित्राले विश्वामित्रको कानूनी विरोध गर्ने अधिकारको उपभोग पनि गरेकी थिइन । त्यसैले विश्वामित्र सुमित्राप्रति कृतज्ञ रहेछ र मेनकाले पनि सुमित्राप्रति कृतज्ञता प्रकट गर्नुपर्ने सूक्ष्म आशय जाहेर गरेको रहेछ विश्वामित्रले ।

तर मेनकालाई विश्वामित्र, फगत विश्वामित्रसँग मात्र सरोकार थियो । उसले सुमित्रासँग खुशामद गरेर विश्वामित्रसँग प्रेम गरेकी थिइन । मेनकाले सुमित्राको लोग्ने भनेर पनि विश्वामित्रसँग प्रेम गरेकी थिइन । मेनकाले सुमित्राप्रति कृतज्ञ हुनुपर्ने कुनै कारण देख्दिनथी । सुमित्रालाई विश्वामित्रको आवश्यकता थिएन । उसले त्यसैले विश्वामित्रलाई फालेकी थिई । त्यो फालिएको, एक्लो विश्वामित्र मेनकाले टिपेकी थिई । विश्वामित्रलाई फाल्ने सुमित्रासँग मेनकाले कृतज्ञ हुनुपर्ने प्रयोजन पनि थिएन ।

तीन वर्षका अवधिमा विश्वामित्रले सुमित्रालाई सम्झेन । उसले कहिलेकाहीं सुमित्राको रूखो व्यवहारबारे कुरा गर्न खोज्दथ्यो । त्यस्ता समयहरूमा मेनकाले उसको उदासी हटाउन प्रेमका कुनै प्रसङ्ग निकाल्ने गर्दथी ।

तर यसरी एकाएक विश्वामित्रमा यति ठूलो परिवर्तन आउला ? ऊ सुमित्राको बफादार सिपाहीजस्तो भएर देखापर्ला ? मेनकाले कल्पना पनि गरेकी थिइन ।

मेनका बारीमा गई, लटरम्म फलेको अम्बाको एउटा हाँगो तानेर कट्मेरो अम्बा टिपेर कुर्ताको फेरले पुछिरही । त्यसपछि अम्बा दार्न थाली । अम्बा खाइसकेपछि मुन्तलाका बोटमा पुगी । मुन्तला पनि लटरम्म फलेको थियो । एउटा पाकेको मुन्तला टिपेर मुखमा हाली । अलि अमिल्चो रहेछ, राम्रो पाकेको रहेनछ । उसले मनमन तमतमाइलो अनुभव गरी ।

अब ऊ पुन: कौसीमा आएर बेतका कुर्सीमा बसी । घाम डुब्ने बेला भइसकेको थियो । त्यसैले अब घाम पनि चिसोचिसो लाग्दैथ्यो । मेनकालाई जाडोपनको अनुभव हुन खोज्यो । ऊ उठेर भित्र पसी । बैठककक्षमा पुगी । “मामु D  मामु D” मेनवि गीतासँग खेल्न छोडेर उसलाई समात्न आइपुग्यो । “सानुराजाले लिटो खायो ?” मेनकाले गीतालाई हेरेर सोधी ।

“आज मज्जाले खाइस्यो D” गीताले खुशी भएर जानकारी दिई ।

“एइ बोक्सी, त्यसरी मज्जाले खाएको भन्नु हुन्न भनेको होइन ? अब तेरै आँखा लाग्छ, भोलिदेखि खाँदै खाँदैन ।” मेनकाले आशङ्कित भएर भनी ।

“दुल्हैसाब, दुल्हैसाब D अगि मनजङ्ग दाइ यहाँ आएर त्यो तरबार ढोग्नुभयो अनि त्यही तरबारमुन्तिर बसेर कत्तिबेर घुँडामा टाउको लुकाएर बस्नुभयो । अहिले भर्खर फाटकतिर लाग्नुभएको छ ।” गीताले उदास भएर सुनाएकी थिई । मेनकालाई मनजङ्ग दाइको माया लागेर आयो । बिचरा मनजङ्ग दाइ D उसले घडीमा आँखा पुऱ्याई, भर्खर चार मात्र बजेको थियो । ‘आज किन मनजङ्ग दाइ यति छिट्टै आएका होलान् D’ मनमनमा यस्तै सोच्तै मेनवि बोकेकी मेनका मनजङ्ग दाइलाई भेट्न फाटकतिर लम्की ।

मनजङ्ग दाइ पालेघरमा भएका खटियामा घुँडामा मुन्टो लुकाएर बसिरहेका थिए । उनको शरीर अलिअलि हल्लिरहेको पनि थियो ।

“के भयो मनजङ्ग दाइ, आज किन छिट्टै आएको नि ?” मेनकाले नजिकै पुगेर प्रश्न गरी । मेनकाका प्रश्नले एक्लै बसिरहेका मनजङ्ग दाइ अचानक झस्के । “दुल्हैसाब D” मनजङ्ग दाइले बडो कष्टसँग उठेर मेनकाको अभिवादन गरे ।

“मेरो छोरालाई पुलिसले पक्रेर फेरि लग्यो । अब चाहिं त्यो छुट्तैन दुल्हैसाब, जाँड खाएर कुटाकुट गर्दा एउटा जँडचाहालाई कुठाउँमा लागेछ । त्यसैले ठहरै भएछ । कुटाकुट गर्दा त अरू पनि थिए भन्छ चन्द्रजङ्ग D तर पुलिसले उसलाई मात्र पक्रेको छ । ज्यानमुद्दा लाग्छ रे । के गर्नु फटाहा भए पनि सन्तान, माया लाग्दो रहेछ ।” मनजङ्ग दाइ सुकसुकाउन थाले । मेनकालाई नरमाइलो लाग्यो । मनजङ्ग दाइ रोएको देखेर उसको मनै अमिलो भएर आयो ।

“यता डिउटीमा आउनुअघि भुजा पकाएर राखेर आउँथें । राति जाँड खाएर आएर कहिले खान्थ्यो कहिले भोकै सुत्थ्यो । बिहान पनि यताबाट गएर पकाएर खुवाउँथें । के गर्नु माया मार्न सकिंदो रहेनछ । दुल्हैसाब, यो सानुराजा भन्दा सानोदेखि म एक्लैले स्याहारेको त्यसलाई, त्यसले दु:ख पाउँछ भनेर मलाई बिहा गर्न पनि मन लागेन । के थाहा मलाई असत्तीले रगतको आँसु चटाउँछ भन्ने कुरा ।” मनजङ्ग दाइका आँखाबाट एकनास आँसु बगिरहे । मनजङ्ग दाइका कुरा सुन्दा मेनकाका आँखा पनि रसाएर आए । मेनवि एकनास मनजङ्ग दाइलाई हेरिरहेको थियो । ऊ कुरा बुझ्न खोज्दै थियो । ‘मामुले मनजङ्ग दाइलाई गाली गरेको छैन, फेरि किन रोएको यो मनजङ्ग दाइ D’ ऊ छक्क परिरहेको थियो ।

“भो, दाइ पीर नगर्नुस्, भरे ठूलोराजालाई भनेर के गर्न सकिन्छ गरौंला, कहाँ राखेको छ रे ?” मेनकाले केही ढाडस दिंदै भनी ।

“हनुमान्ढोका भन्ने सुन्या थिएँ ।” आशान्वित मनजङ्ग दाइले मेनकाका अनुहारमा मायालाग्दो भएर शब्द निकाले ।

भारी मन लिएर मेनका घरतिर लागी । आफूले बोकेको मेनविलाई कल्पेर उसको मन अत्तालियो । उसले मेनविलाई केही कसिलो पारेर बोकी । बाहिर निकै चिसो बढ्न थालिसकेको थियो ।

# चौध

अझै निकै दिनहरू बितेर गए । अब चिसो मौसम बित्न लागेको थियो । काठमाडौंको फागुन महिनालाई तातो पनि भन्न मिल्दैन र चिसो पनि । मनजङ्ग दाइको छोरो चन्द्रजङ्गलाई विश्वामित्रले चिनजान, भनसुन र रुपैयाँ खर्च गरेर पनि जेल पर्न दिएन । अर्थात् उसलाई जसोतसो बचाइयो । अहिले चन्द्रजङ्ग सप्रेको कुरा सुनिंदैछ । विश्वामित्रले नै पिउनका नोकरीमा हाल्दिइसकेको छ । त्यसैले आजकल मनजङ्ग दाइका अनुहारमा देखिने वेदना भेटिंदैन । मनजङ्ग दाइले मारवाडीका गोदाममा काम गर्न छोडिदिएका छन् । आजकल उनी चौबीसै घण्टा विश्वामित्रकै घरको चौकीदारी गर्छन् । मनजङ्ग दाइको धेरैजसो समय मेनविसँग बित्ने गर्छ । मेनवि पनि मनजङ्ग दाइलाई मन बाबा भन्छ र उनी भनेपछि हुरुक्कै हुन्छ । मनजङ्ग दाइले पनि मेनविलाई खूब माया गर्छन् । मनजङ्ग दाइले रमाइला कथा भन्ने गरेकाले पनि मेनवि मनजङ्ग दाइसँग झनै रमाउने गर्छ । भर्खरै मेनविलाई स्कूल भर्ना गरिएको थियो । मेनविलाई स्कूल पुऱ्याउने र ल्याउने काम पनि मनजङ्गले नै गरिरहेका थिए ।

विश्वामित्रले गीताका लागि बिहा गर्ने केटो पनि खोजिसकेको थियो । एउटा साथीका अफिसमा काम गर्ने पिउन केटो, जात पनि मिल्ने भएकाले विश्वामित्रले साथीसित त्यही केटाका बारेमा कुरा गरिराखेको थियो । विश्वामित्र यी सब जन्जालमा फस्ने मानिस थिएन । तर मेनकालाई सबैको चिन्ता पर्ने गर्दथ्यो । अब उमेश पनि

नौ कक्षामा आइपुगेको हुँदा उसले एस.एल.सी. पास गरेपछि नोकरी पाउनुपर्छ भन्ने मेनकाको अर्को माग शुरु भैसकेको थियो । मेनकाका खुशीका लागि विश्वामित्र जे पनि गर्न सक्थ्यो । अर्काका लागि काम गर्दा मेनका साह्रै खुशी हुने गर्थी । मेनका खुशी भएपछि मात्र विश्वामित्रलाई संसारै उज्यालो लाग्ने गर्दथ्यो ।

मेनकाले आफ्नो जीवन सामान्य गतिमा चलाइरहेकी थिई । उसको जीवन पूर्वावस्थामै बगेको थियो । विश्वामित्र, विश्वामित्रसँगको परमानन्दका क्षणहरू, मेनवि, मेनविसँगका वात्सल्यानन्दका क्षणहरू सदाझैं एकनास बितिरहेका थिए । विश्वामित्र मेनकालाई औधी माया गर्थ्यो । मेनवि पनि आफ्नी मामु भनेपछि ज्यादै पछ्याउँथ्यो । घरका चाकर-चौकीदार, पाउनापासा, इष्टमित्र सबै नै मेनकालाई साह्रै रुचाउने गर्थे । मेनकाले कसैको चित्त दुखाएकी थिइन; जानेर कसैको कुभलो पनि गरेकी थिइन । सबैको मनोविज्ञानअनुसार नै मेनकाले सबैको चित्त बुझाउँदै आएकी थिई । विश्वामित्र मेनकाको व्यावहारिक क्षमताबाट साह्रै सन्तुष्ट थियो ।

तर मेनकाको यो बाहिरी रूप मात्रै थियो । ऊ भित्रभित्रै सल्किरहेकी थिई । त्यो कसैले देख्न पनि सक्तैनथ्यो । झन्नै दुई महिनाजसो पहिलेको कुरा हो, त्यस दिन उमा दिदी आएकी थिइन् । मेनकाले तेल मालिस गर्ने इच्छा रोक्न सकिन । त्यसैले उनीहरू ड्रेसिङ कक्षमा तेल मालिस गर्न लागेका थिए ।

"दुल्हैसाब D  चित्त नदुखाइस्योस् है, एउटा कुरा भन्छु ।" उमा दिदीले तेल मालिसका क्रममा मुख खोलेकी थिइन् ।

"भन्नून उमादी, किन चित्त दुखाउनु र ?" मेनकाले मुखले यसो भनेकी भए पनि उसको मुटुचाहिं गह्रौं हुँदै थियो शायद ।

"दुल्हैसाब D  ठूलोराजा आजकल रातिसम्म पनि उता बसिसिन्छ रे । त्यताका घरसँग टाँस्सिएका घरमा मैले तेल लगाउने गरेकी

राधिका दुल्हैसाबले भनेपछि थाहा पाएकी थिएँ । 'जतासुकै गए पनि लोग्ने भन्नेलाई आफ्नी स्वास्नी त चाहिने रहेछ, चोरजस्तो आधारातसम्म बसेर आफ्नै घरबाट पनि भाग्नुपरेको देखियो' भनेर उनले भन्दा मलाई त कस्तो नरमाइलो लागेर आयो । हजुर यस्ती राम्री भएर पनि फेरि के भाको यो लोग्नेमान्छेको जात.... D" उमा दिदीले लामो खुइय काढ्दै भनेकी थिइन् । "उहाँ होइन होला उमा दिदी, त्यस आइमाईले यत्तिकै भनिहोली ।" मेनकाले आफैंलाई चित्त बुझाउन भनेकी थिई । "होइन दुल्हैसाब D  मैले पनि पहिले कहाँ पत्याएँ र D  हजुरको उताका घरमा सावित्री भन्ने नोकर्नी रहिछे नि, त्यसैसित मेरै सामुन्ने राधिका दुल्हैसाबले बोलाएर सोधेकी थिइन् । 'ए भन् त अस्ति राति मोटरमा को आएको ?' भनेर कुरा कोट्टयाउँदा त्यही सावित्रीले नै भनेकी थिई "को हुन्थ्यो नि हाम्रै मालिक साहेब ।" त्यसपछि मात्रै मलाई विश्वास भयो, दुल्हैसाब मन नदुखाइस्योस् हजुरसँग नभएको के छ र सबै थोक छ । यस्ती राम्री मान्छेको भाग्य कस्तो D  मलाई त्यस रात आधारातसम्म निद्रा पनि लागेन, हजुरलाई नै सम्झिरहें । ईश्वरले पनि असल मानिसलाई नै दुःख पुऱ्याउँदो रहेछ ।" उमा दिदीले तेल मालिस गर्दै मेनकाप्रति पूर्ण सहानुभूति जनाएर भनिन् । मेनका चुपचाप सुनिरहेकी थिई । उसलाई नाङ्गो शरीरमा तात्तातो तेल खन्याएजस्तो लागिरह्यो । अब पछाडिपट्टि तेल मालिस गर्ने काम सकिएको थियो । मेनका उत्तानो परेकी थिई ।

"तर हजुरले केही चिन्ता गरिस्सिनु पर्दैन दुल्हैसाब । ठूलोराजा उता साइँदुवा हुन मात्रै गएको होला । मैले उताकी मालिक्नीलाई नदेखेको हो र दुल्हैसाब D  बूढी छन् बूढी, हजुरकी त आमाजस्ती लाग्छिन् ।" उमा दिदीले मेनकाका वक्षस्थलतिर तेल मालिस गर्दै भनिन् ।

"भैगो उमादी, यस्ता कुरा नगर्नुस् ।" मेनकाले झर्केर उमादीको मुख बन्द गरिदिएकी थिई त्यस बेला ।

'थिनलाई मन परेन क्यारे, मैले बित्थामा भनेंछु । झन् खुशी होलिन् र मसँग लोग्नेको कुरा गरेर चित्त दुखाउलिन् भनेको त उल्टै रिसाएजस्तो पो गरिन् । के खालकी आइमाई रैछिन् । आ, मलाई पनि के खाँचो अर्काको कुरा, आफैं भोग्छन् ।' मेनका झर्केर चुप लागेपछि उमादीले पनि मनमनै यस्तै केही सोचेर आफ्नो चित्त बुझाएकी थिइन् त्यस बेला । त्यसपछि आफ्नो नियमित क्रमअनुसार तेल मालिसको काम सकिएको थियो । सधैंझैं खाजा खाएर पारिश्रमिक लिएपछि "दुल्हैसाब D गल्ती भए माफ बक्सेला ।" भनेर हात जोड्दै उमादी बिदा भएकी थिइन् त्यस दिन । त्यसपछि निकै दिनसम्म उमादी आएकी पनि थिइनन् । ओजस्वी पनि धेरै दिनदेखि आएकी थिइन । यसअघि मेनवि स्कूल भर्ना भएकै ताका एक दिन दिउँसो ओजस्वी आएकी थिई । मेनका त्यस बेला आफ्नो बिछ्यौनामा पल्टिरहेकी थिई ।

"उमेश D गीता D सानुराजा खोई, सुतेको छ ?" ओजस्वीको आवाज मेनाकाका कानसम्म पुगेको थियो । उमेशबाट सानुराजा स्कूल जान थालेको थाहा पाएपछि ओजस्वीले सानो मम्मीलाई खोजेकी थिई र सीधै शयनकक्षतिर प्रवेश गरेकी थिई । ओजस्वीको सम्बोधन निस्कन लागेको आवाज मेनका निदाएको देखेर बन्द भएको थियो । एकपल्ट कोठामा चारैतिर हेरेर ओजस्वी ड्रेसिङ टेबुलका ऐनाअगाडि उभिई, त्यसपछि आफूलाई राम्रोसँग हेर्दै सरक्क ढोकाबाहिर निस्केकी थिई ऊ ।

"गीता D सानो मम्मीलाई म आएकी थिएँ भन्दिनु, है D" मेनकाले ओजस्वीको आवाज सुनेकी थिई । त्यसपछि स्कुटर स्टार्ट भएको र फाटक बन्द भएको पनि अनुमान गरेकी थिई मेनकाले ।

किन हो त्यस बेला उसलाई ओजस्वीसँग बोल्नै मन लागेको थिएन । मेनकालाई नाटक गर्न आउँदैनथ्यो । आजकल ऊ ओजस्वीलाई मन पराउन छाडेकी थिई । अनि कसरी मेनकाले ओजस्वीसँग हाँसेर कुरा गर्ने D त्यसैले ऊ निदाएजस्तो गरी सुतिरही ।

यो पछिल्लो दिनको कुरो थियो । दिउँसोभरि नै मेनकालाई असाध्य छटपटी लागिरहेको थियो । उसले तरकारी बारीमा गएर सुकेका बोटहरू झिकी । उमेश पनि उसलाई सघाउन आइपुगेको थियो त्यसै बेला । दुवै जना भएर बारी सफा गर्दै थिए । सुकेका लहराहरू तानेपछि त्यो पाटो नै उज्यालो भएको थियो । मेनकाले उमेशलाई आजै बजार गएर आउँदो मौसमका तरकारीका बीउबिरुवा ल्याउन अह्राएकी थिई । उमेश पनि साइकल चढेर निस्किसकेको थियो । मेनकाले उमेशलाई त्यसै बेला गाजर पनि ल्याउने आदेश दिएकी थिई ।

उमेश बजारबाट बिउ, बीरुवा र सामान लिएर आइपुगेको थियो । उनीहरू दुवै भएर बारीमा काम गरिरहे । मेनकाले गीतालाई गाजर ठिक्क पार्ने आदेश दिएकी थिई । त्यसपछि बारीमा काम सकेर उनीहरू दुवै जना भान्सामा गएका थिए । आज फेरि मेनकाले गाजरको हलुवा पकाई । धेरै दिन भयो, विश्वामित्रलाई गाजरको हलुवा खुवाएको छैन । मेनविले पनि मन पराउन लागेको छ । मेनकाले मनमनै सोचेकी थिई ।

"ए गीता D  सानुराजाले जुश र हलुवा खायो ?" बारीका कामको सुरमा मेनकाले छोरालाई भुसुक्क बिर्सिएकी थिई ।

"खोई हँ सानुराजा ?" मेनकाले पुनः प्रश्न गरेकी थिई ।

"अघि नै खाइस्यो, मनजङ्ग दाइसँग खेल्दै होइस्सिन्छ ।" गीताले भाँडा माझ्दै भनेकी थिई । मनजङ्ग दाइसँग मेनवि अलमलिएपछि उमेशलाई सजिलो भएको थियो । अब भान्सामा गीता र उमेश दुई जना भएर काम गर्नाले उमेशलाई पढ्ने समय प्रशस्त उब्रने गरेको थियो । फेरि मेनकाले धेरैजसो काम गीताले गर्नु भन्ने बाँडफाँट गरिदिएकी थिई । "उमेश पढ्ने मान्छे, तँ भनेकी आइमाई मान्छे, तैंले जम्मै काम सिक्नुपर्छ । उमेशले

तरकारीहरू मात्रै पकाउँछ । बाँकी सबै काम तैंले गर्नू ।" मेनकाले यसरी भनेकी भए पनि उमेश दयालु भएकाले ऊ गीतालाई मात्र धेरै काम लगाउँदैनथ्यो ।

त्यसपछि त्यो साँझ पनि मेनकाले गाजरको हलुवा पकाएकी थिई । विश्वामित्रको र आफ्नो भाग छुट्ट्याएर राखेपछि उसले मनजङ्ग दाइ, गीता र उमेश सबैलाई हलुवा खान दिएकी थिई । मेनविले चाहिं गाजरको हलुवा खानै मानेको थिएन । मुखमा हालेको पनि थुकिदिएको थियो । मेनकालाई हुनसम्म झोंक चल्यो र उसले छोरालाई एक थप्पड पनि लगाएकी थिई । मेनवि रुँदै मनजङ्ग दाइनेर पुगेको थियो । "दुल्हैसाब D सानुराजा बालकै होइस्सिन्छ, यसरी..." मनजङ्ग दाइले चित्त दुखाउँदै भनेका थिए । मेनविले अलिकति अँध्यारो अनुहार मात्र लगाए पनि मनजङ्ग दाइ दुःखी भइहाल्थे । अहिले मनजङ्ग दाइ र मेनविको घनिष्ठता हजुरबा र नातिको जस्तो भएको थियो । मेनवि पनि सुत्ने बेलामा मात्र मेनकासँग जान्थ्यो नत्र धेरै समय मनजङ्ग दाइसँगै बिताउने गर्दथ्यो ।

धेरै दिनदेखि मनजङ्ग दाइका लागि खाने व्यवस्था यतै हुन्थ्यो । मेनकाले भात खान किन डेरा जानुपर्‍यो ? भनेर आफ्नैमा व्यवस्था मिलाइदिएकी थिई । मनजङ्ग दाइको छोरो चन्द्रजङ्ग पनि उसका मालिकको सरुवा भएकाले मालिकसँगै नेपालगन्ज गएको थियो । छोरो सप्रिएर एकलगन गरी खान थालेकाले यस बेला मनजङ्ग दाइ प्रसन्न थिए । उनको हाडछाला मात्र भएका शरीरमा आजभोलि अलिकति केही भरिँदै आएको थियो ।

मेनवि मनजङ्ग दाइका छातीमा टाँस्सिएर धेरैबेरसम्म सुकसुकाइरहेकै थियो । मेनकाले छोरालाई यसरी कहिल्यै पनि कुटेकी थिइन । आज के भयो मेनकालाई ? के के सम्झन पुगी ? मनभित्र त्यसैत्यसै आगलागी चल्दै थियो शायद । 'बालक छोरोलाई थप्पड किन हान्न पुगें D' मेनका पछुताइरहेकी थिई, मनमनै ।

'त्यत्ति मिहिनेत गरेर पकाएको हलुवा छोराले अस्तिको जस्तै मीठो मानेर खाइदिएको भए हुन्थ्यो । म पनि के भएकी, बालकको पनि कहीं भर हुन्छ र ? फेरि अर्को दिन मज्जाले खान बेर लाउँदैन । मैले त्यसरी कुट्नु हुन्नथ्यो ।' यस्तै सोच्तै मेनका मनजङ्ग दाइनजिक गएकी थिई र छोरालाई आफूसँग बोलाएकी थिई । मेनवि अझै सुकसुकाउँदै थियो । हत्तपत्त मेनकासँग आएर छातीमा टाँसिएको थियो । 'यस्तो मायालु छोरालाई मैले किन पिटें D' मेनकाको मन फेरि चिरिएर आयो । ऊ छोरो बोकेर शयनकक्षमा पुगेकी थिई । "आइ एम सरी बेटा D" मेनकाले बिछ्यौनामा छोरालाई राखेर दुवै हातले आफ्नो कान समातेर भनेकी थिई । मेनवि चुप लागे पनि ठुस्किरहेको थियो । मेनकाले छोरो फकाउन खोजेकी थिई ।

"अब म के गरूँ राजाबेटा ? मैले माफ पनि मागिसकें ।" मेनकाले मेनविको मुख आफूतिर फर्काउँदै भनेकी थिई ।

"उठबस गर, टेन पल्त" मेनविले अलिअलि रिसाएजसरी भनेको थियो ।

"ल है त, तिमी हाँस्नुपर्छ नि D" मेनकाले कान समातेर उठबस गर्न लागेकी थिई । मेनविले गन्न थाल्यो सेभेनपछि मेनका स्वाँ स्वाँ गर्न लागी । मेनवि हाँस्न थाल्यो । त्यसपछि आमाछोरा धेरैबेर शयनकक्षमै पुन: रमाइलोमै फर्कदै थिए त्यस बेला ।

गीताले भान्साको काम सकेपछि मेनविलाई लिन आएकी थिई । मेनका पनि उठेर गीतासँगै गई । मेनविलाई गीताले बोकेकी थिई । डाइनिङ कक्षमा मेनविलाई मेचमा राखेर गीताले मेनविका लागि खिचडी र दूध ल्याइदिएकी थिई । त्यस दिन छोरालाई मेनकाले नै खुवाई । मेनविले पनि रमाएर खाएको थियो ।

राति नौ बजेतिर मेनवि निदाएको थियो । त्यसपछि मेनका विश्वामित्रलाई पर्खन थाली । तर विश्वामित्र सधैंका समयमा आइपुगेन ।

मेनकाले विश्वामित्रको र आफ्नो भाग खाना हटकेशमा राखेर सबैलाई खाने आदेश दिएकी थिई । सबैले खाए, गीताले भाँडा माझी । मनजङ्ग दाइ पालेकोठातिर लागे । उमेश डाइनिङ टेबुलमा किताब लिएर पढ्न लाग्यो ।

मेनका विश्वामित्रलाई पर्खिरही । तर विश्वामित्र आइपुगेन । आज नजिक कतै कुकुर पनि रोएको सुनियो । मेनकालाई डर लागेर आयो । मनमा अपशकुनको कल्पना उब्जन खोज्यो । उसले हनुमान् चालीसा पाठ गर्न किताब झिक्न खोजी तर किताब थिएन । पूजाकोठामा गएर हेरी त्यहाँ पनि थिएन । उसलाई झन्झन् डर लागिरह्यो ।

झट्ट उसले उमा दिदीले भनेको कुरा सम्झी, "आधारातसम्म उता घरमा D" उसका कानमा यस्तै केके वाक्य, शब्दहरू आइरहे ।

"आज पनि उता गएको होला D" उसका मनले ठहर गऱ्यो । "पक्कै पनि D" फेरि निर्धारण गरी मनले । उसलाई भित्रभित्रै खपिनसक्नु भएर आयो । उसले आफूभित्र आगाका अनगिन्ती लप्काहरू उठेको महसुस गरी । अब यस आगाले उसलाई खरानी पार्नेछ । उसले घटघटी पानी खाई । तर शीतल भएन ।

साढे बाह्र बजे फाटक खुल्यो । मोटर आयो र उमेशले मूल ढोका खोलेको थियो । तर मेनका उठिन । ऊ ढल्किरही । आँखा पनि चिम्लिएकी थिइन । विश्वामित्र ड्रेसिङ कक्षबाट लुगा फेरेर भित्र पस्यो । "मैले साँझतिर कति फोन गरें, तिमीले किन रिसिभ नगरेको, कहीं बाहिर गएकी थियौ ?" विश्वामित्रले मेनकालाई हेर्दै भन्यो । मेनकाले केही जवाफ दिइन । विश्वामित्र बाथरूम पस्यो । "आज मेरो एउटा राम्रै व्यापारिक पार्टीसँग एग्रीमेन्ट भएको छ । उनीहरूलाई डिनर अफर गर्नुपऱ्यो । तिमीले खायौ ? मैले त उतै खानुपऱ्यो ।" विश्वामित्रले स्वाभाविक तरीकाले जानकारी दियो । मेनका फेरि पनि केही बोलेकी थिइन ।

"तिमी सुमित्रासँग आधारातसम्म किन बसेको ?" मेनकाका मुखबाट अप्रत्याशित यो वाक्य निस्केको थियो ।

"छि:.... मेनु D ऊ बिरामी भएकीले म गएको थिएँ । मैले तिमीलाई भनिसकें । जे भए पनि ऊ पनि त मेरी पत्नी हो, मैले उसलाई त्याग्न पनि मिल्दैन । फेरि तिमी नै भनन उसको के दोष छ र ? तिमी किन यस्तो कुरा गर्छौ मेनु D म तिमीलाई मात्र प्रेम गर्छु, उनीहरूसँग माया मात्र छ, त्यो कर्तव्यको माया । मलाई बुझ्ने प्रयत्न गर मेनु ।"

त्यसपछि विश्वामित्रले उदास अनुहार पारेको थियो । वास्तवमा आज ऊ थाकेको पनि थियो । कुन बेला कुन बेला भुसुक्क निदायो ऊ ।

तर मेनकाका आँखामा निद्रा थिएन । उसका शरीरमा आगो सल्केलाजस्तो भएर रन्केको थियो । ऊ ग्लानि, ईर्ष्या र नजानिदो पछुतोले गर्दा भित्रभित्र सल्किरहेकी थिई ।

"ऊ आज पनि त्यहींबाट आएको हुनुपर्छ । सुमित्रासँग पनि प्रेम गर्छ ऊ । विश्वामित्र D म तिमीलाई बाँड्न सक्तिनँ । मलाई तिम्रो सम्पूर्णांश चाहिन्छ ।" ऊ भित्रभित्रै छटपटाइरही ।

त्यसपछि कुन प्रहरमा ऊ निदाई थाहा भएन, उसलाई ।

आज बिहान विश्वामित्र सदाभन्दा ढिलो उठ्यो । उसलाई व्यायाम गर्न पनि मन लागेन । उसलाई आज किनकिन नरमाइलो लागिरह्यो । 'मेनकाले मलाई बुझ्न सकिन, म कस्तो दोधारमा फसेंछु । मलाई मेनका नभई पनि हुँदैन । तर ऊ मलाई बुझ्दैबुझ्दिन ।' नित्यकर्म सकेपछि शयनकक्षका कौचमा बसेर ऊ यिनै कुराहरू गमिरहेको थियो ।

मेनका नित्यकर्म सकेर पूजाकोठामा पुगी । हनुमान् चालीसाको किताब बेलुकीदेखि नै उसले भेटेकी थिइन । बत्ती मात्र बालेर पूजा सकी । आज मेनकालाई शयनकक्षमा जान मन लागेन । विश्वामित्रको मुख हेर्न पनि मन थिएन उसलाई । भान्सामा पुगी । उमेश नास्ता

तयार गर्दै थियो । गीता घर बढारेर पुछ्न लागेकी थिई । उसले गीतालाई पहिले लुगा धुन अह्राई । डाइनिङ कक्षमा गएर फ्रिज खोली, अन्डा थिएन । उसले उमेशलाई अन्डा लिन पठाई ।

अब भान्सामा ऊ एक्लै थिई । उसले पानी तातिरहेको ग्यासको चुलो हेरी । एकापट्टिका चुलाको अटोमेटिक पत्थर बिग्रेको थियो । त्यसैले त्यसलाई सलाईले सल्काउनुपर्दथ्यो । उसले पानी बसालेको ग्यास निभाई । बिग्रेको पहिलो चुलो खोली, अलिअलि ग्यासको गन्ध आयो । त्यसपछि उसले ढोका बन्द गरी । अब ग्यास राम्रै गन्हाउन लागिसकेको थियो । मेनकाले भान्साको झ्यालहरू पनि बन्द गरिसकेकी थिई । ग्यास निक्कै जम्मा भएर मेनकालाई सास फेर्न गाह्रो हुन लागेको थियो । उसले ग्यासका घर्राबाट सलाई झिकेर पारी ।

"दुल्हैसाब, दुल्हैसाब D D" उमेश ढोकामा आएर चिच्च्याएको थियो । भान्साघरभित्र आगाको मुस्लोमा मेनका छटपटाइरहेकी थिई ।

"ठूलोराजा D ठूलोराजा D दुल्हैसाब...D"

उमेश रुँदै कराएको थियो । विश्वामित्र अत्तालिएर त्यहाँ आइपुग्दा मेनका हुरहुरी बलिरहेकी थिई । विश्वामित्रले उमेशका कोठाबाट कम्मल ल्याएर ओढेपछि मेनकालाई भान्साका ढोकाबाहिर तानेको थियो । त्यसपछि त्यही कम्मल मेनकालाई ओढाएर आगो निभाएको थियो ।

त्यसपछि एम्बुलेन्स, अस्पताल, दमकल आदि इत्यादि । र, अन्त्यमा मेनका खरानी भएकी थिई ।

# समाप्त भएपछि

पाठकवृन्द ! उपन्यास सकिएको जानकारी गराउन चाहन्छु । म अर्थात् मेनकाको कथानक सकिए पनि यसको निरन्तरता जारी छ । सतत एउटा जीवनगाथा जारी छ । एउटा जीवन्त कथा कहिल्यै सकिंदैन । किनभने अन्तहीन प्रारम्भहरू छन् यहाँ । कथा शुरु हुन्छ । उपन्यास शुरु गर्न सकिन्छ । तर अब मैले यस कथासँग यस बेला पटक्कै सरोकार राख्न सकिनँ । मेनकाको अन्त्यसँगै उपन्यासको अन्त्य गाँसिदिएर यस कथाबाट सधैंका लागि मुक्त हुन खोज्दैछु म । मलाई थाहा छैन, एउटा कथा सकिनासाथ त्यस घटनाबाट मुक्त हुन सकिन्छ, सकिन्न ! आफ्नै कथाहरूमा जेलिएको आफ्नो कथाबाट आफैं आफूसित मुक्त हुन सकिन्छ, सकिन्न !

अन्ततः कथा सकिएर पनि कथा सकिएको छैन । पर्दा खुल्दैछ । कथा उघ्रँदैछ । तहतह संयोजित हुँदैछन्, घटनाक्रमहरू । एउटा सूत्र सकेर अर्को सूत्र प्रारम्भ हुनलाई, अन्त्यपछि प्रारम्भका पुनरावृत्तिहरू ।

कथामा मेनका माने म, म माने मेनका ।

मेनका समाप्त भएकी छ । म समाप्त भएकी छु ।

एउटा विघटनको अर्थ हुन पुगेकी पात्रस्वरूप विराम म ।

युगान्तरहरूमा, कति मेनकाहरू यसरी नै समाप्त भए । म समाप्त भयौं । अर्थात् कथामा 'म' माने मेनका र 'मेनका' माने म

हुनुको मेरो आत्महत्या देखिएको छ । तर त्यसो भए पनि त्यो हत्या मात्र हो, आत्महत्याका जलपमा फगत हत्या ।

विश्वामित्रको द्वैतचरित्र, मेनकाको निश्छल प्रारम्भ दुवै नियति भए पनि मेनकालाई सुमित्राको पर्याय बनाउन खोज्यो विश्वामित्रले । पत्नी बुझ्न नसक्ने विश्वामित्रलाई प्रेमिका अँगाल्ने अधिकार कदापि थिएन । प्रेम चिन्न नसक्ने विश्वामित्रले मेनकालाई झुक्यायो । युगयुगमा यसरी नै कति मेनकाहरू विश्वामित्रको छलका घेरामा परेका होलान् । युगैपिच्छे मेनकाहरू पलायन भएका होलान् ।

मेनकाले मर्नैपर्थ्यो र ऊ मरी पनि । हुन त मेनकाको षड्यन्त्रपूर्वक हत्या पनि मेनकाको विजय हो । विश्वामित्र जीउँदै छ । तर बाँचेर पनि विश्वामित्र एउटा लाश मात्रको जीवन भोगिरहेको छ । यहाँनेर कसैले मलाई सोध्न सक्नेछन् अथवा मेनकाले जवाफ दिनुपर्ने केही प्रश्नहरू पनि खडा हुन सक्नेछन् । कुनै औजारको अर्थात् दृश्यमान तरबारको प्रयोग नै नगरी मेनकाको हत्या कसरी गरियो ? कसैमाथि पनि झूटो आरोप लगाउन पाइन्न, भन्न सक्नेछन् । तर प्रश्नकर्ता तपाईं एकैछिनका लागि मेनका बन्नुपर्छ र मेनकामाथि प्रयोग गरिएका अदृश्य तरबारका धारहरूले पारेका चोटहरू र रगतका आहालमा डुबेको उसको पीडालाई सहिदिनुपर्छ । त्यस बेला मात्र तपाईं पनि मेनकाको हत्या भोग्न सक्नुहुनेछ । जिब्रामा पारिएको पोटासियम साइनाइडभन्दा मनमा रोपिएको पोटासियम साइनाइड बढी भयानक हुने गर्छ । मेनकाको मन विषाक्त तुल्याइएको थियो । शायद अब तपाईंले पनि मेनकाको हत्या महसुस गर्नुभयो कि ? आँखाले देख्न नसक्ने गरी, शरीरले अनुभूति नै नगर्ने गरी अथवा हत्या गरिएको व्यक्ति वा स्वयं हत्याराले नै पनि चाल नपाउने गरी कसैको हत्या हुन सक्तो रहेछ । मेरो हत्या ठीक त्यसै गरी भएको हो ।

प्रेमको मूल्य बुझ्न सकेन विश्वामित्रले । मेनका भन्नु विश्वामित्रको सुमित्रासँग भड्किएका प्यासको तृप्ति मात्रै हो र ?

जुन बेला मेनका भित्रिई, भित्रिँदै थिई विश्वामित्रका जीवनमा, मेनकालाई प्रेमका एकाधिकारको प्रलोभन देखाइएको थियो । विश्वामित्र मेनकाका अगाडि अविभाजित भएर सर्लक्क उभिएको थियो । मेनकाले खण्डित विश्वामित्रको कल्पना गरेकी थिइन । मेनकाले उसको विश्वामित्रलाई बाँड्न सकिन, कहिल्यै पनि । किनभने विश्वामित्रबाट प्रँप्त विश्वास उसको मन, प्राण र मस्तिष्क जताततै सञ्चारित भएको थियो । त्यसैले विश्वामित्रका समग्रतामा रमाएकी मेनका विश्वामित्रको सूक्ष्मतम विभाजनमा पनि गलित भई ।

त्यसपछि पूर्वजीवनप्रति अलिकति मात्र निष्ठावान् हुन खोजेको विश्वामित्रलाई पनि मेनकाले स्वीकार गर्न सकिन । आफ्नो नितान्त निजी विश्वामित्र दिनप्रतिदिन पराईमा तादात्म्य भएर गएको पनि टुलुटुलु हेर्न सकिन मेनकाले । त्यसै गरी विद्रोह गर्नु पनि नैतिकता थिएन, मेनकाको । किनभने विश्वामित्र सुमित्रासँग पनि इमानदार हुन खोज्दै थियो त्यस बेला । तर यहींनेर मेनकालाई चाहिं विश्वामित्रको इमानदारी पनि असाध्यै असह्य भएको थियो । यो वेदना मेनकाले विश्वामित्रसँग पनि बाँड्न सक्तिनथी अर्थात् त्यस बेला म नितान्त एक्ली भएकी थिएँ । मेरो निजी विश्वामित्र पनि पराई हुन पुगेको थियो । अब मेनकाले प्रत्येक पल आफू फाल्तू वस्तुमा परिणत हुँदै गएका मानसिकतामा डुब्नुपरेको थियो । यही अनुभूतिले मलाई गर्ल्यामगुर्लुम्म ढाल्यो । विश्वामित्रको निष्ठा र इमानदारीरूपी हथौडाले मेरो आस्थाको भव्य महल चकनाचूर भएको थियो । त्यसपछि र त्यहींदेखि मेनकाले क्रमिक विषपान गरेर मृत्युको स्वागत गर्नुपरेको थियो । अर्थात् मेनकालाई विषपानका लागि बाध्य तुल्याइयो ।

जब आफ्नो विश्वामित्र पुन: सुमित्रासम्म पुगेर सुमित्राबाटै शुरु हुन खोजेको दृष्टान्त मेरा अघि देखापर्‍यो, त्यस बेला मलाई मेरो अजेय विश्वामित्र सुमित्राबाट पराजित महसुस भयो । मेरो शीर्षपुरुष विश्वामित्र सुमित्राका कदममा निहुरिएको थियो । मैले एउटा कायर

पुरुषलाई विश्वामित्रका रूपमा वरण गरेकी थिइनँ । अब विश्वामित्रलाई स्वीकार गर्नु भनेको विश्वामित्रका ललाटमा टाँसिएका सुमित्राका एक जोडी पैताला पनि स्वीकार्नुपर्थ्यो मेनकाले । अन्तत: मेनकाले विश्वामित्रलाई अस्वीकार गरी । बरु आफ्नो हत्यालाई रोजी अप्रत्याशित उसले । अर्थात् मेरो हत्या भयो ।

कति आश्चर्यको कुरा हो यो ! यस्ता घटनाहरू कति सजिलै घट्छन्, घटाइन्छन् । यहाँ थरीथरी विश्वामित्रहरूको आगमन भइ नै रहन्छ । मेनकाहरूका आस्थाका महलहरू चकनाचूर पार्न सधैं विश्वामित्रहरू सफल हुँदै आएका छन् । हरेक युगमा यसरी नै मेनकाहरू अदृश्य यन्त्रणाका ज्वालामा दन्केका छन् । कुनै पनि युगमा विश्वामित्रले मलाई छल गर्न बाँकी राखेको छैन । तर यसपटक चाहिं अनौठो भएको छ । विश्वामित्र मसँग पराजित भएको छ । समग्रमा दयाको पात्र भएर शिर ठडचाउँदै हिंडेको विश्वामित्र मेरो अघिचाहिं निहुरिएको छ । उसका आँखाबाट पश्चात्तापका आँसु बगिरहेका छन् । ऊ एकनास दौडिरहेको छ मलाई भेट्न; मेनकालाई अँगालो मार्ने निरर्थक प्रयत्न गरिरहेको छ, विश्वामित्र ।

म हत्यारालाई एकदमै नजिकबाट चिन्दछु, हुन त आत्महत्या ठहर भइसकेको मेनकाका हत्याको हत्यारालाई मेरो बयानले पनि कुनै सजाय हुने छैन । तर मैले बयान दिन पनि मिल्दैन । मैले जानेचिनेको मेरै हत्याराको नाम म आफैं तोक्न सक्तिनँ । किनभने यस बेला पनि म उससँग प्रेम गर्छु । मात्रै उससँग, अथाह प्रेम गर्छु । मेनकाको हत्यारा त्यही प्रेम हो । यस बेला ऊ अर्थात् प्रेम मेरो अघि आइपुगेको छ । ऊ मेरा अनुहारमा ताकेर मुस्कुराइरहेको छ र म उसका अनुहारभरि हत्याका छिटाहरू देखिरहेको छु । तैपनि म उसैसँग प्रेम गरिरहेकी छु ।